सर्वाधिक बिक्री हुने
# साप्ताहिक
सबैको लागि सम्पूर्ण पत्रिका
कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

● वर्ष १६ ● अंक १० ● काठमाडौं, शुक्रबार, साउन ७, २०६७ ● SAPTAHIK ● Nepali National Weekly ● Friday, July 23, 2010 ● पृष्ठ २४ + ८ = ३२ ● मूल्य रु. १२/-







# करिश्माको छातीमा गुलाब

तस्वीर : राजीव श्रेष्ठ

उमेरले चार दशक पुगेपछि 'सदासर्वदा सुन्दरी' करिश्मा मानन्धरको छातीको देब्रे भागमा फूल फुलेको छ, त्यो पनि गुलाबको । अहिले आएर यी नायिकालाई के झोक चलेछ कुन्नि ? उनले आफ्नो दायाँ वक्षस्थलको उभारमा गुलाबको फुलको ट्याटु खोपाएकी छिन् । सुट लगाएका पुरुषले कोटमा फूल सिउरेर दंग परेझैं करिश्मा पनि अचेल उनलाई आमन्त्रण गरिएका सार्वजनिक कार्यक्रमहरूमा उभारको फूल देखिने पहिरन लगाउँछिन् । गत साता मात्र राजधानीमा आयोजित भिन्दाभिन्दै दुई कार्यक्रममा करिश्माको ओपन ड्रेस तथा उनको उभारको गुलाबको फूलको चर्चा भयो ।

करिश्माको मुहारको सुन्दरतालाई नियाल्ने कि ट्याटुमा नजर लगाउने ? हेर्नेहरू दोधारमा देखिए । 'लभस्टोरी-२०६६'को एल्बम विमोचन तथा चलचित्र 'फर्केर हेर्दा'को प्रिमियरमा करिश्माले उपस्थित पुरुषको मात्र होइनन्, महिलाहरूको ध्यान पनि आफूतिर तानेकी थिइन् । सुन्दरताकी उदाहरण मानिएकी यी नायिकाका अघिल्तिर अन्य नायिकाको रंग फिक्का देखियो । त्यसको मूल कारण त्यही गुलाबको टाटु त होइन ? करिश्माको उक्त गुलाब मुटु भएतिर छातीको देब्रे भागमा खोपिएको छ । स्मरण रहोस्, गुलाब प्रेमको प्रतीक हो । यति भनेपछि सबैको मनमा जिज्ञासा उठ्नु स्वाभाविक हो, करिश्माको मुटुको यो गुलाबले के संकेत गरिरहेछ ?

## 'नारी' को नयाँ अंक बजारमा






## ● क्यासेट ●

### तिम्रो कसमको कसम




संगीतकार कल्पना अधिकारीका आधुनिक गीतहरूको संग्रह 'तिम्रो कसमको कसम' बजारमा आएको छ। डा. इशान गौतम, डा.प्रकाश राउत, अर्चना मानन्धर, प्रियदर्शन मानन्धर, सञ्जीव कोइराला तथा अञ्जु श्रेष्ठले संग्रहका गीतमा स्वर दिएका छन्। गीतका रचनाकार किशोर खतिवडा, सुरेन्द्र श्रेष्ठ, बुलु मुकारुङ तथा रुपा न्यौपाने हुन्।

### मेरो प्राण




अञ्जान रेग्मीका आधुनिक गीतहरूको संग्रह 'मेरो प्राण' श्रोतामाझ आएको छ। टाइम्स म्युजिकले बजारमा ल्याएको यो संग्रहमा अञ्जान रेग्मी, विजय गुरुङ, नरजंग गुरुङ, लक्ष्मण राई तथा मल्लिका कार्कीको स्वर सुन्न सकिन्छ। संग्रहका गीतलाई हरिहर खनियाँ, नवराज बराल तथा जयकुमार परियारले संगीतबद्ध गरेका छन्।

### श्रेय



गायक अनुप कुमार रेग्मीका आधुनिक तथा पप गीतहरुको नयाँ संग्रह 'श्रेय' श्रोतामाझ आएको छ। गुञ्जन इन्टरटेन्मेन्टले बजारमा ल्याएको यो संग्रहमा आलोकश्री, सुरेश अधिकारी, न्ह्यू बज्राचार्य तथा राजु सिंहद्वारा संगीतबद्ध गीत समावेश छन्।

## ● ग्यालरी ●

### आठ लाखमा बिके चित्रकला

बबरमहलस्थित नेपाल आर्ट काउन्सिलमा गत सोमबारसम्म सञ्चालित चित्रकला प्रदर्शनीमा झन्डै आठ लाख रुपैयाँ बराबरका चित्र बिक्री भएका छन्। लैनसिंह बाङ्गदेल पुरस्कार कोषलाई सघाउने उद्देश्यले आयोजित दशदिने चित्रकला प्रदर्शनी 'कलापुञ्ज' का आयोजक आधुनिक कला समाजका अध्यक्ष तथा प्राज्ञ कर्ण मास्केका अनुसार विदेशमा रहेकाहरूले समेत अनलाइनमार्फत चित्रकला खरिद गर्न इच्छुक भएकाले प्रदर्शनीपछि पनि चित्रहरूको बिक्री हुने सम्भावना छ। चित्र बिक्री भएकोमा रमाराज मास्केका तीन, नरेश सैंजूको एउटा, शंकरराजसिंह सुवालका चारवटा छन्। तीमध्ये सुवालको 'महाभारत' शीर्षकको चित्र सबैभन्दा महँगो २ लाख ५५ हजारको थियो। तैल रंगको उक्त चित्रले हिंसाजन्य राजनीतिको इतिहास खोतल्न खोजेको अनुभूति हुन्छ। त्यसैगरी बिक्री भएका अन्य चित्रमा सुवालकै 'जनसंस्कृति' २ लाख रुपैयाँ, 'रामायण' १ लाख ५५ हजार छन्। यी सबै गरी ७ लाख ७५ हजार रुपैयाँका चित्र बिक्री भएको बताइएको छ। सामान्यतया : प्रदर्शनीमा प्रदर्शित चित्र खरिद गर्नेहरूले प्रदर्शनी नसकुञ्जेल कुर्नुपर्ने भए पनि आधाजति चित्र प्रदर्शनी सकिनुअघि नै लगिसकेका थिए। अब यही प्रदर्शनीको दोस्रो शृंखला भने धरान र पोखरामा पनि हुनेछ। प्रदर्शनीमा लैनसिंह वाङ्गदेलदेखि चिनीकाजी ताम्राकार, गोविन्द डंगोल, हरिबहादुर खड्का, हेम पौडेल, हरिलाल डंगोल, जीवन राजोपाध्याय, कान्ति न्यौपाने, कर्ण मास्के, रमाराज मास्के, शंकरनाथ रिमाल, शान्तकुमार, श्यामलाल श्रेष्ठ तथा टार्जन साम्पाङका सिर्जनाहरू समावेश थिए।

### ट्राफिक जनचेतना

यसै साता मंगलबारसम्म रत्नपार्कको शान्ति बाटिकामा उपत्यका ट्राफिक प्रहरीले जनचेतना जगाउने उद्देश्यले दुई दिने फोटो प्रदर्शनी सम्पन्न गर्‍यो। प्रदर्शनीमा लापरबाहीले हुने दुर्घटना, ट्राफिक प्रहरीका गतिविधि, नियम मिचेका तस्बिरहरू राखिएका थिए। प्रदर्शनीले सडक अनुशासन तथा सुरक्षित जीवनका लागि सहयोग गर्ने महानगरीय ट्राफिक प्रहरी प्रभागका निरीक्षक सीताराम हाछेथुले बताए। प्रदर्शित तस्बिरमध्ये एउटै मोटरसाइकलमा तीन जना वृद्धले यात्रा गरेको तस्बिर सबैभन्दा रोचक मानियो। प्रदर्शनीमा कान्तिपुर, नागरिक तथा अन्नपूर्ण दैनिकका फोटो विभाग, प्रहरी निरीक्षक सीताराम हाक्षेथु र अन्य फोटो पत्रकारले खिचेका तस्बिरहरू राखिएका थिए। प्रदर्शनीमामा राजधानीको ट्राफिक समस्यालाई पनि उतारिएको छ। काठमाडौं मल अगाडिको फुटपाथले सडक मिचेपछि भएको सवारी जाम, सडक डिभाइडरमा राखिएको डोरी नाघेर यात्रा गर्दै गरेका पैदल यात्रु, प्लस टुमा अध्ययनरत विद्यार्थीले गरेको ट्राफिक नियम उल्लंघन, सडकमा गाईवस्तु छाडा छाड्दाको अव्यवस्थित ट्राफिक समस्या, रातो बत्ती बल्दाबल्दैमा सडक पार गरेको दृश्य आदि समेटिएका थिए।

### सल्यानमा फोटो प्रदर्शनी

सल्यान जिल्लाको पर्यटकीय विकासमा टेवा पुर्‍याउने हेतुले विकास, पर्यावरण तथा सुशासन पत्रकार समूहले बिहीबारदेखि दुईदिने फोटो प्रदर्शनी सम्पन्न गर्‍यो। गत साताको बिहीबार र शुक्रबार सदरमुकाम खलंगामा आयोजित फोटो प्रदर्शनीमा जिल्लाका प्राकृतिक, सांस्कृतिक, धार्मिक तथा जनजीवन झल्काउने आठ दर्जन तस्बिर राखिएका थिए।

## ● रंगमञ्च ●




### सांकेतिक नाटक

गत शनिबार काठमाडौंको जमलस्थित सांस्कृतिक संस्थान अर्थात् राष्ट्रिय नाचघरमा साइन थियटरको प्रस्तुतिमा सांकेतिक भाषा प्रयोग गर्ने बहिराहरूको नाटक मञ्चन गरियो। नेपाली तथा बेलायती बहिरा कलाकारहरूले काम गरेको उक्त नाटक बहिरा केटी रियाको कथामा आधारित छ। उनले गाउमा घाँस दाउरा गरी अध्ययनलाई अघि बढाइरहेकी हुन्छिन्। एक दिन मामाले उनलाई सांकेतिक भाषा सिक्ने सल्लाह दिन्छन् र सहर लिएर जान्छन्। पढाइमा राम्रो गर्दै गएकाले उनी उच्च शिक्षा हासिल गर्न विदेश जान्छिन। उनको विवाह पनि त्यही हुन्छ। पछि देशप्रति सेवाको भावले उनी नेपाल फर्किएपछि नाटक सकिन्छ। प्राज्ञ तथा नाटचकर्मी कृष्ण शाह यात्रीको लेखन उव निर्देशनमा मञ्चन भएको उक्त नाटकमा नौ जना बेलायती तथा नौ जना नेपाली बहिरा कलाकारले अभिनय गरेका थिए। धेरै देशमा स्वयं सेवकका रूपमा काम गर्दै आएका ती बेलायती कलाकारहरू नेपालमा पहिलोपल्ट नाटक मञ्चनमा सहभागी भएका थिए।

### बाघ र हामी

महाकवि लक्ष्मीप्रसाद देवकाटाको नारीवादी गद्य कविता 'बाघले बच्चा किन खान्छ ?' तथा भूपी शेरचनको कविता 'हामी' नाटकका रूपमा रङ्गमञ्चमा प्रस्तुत भएको छ। जसको परिकल्पना तथा निर्देशन कृष्ण शाह यात्रीले गरेका हुन्। देवकोटाको कवितामा विवेक चौधरी तथा भूपीको कवितामा अदिती शर्माले अभिनय गरेका थिए। देवकोटाले छ दशकअघि सिर्जना गरेको 'बाघले बच्चा किन खान्छ ?' अहिले पनि समसामयिक देखिन्छ। पुरुषवादी समाजमा नारीलाई हेर्ने दृष्टिकोण अझै फेरिन सकेको छैन। यसैगरी भूपी शेरचनको 'हामी' मा 'हामी वीर छौँ तर बुद्धू छौँ, हामी बुद्धू छौँ र त हामी वीर छौ। हामी बुद्धू नभइकन वीर कहिल्यै हुन सकेनौँ ' जस्ता कवितांशमा व्यङ्ग्य झल्किन्छ। 'हामी' कविताको नाट्य प्रस्तुति वर्तमान राजनीतिक अवस्थालाई समेत झल्काउने किसिमको थियो।

## ● लाइभ ●

### आइक्लबमा फेसन शो

दरबारमार्गस्थित आइक्लबमा आज शुक्रबार साँझ एउटा फेसन शो तथा डान्सपार्टी हुँदैछ। 'फेसन नाइट विद म्युजिक परफरमेन्स एन्ड डान्सपार्टी' शीर्षकको यो मनोरञ्जक कार्यक्रम साँझ ६ बजेदेखि प्रारम्भ हुनेछ। फेसन शोभन्दा अघि सञ्चालन हुने सांगीतिक कार्यक्रममा सुमन श्रेष्ठ, मिङ्मा शेर्पा तथा प्रशंसा श्रेष्ठले आफ्ना कर्णप्रिय गीत प्रस्तुत गर्नेछन्। फेसन सो पछिको डान्सपार्टीलाई भने डिजे साज, डिजे नक्स, डिजे रुपेस तथा डिजे बिम्यानले तताउनेछन्।

## ● पुस्तक ●

### आमा, म र पाल्पा

कमलराज रेग्मीका २५ वटा आत्मसंस्मरणात्मक लेखको संग्रह 'आमा, म र पाल्पा' लाई वाङ्मय प्रज्ञा-प्रतिष्ठान, पाल्पाले प्रकाशित गरेको हो। यो पुस्तकमा लेखकले झन्डै ७ दशकअघिको नेपालको पहाडी समाजलाई आफ्नी आमालाई स्मरण गर्दैमार्फत् पाठकहरूसमक्ष पुर्‍याउने जमर्को गरेका छन्। यो कृतिको मूल्य २ सय ५० रुपैयाँ छ।

### कम्युनिस्ट


कथाकार आन्विका गिरीका १८ वटा कथा समेटिएको कम्युनिस्ट कथा-संग्रहलाई साङ्ग्रिला पब्लिकेसन्सले प्रकाशित गरेको हो। यो संग्रहमा कथाकारले नेपाली समाजको विसंगति र विभेदलाई समसामयिक घटनाक्रममार्फत् प्रस्तुत गरेकी छिन्। २ सय २८ पृष्ठको यो कृतिको मूल्य १ सय ४० रुपैयाँ छ।

### स्पन्दनका आभासहरू

गीतकार प्रतिमा श्रेष्ठले आफ्नो पछिल्लो कृति स्पन्दनका आभासहरू सार्वजनिक गरेकी छिन्। शान्तिराम राईद्वारा प्रकाशित यो संग्रहमा ९३ वटा गीत संग्रहित छन्। गीतलाई शब्दमा पढ्न चाहने पाठकहरूका लागि यो संग्रह एउटा राम्रो उपहार हुन सक्छ। यो कृतिको मूल्य व्यक्तिगत २ सय ५१ रुपैयाँ तथा संस्थागत ५ सय रुपैयाँ छ।

### प्राविधिक पुस्तिका

खेलकुदका विविध प्राविधिक पक्षलाई समेटिएको प्राविधिक पुस्तिका सार्वजनिक भएको छ। खेलकुदमा लामो समय बिताएका सञ्जय महर्जनद्वारा अनुभवका आधारमा लेखिएको यो पुस्तकमा विभिन्न प्रशिक्षण प्रविधि र प्राथमिक उपचारसमेतको विश्लेषण गरिएको छ। यो पुस्तक नेपालका खेलकुद प्रशिक्षकहरूका लागि एउटा राम्रो सहयोगी हुन सक्ने विश्वास गरिएको छ।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### यो साताको पञ्चाङ्ग

साउन ७ गते : त्रयोदशी, ९ गते : व्यास जयन्ती, गुरुपूर्णिमा, १० गते : दक्षिण मूर्तिपूजा ।

### मेष

महत्त्वपूर्ण कामहरू बन्नेछन्। पराक्रमको गति तीव्र हुनेछ भने अरूको मन जित्न सकिनेछ। अध्ययनमा सफलता मिल्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। अरूको विश्वास गरिहाल्नु उचित हुँदैन। प्रतिस्पर्धामा तपाईंकै जित हुनेछ। वैदेशिक कार्यमा पनि सफलता प्राप्त होला।

### मिथुन

पराक्रमको गति तीव्र हुनेछ भने अध्ययनमा सफलता मिल्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। सबैले तपाईंको लगनशीलता एवं इमान्दारिताको प्रशंसा गर्नेछन्। सोमबार र मंगलबार स्वास्थ्य गडबड हुनुका साथै काममा अवरोध आउने देखिन्छ। अरूबाट हुने आलोचनाले चिन्ता बढाउनेछ।

### सिंह

पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुनेछन्। धन आर्जन गर्ने अवसर जुट्नेछ। सोमबार र मंगलबार समय प्रतिकूल रहने हुँदा शत्रु एवं रोगले सताउनेछन्। गलत विचार पनि बढ्नेछ। लेनदेनमा विवादको सामना गर्नुपर्ला। शरीरमा चोटपटक लाग्ने सम्भावना छ। अरूको काम मै समय बित्न सक्छ।

### तुला

अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। खर्च बढे पनि लगानी उचित कार्यमा लाग्नेछ। व्यवसायमा उतारचढावको सामना गर्नुपरे पनि सफलता नै हात लाग्नेछ। कर्म बलियो छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। महत्त्वपूर्ण जिम्मेवारी आइपर्ने छ भने पाएको जिम्मेवारी सजिलै पूरा गर्न सकिनेछ।

### धनु

बोलीको प्रभाव बढ्नेछ भने पराक्रमको गति तीव्र हुनेछ। अधुरा काम पूरा हुनेछन्। नयाँ काम पाइने योग पनि छ। अध्ययनमा सफलता एवं व्यवसायमा लाभ हात पर्नेछ। भेटघाटमा मन रमाउनेछ। मानसम्मान प्राप्त हुनेछ भने कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। महत्त्वपूर्ण कार्य आरम्भका लागि साता अनुकूल छ।

### कुम्भ

अध्ययनमा सफलता मिल्नेछ भने व्यवसायमा उन्नति हुनेछ। सोमबार र मंगलबार समय प्रतिकूल रहनेछ। खर्चको गति तीव्र हुनुका साथै कुरा काट्नेहरू सक्रिय हुनेछन्। स्वास्थ्य गडबड हुनसक्छ। घरेलु समस्याले सताउनेछ भने मित्रहरूले पनि धोका दिनेछन्। सफलताका लागि आफैंले प्रयत्न गर्नुपर्नेछ।

### वृष

दैनिक कामकाजमा समस्या आउनेछ भने स्वास्थ्य गडबड हुनसक्छ। लेनदेनमा विवादको सामना गर्नुपर्नेछ। कुरा काट्नेहरू सक्रिय हुने भए पनि सोमबारदेखि भाग्यले साथ दिन थाल्नेछ। सोच्ने शक्ति एवं पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने योग छ। अध्ययनमा सफलता हात लाग्नेछ भने धन आर्जन गर्ने अवसर पनि जुट्नेछ।

### कर्कट

शत्रु एवं रोगले सताउनेछन् भने काममा अरूले नै अधिकार जमाउने सम्भावना छ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। सोमबार र मंगलबार काममा सुधार आउनेछ। बोलीको प्रभाव एवं पराक्रम बढ्नुका साथै अधुराकाम बन्ने तथा नयाँ काम पाइने योग छ। साताको अन्त्यतिर धन आर्जन हुने देखिन्छ।

### कन्या

कुरा काट्नेहरू सक्रिय रहे पनि अध्ययनमा सोचेजस्तै सफलता मिल्नेछ। पराक्रमको गति तीव्र हुनेछ भने व्यवसायमा गरेका प्रयासहरू फलदायी रहनेछन्। यात्रा तथा धन आर्जनको अवसर जुट्नेछ। साताको अन्त्यतिर विवादको सामना गर्नुपर्ला। झूटा आरोप लगाउने प्रयास हुने हुँदा सजग रहनुहोला।

### वृश्चिक

पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुनेछन्। अरूसित गरिने अन्तर्क्रियाले उत्साह बढ्नेछ। अध्ययनमा प्राप्त हुने सफलता कायमै रहनेछ। व्यवसायमा गरेका प्रयास लाभदायक रहनेछन्। कर्म बलियो भएकाले धन आर्जन गर्ने अवसर जुट्नेछ। वैदेशिक कार्यमा सफलता मिल्नेछ। भेटघाटमा मन रमाउनेछ।

### मकर

बिनाकारणको विवादले संकट सिर्जना गर्नेछ भने झूटा आरोप पनि लाग्न सक्छ। आइतबारदेखि मानसम्मान मिल्ने तथा काममा सुधार आउने देखिन्छ। सानै प्रयासले पनि ठूलो काममा सफलता मिल्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। भाग्यको भरोसा नगरी कर्ममा जोड दिनु फलदायी देखिन्छ।

### मीन

धन आर्जन गर्ने अवसर जुट्नुका साथै बोलीको प्रभाव बढ्नेछ। अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। अध्ययनमा सोचेजस्तै सफलता मिल्नेछ। व्यवसायमा सुधार आउनेछ भने यात्रा गर्ने अवसर जुट्नेछ। आफन्तहरूबाट आलोचना हुनसक्छ। काम गर्दा गोपनीयता अपनाउनु होला।



# सर्वोत्कृष्टहरूको रोजाइ
# गिनिज इन्टरनेसनल



**प्रत्येक विद्यार्थीको क्षमता एवं प्रतिभा आकलन गरी उसलाई सही परामर्श दिँदै सबल नागरिक बनाउने लक्ष्य गिनिज इन्टरनेसनलको छ । त्यसैले प्राज्ञिक समूह तथा कलेजका सञ्चालकहरू स्वयं नै कक्षा कोठा शिक्षणमा जुटेर विद्यार्थीको शैक्षिक यात्रालाई अवलोकन गर्छन् ।**

राजधानीका थोरै उत्कृष्ट शैक्षिक संस्थाभित्र आफ्नो पहिचान कायम गर्ने लक्ष्यका साथ अघि बढेको गिनिज इन्टरनेसनल एजुकेसन फाउन्डेसनले प्लस टु शिक्षा सञ्चालनको पहिलो वर्षमै एसएलसी उत्तीर्ण विद्यार्थीको अत्याधिक माया पाएको छ ।

सुगम स्थल गौशालामा अवस्थित यो कलेजको उच्च भौतिक संरचना तथा उत्कृष्ट शैक्षिक व्यवस्थापन समूहको परामर्श नै विद्यार्थीहरूको रोजाइको आधार बनेको छ ।

'गिनिज इन्टरनेसनल शैक्षिक क्षेत्रमा उदाएको चम्किलो तारा हो', इस्ट प्वाइन्ट एकेडेमीबाट एसएलसी उत्तीर्ण दीपक श्रेष्ठ भन्छन्, 'हामी जस्ता विद्यार्थीका लागि यो कलेजले ठूलो लगानी र योगदान गरेको पाएको छु ।' त्यस्तै तरुण मावि काठमाडौंबाट उत्तीर्ण मनोज खनाल भन्छन्, 'गिनिजको उद्देश्य र मेरो लक्ष्य मिलेपछि नै म गिनिज इन्टरनेसनलमा भर्ना भएको हुँ ।' विद्यार्थी मनोज कुमार शाहका अनुसार उल्लेख गरिएको सुविधा र वातावरण सोचेभन्दा राम्रो भएकाले गिनिज विद्यार्थीको पहिलो रोजाइमा पर्न सफल भएको हो ।

'हामीलाई भविष्यको चिन्ता छ' सेन्ट्रल पब्लिक स्कुल काठमाडौंकी सविना तिमिल्सिना भन्छिन्, 'गिनिजले हामीलाई सफल बनाउनेछ ।' त्यस्तै आदर्श सेकेन्डरी बोर्डिङ स्कुल सप्तरीकी सरला अधिकारी भन्छिन्, 'देशभरका उत्कृष्ट विद्यार्थीहरूको जमघटले मलाई यो कलेजप्रति विश्वास जागेको हो । सरलाले भने जस्तै मुलुकका प्रायः सबै जिल्लाका विद्यार्थीहरू गिनिज इन्टरनेसनलमा भर्ना भएका छन् । जनकपुरका श्याम यादव, दोलखाका देवचन्द्र खड्का, तनहुँका शिव पौडेल, नुवाकोटका राजन श्रेष्ठ, विना श्रेष्ठ, काभ्रेका नारायणप्रसाद न्यौपाने, पर्वतका हेमराज पौडेल, कालीकोटका मिलन शाही, सिन्धुपाल्चोकका राजन प्याकुरेल, नवलपरासीका सन्तोष ज्ञवाली, रूपन्देहीका विजय ज्ञवाली, दैलेखका टेकराज सापकोटालगायत सयौं विद्यार्थी यसको उदाहरण हुन् ।

हालसम्म १ सयभन्दा बढी जिल्ला तथा स्कुलका सर्वोत्कृष्ट विद्यार्थीहरू भर्ना भैसकेको यो कलेजमा दुर्गम जिल्लाहरू जुम्ला, ताप्लेजुङ, रोल्पा, रुकुम, कालिकोट, पाँचथर, तेह्रथुम, भोजपुर, सोलुखुम्बु, ओखलढुङ्गा तथा रामेछापका विद्यार्थीहरू पनि उच्च शिक्षाका लागि भर्ना भएका छन् । जुम्लाको एक सरकारी विद्यालयबाट एसएलसीमा ८७ प्रतिशत ल्याएर जिल्ला सर्वोत्कृष्ट भएका विद्यार्थीलाई यो कलेजले उच्च शिक्षाको अवसर प्रदान गरेको छ ।



मेधावी विद्यार्थीहरूको उच्च शिक्षा यात्राका निम्ति आर्थिक कारण बाधक नबनोस् भनेर कलेजले विशेष छात्रवृत्ति कार्यक्रमहरू ल्याएको छ । त्यतिमात्र होइन्, प्रत्येक विद्यार्थीको क्षमता एवं प्रतिभा आकलन गरी उसलाई सही परामर्श दिँदै सबल नागरिक बनाउने लक्ष्य गिनिज इन्टरनेसनलको छ । त्यसैले प्राज्ञिक समूह तथा कलेजका सञ्चालकहरू स्वयं नै कक्षा कोठा शिक्षणमा जुटेर विद्यार्थीको शैक्षिक यात्रालाई अवलोकन गर्छन् । कलेजले विद्यार्थीहरूलाई आवश्यक विषय अनुसारको उत्कृष्ट प्रयोगशाला, उच्च गुणस्तरीय प्रविधियुक्त कम्प्युटर ल्याब तथा पुस्तकालयको व्यवस्था गरेको छ ।

नियमित अध्ययनको क्रममा विद्यार्थीलाई शैक्षिक रूपमा सक्षम बनाउन मासिक रूपमा आन्तरिक परीक्षा सञ्चालन गर्नुका अतिरिक्त उनीहरूको प्रतिभा परीक्षणको सुविधा पनि मिलाइएको छ । यातायात तथा छात्रावासको व्यवस्थासमेत गरेको यो कलेजले विद्यार्थीको बहुआयामिक व्यक्तित्व निर्माणका लागि अतिरिक्त कक्षाहरूको पनि व्यवस्था गरेको छ । गिनिज इन्टरनेसनलले शिक्षक समूहको विषयगत दक्षता, विद्यार्थीको व्यक्तिगत हेरचार जस्ता कुरालाई पहिलो प्राथमिकतामा राखेको छ ।

गिनिज इन्टरनेसनलले पहिलोपटक कलेज लेभलमा स्काउट कक्षा संचालन गर्दैछ । विद्यालय तहमा मात्र हुने स्काउट कक्षा पहिलो पटक गिनिज इन्टरनेसनलले प्रारम्भ गर्न लागेको हो । स्काउटमा रोबर रेन्जर कोर्स सञ्चालन हुनेछ । कलेजले विभिन्न क्याटोगरी निर्धारण गरेअनुसार स्काउट कक्षा, सोसल क्लब तथा स्पोर्टस् क्लब निर्माण गरेको छ । सोसल क्लब अन्तर्गत हेल्थ क्याम्प, आई क्याम्प र भोलन्टियर सर्भिस संचालित हुनेछन् । त्यस्तै गिनिज कलेजले गिनिज बुक विश्व रेकर्डका निम्ति चाहना राख्ने विद्यार्थीलाई लक्ष्य हासिल गर्न पर्याप्त सहयोग गर्नेछ ।

विश्व बजारमा सहजै बिक्न सक्ने दक्ष जनशक्ति उत्पादनमा केन्द्रित गिनिज इन्टरनेसनललाई विश्वास गरेर भर्ना हुनुभएका सबै विद्यार्थीप्रति कलेज आभारी छ ।

## उद्देश्य तथा प्रतिबद्धता

'हामी विगतलाई सञ्चित गर्छौं, वर्तमानलाई मूल्याकंन गर्छौं र भविष्यको योजना बनाउँछौं ।' यो शैक्षिक वर्षमा नेपालभरका विद्यार्थीहरूलाई भर्ना गर्ने लक्ष्य लिएको यो कलेजले स्कुल तथा जिल्ला टपरहरूलाई छात्रवृत्तिको व्यवस्था गरेको छ । कलेज अनुशासित विद्यार्थी एवं जाँगरिला र प्रतिबद्ध शिक्षकहरूप्रति गर्व गर्छ । गिनिज इन्टरनेसनल एउटा उदाहरणीय संस्थामा परिणत हुनेमा विश्वस्त रहेको कार्यकारी निर्देशक अनिरुद्र अर्याल बताउँछन् । कलेजले अहिलेको परिप्रेक्ष्यमा पृथक गुणस्तरीय शिक्षा प्रदान गर्दै नेपालको भविष्य उज्ज्वल बनाउने प्रतिबद्धता जाहेर गरेको छ । 'हामीसँग दक्ष प्राध्यापन टोली भएकाले नै हामी प्रतिबद्धता जाहेर गर्न सक्षम भएका हौं ।' अर्याल भन्छन्- 'अध्ययनमा मात्र केन्द्रित नभई विद्यार्थी रुचिलाई उत्तिकै ध्यान दिनेछौं । हामी विद्यार्थीको क्षमता अभिवृद्धिका निम्ति उनीहरूसँग समय-समयमा प्रतिक्रिया लिनेछौं, यसले विषयगत शिक्षक र विद्यार्थीबीचको दुरीलाई कम गर्न सहयोग पुर्‍याउँछ ।'



तीन वटा विधामा गिनिजबुक विश्व रेकर्ड हासिल गर्न सफल कलेजका अतिरिक्त क्रियाकलाप विभाग प्रमुख रोहित तिमल्सिना ।

- 'नयाँ कलेज कस्तो-कस्तो अनुभुति भइरहेको थियो, तर कलेज पुगेपछि त्यहाँको पारिवारिक शैक्षिक वातावरण देखेपछि सोचाइमै परिवर्तन आयो ।' न्यू-इंग्लिस स्कुल कुमारीगालकी मेधावी छात्रा रीतिका खड्गी भन्छिन्, 'त्यसैले गिनिजमै भर्ना भए ।' गिनिजको सभ्य शान्त शैक्षिक वातावरण, अनुशासित अध्ययन-अध्यापनका कारण रीतिका जस्तै सयौं विद्यार्थी यो कलेजप्रति आकर्षित भएका छन् ।
- पहिलो पटक गिनिज इन्टरनेसनलले काठमाडौंका अन्य शिक्षण संस्थाभन्दा आफूलाई पृथक बनाउन विद्यार्थीहरूको छुट्टै व्यक्ति प्रोफाइल निर्माण गर्ने भएको छ । प्लस टु शिक्षाको क्रममा भर्ना भएका विद्यार्थीहरूको छुट्टाछुट्टै प्रोफाइल निर्माण गरेर उनीहरूको शैक्षिक मूल्यांकन, आर्थिक अवस्था, पारिवारिक पृष्ठभूमि, उच्च शिक्षाका निम्ति रुचिअनुसारको विषय छनौट, विद्यार्थीको वृत्तिविकास, स्मरण क्षमता, उसको दैनिक गतिविधिहरू त्यो प्रोफाइलमा समेटिन्छन् । पहिलो पटक गिनिज इन्टरनेसनलले पहल गरेको यो प्रयास प्रत्येक साता अपडेट हुन्छ । दुई वर्षको अध्ययन पछि समग्र रूपमा एउटा विद्यार्थीको पूर्ण प्रोफाइल तयार गर्ने र सोहीबमोजिम विभिन्न विषयसँग सम्बन्धित विज्ञहरूको परामर्शअनुसार उनीहरूलाई उच्च शिक्षाका निम्ति मार्गदर्शन गर्ने गिनिज इन्टरनेसनलको योजना छ ।
- नेपाली शिक्षा क्षेत्रमा लामो समयको अनुभवबाट खारिएको उत्कृष्ट शैक्षिक टिम नै गिनिज इन्टरनेसनलको मुख्य विशेषता हो । त्यतिमात्र होइन्, प्राज्ञिक व्यक्तित्वहरू नै यो कलेजको व्यवस्थापन समूहमा रहेकाले प्रत्येक विद्यार्थीमा अन्तर्निहित प्रतिभालाई अधिकतम रूपमा उजागर गर्न गिनिज इन्टरनेसनलको शैक्षिक समूह प्रतिबद्ध छ । उच्च शिक्षाको क्रममा विद्यार्थीलाई लक्षित गन्तव्यमा पुर्‍याउन गिनिज इन्टरनेसनलको उत्कृष्ट फ्याकल्टीले सहयोग गर्नेछ ।
- गिनिज इन्टरनेसनल एजुकेसन फाउन्डेसनले देशभरका प्रतिभाशाली विद्यार्थीहरूलाई एकै थलोमा ल्याई अन्तर्राष्ट्रिय स्तरको वातावरणमा उच्च शिक्षा उपलब्ध गराउनुका साथै, खेलकुद, अतिरिक्त क्रियाकलाप लगायतका क्षेत्रमा पनि समुचित वातावरण निर्माण गरिदिएको छ । यस फाउन्डेसनमा पूर्वप्राथमिकदेखि प्लस टु तथा स्नातकोत्तर तहसम्म र प्राविधिकतर्फ नर्सिङ, फार्मेसी आदि विषयमा उच्च शिक्षा हासिल गर्न सकिन्छ ।
- संसारभरका मानवीय कार्यमा चमत्कारिक उपलब्धि हासिल गर्ने प्रतिभावान पात्रहरूका निम्ति गिनिज बुक विश्व रेकर्डले जति उत्साह थपिदिएको छ सोहीअनुरूप यस फाउन्डेसनले पनि गिनिजबुक विश्व रेकर्ड नाम दर्ता गराउन नेपालका सफल व्यक्तित्वहरूको उपलब्धिलाई गौरवको रूपमा लिँदै, शैक्षिक क्षेत्रबाट विश्व कीर्तिमान राख्न सक्ने सम्भाव्यता भएका विद्यार्थी तथा व्यक्तित्वहरूका लागि सहयोगी संस्थाको भूमिका निर्वाह गर्ने लक्ष्य लिएको छ ।
- गिनिजबुक विश्व रेकर्डमा तीन-तीनवटा विधामा नाम दर्ता गराउन सफल रोहित तिमिल्सिनाले यस फाउन्डेसनको अतिरिक्त क्रियाकलापको नेतृत्व गर्छन् । गिनिजबुक विश्वरेकर्ड हासिल गरेका व्यक्तित्वहरूका प्रमाणपत्र तथा उहाँहरूको परिचय खुल्ने गरी संग्रहालय निर्माण गर्ने लक्ष्यमा पनि गिनिज अघि बढिसकेको छ ।
- प्रतिभाको सम्मानका लागि आर्थिक, सामाजिक तथा भौगोलिक दृष्टिकोणले अवसरबाट वञ्चित विद्यार्थीहरूलाई विशेष कार्यक्रममार्फत निःशुल्क अध्ययनको व्यवस्था गरेर मानवीय कार्यमा सेवा पुर्‍याउने लक्ष्यसमेत लिएको यो फाउन्डेसन उपत्यकाका सबै स्थानबाट आवत-जावत गर्न सहज हुने स्थान गौशालास्थित रिंगरोडमै जोडिएको छ ।

Advt.

• सम्पादकीय •

# हामी र हाम्रो गरिबी

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) ले हालै सार्वजनिक गरेको एक अध्ययन-प्रतिवेदनले ६५ प्रतिशत नेपाली जनतालाई गरिब देखाएको छ। उक्त प्रतिवेदनअनुसार २ करोड ८३ लाख नेपालीमध्ये १ करोड ८३ लाख नेपालीलाई गरिब देखाएको छ। बेलायतको अक्सफोर्ड विश्वविद्यालयको सहयोगमा जारी गरिएको उक्त प्रतिवेदनले आम्दानीलाई मुख्य आधार मानेर यसअघि हुँदै आएका सर्वेक्षणहरूलाई लत्याउँदै बहुपक्षीय गरिबी सूचकांकलाई आफ्नो अध्ययनको आधार बनाएको दाबी गरेको छ। नेपालको गरिबीका विषयमा अध्ययन गर्दै आएका कतिपय विदेशी सरकारी तथा गैरसरकारी संस्थाका लागि आधार मानिने यूएनडीपीको उक्त प्रतिवेदनले विश्व समुदायमा नेपालका सम्बन्धमा गलत तस्बिर प्रस्तुत गरेको छ भन्ने थुप्रै आधार छन्। पश्चिमाहरूले नेपाल र नेपालीको विकासका नाममा गर्दै आएका विभिन्न अनुसन्धान तथा विश्लेषणहरू अहिलेसम्म खासै उपलब्धिमूलक हुन सकेका छैनन्। आफ्ना कतिपय योजना तथा कार्यक्रमका सैद्धान्तिक तथा व्यावहारिक पाटो केलाउन पश्चिमा मुलुकहरूले नेपालजस्तो मुलुकलाई परीक्षण भूमिका रूपमा प्रयोग गर्दै आएका छन् भन्ने आरोप लाग्दै आएको परिप्रेक्ष्यमा अहिले यूएनडीपीले सार्वजनिक गरेको उक्त प्रतिवेदनले त्यस्ता विकासवादी सिद्धान्तलाई नै सघाउने दाबी कतिपय नेपाली अर्थविज्ञको छ।

नेपाल र नेपालीलाई नजिकबाट नियाल्ने क्षमता नेपाली विशेषज्ञसँग मात्र हुन्छ भन्ने कुरालाई हाम्रो तथ्यांक विभागले बेलाबखतमा सार्वजनिक गर्ने विभिन्न अध्ययन-अनुसन्धान प्रतिवेदनहरूले पनि पुष्टि गर्दै आएका छन्। राष्ट्रिय योजना आयोगले गरेको पछिल्लो सर्वेक्षणमार्फत नेपालको गरिबी ३१ प्रतिशतबाट २४ प्रतिशतमा झरेको छ भन्ने कुरा सार्वजनिक भएलगत्तै यूएनडीपीको यस्तो प्रतिवेदन सार्वजनिक हुनुले नेपालको आर्थिक विकास नेपाली जनताको हातमा नभै पश्चिमा विशेषज्ञहरूको ल्यापटपमा सीमित हुन थालेकोतर्फ संकेत गरेको छ। यूएनडीपीको पछिल्लो प्रतिवेदन वस्तुगत तथ्यांकमा भन्दा सतहगत अध्ययनमा आधारित छ भन्न सकिने थुप्रै आधार छन्। झन्डै दस प्रतिशत नेपाली संस्थागत रूपमा वैदेशिक रोजगारीमा रहेको र लाखौं नेपाली असंगठित रूपमा स्वरोजगार रहेको तथ्यांकहरूले देखाउँदै आएको छ। पछिल्लो पटक वैदेशिक रोजगार, सहकारी, सामुदायिक वनलगायतका दिगो व्यवस्थापनमार्फत सञ्चालन भएका कतिपय आर्थिक कार्यक्रमहरूले नेपाली जनताको जीवनस्तरलाई पछिल्लो दशकको तुलनामा निकै माथि उठाएको अनुभव हामी सबैले गरेका छौं। यस्तो अवस्थामा यूएनडीपीको पछिल्लो अध्ययन-प्रतिवेदन कतै मिथ्यांक त होइन् ? भन्ने प्रश्न उब्जिएको छ।

समयमै संविधान साप्ताहिक/पाक्षिक पत्रिका राष्ट्रिय सञ्जालको आह्वान।

## विद्यार्थीको उत्कृष्ट हुन पाउने अधिकार

कक्षा दसका विद्यार्थीहरूले यस वर्षको एसएलसीको परिणाम निस्किएलगत्तै बोर्ड टपरको नाम पत्रपत्रिकाहरूमा खोजे, तर फेला पार्न सकेनन्। विद्यार्थीहरूको प्रतिस्पर्धामा विद्यार्थीहरूको मनमा उठ्ने यो खुल्दुलीले उनीहरूलाई निराश मात्र बनाएन, नेपालको शिक्षाप्रणालीप्रति नै एक प्रकारको गुनासो जाग्यो। बोर्ड टपरको नै नाम निकालिँदैन भने लाखौं विद्यार्थीमध्येबाट प्रथम हुनुको औचित्य के भयो ?'

उत्कृष्ट भएको विद्यार्थीलाई राज्यले कदर गर्दैन भने अध्ययन प्रति विद्यार्थीको अभिरुचि कसरी बढ्ला ? उत्कृष्ट अंकका लागि विद्यार्थीहरू कसरी हौसिएलान् ? उत्कृष्ट भएको विद्यार्थीलाई सम्मान गरेर उनको उत्तरपुस्तिका सार्वजनिक गर्नु राज्यको दायित्व हो। उनको सफलता, असफल विद्यार्थीहरूका निम्ति अध्ययन सुत्र हुनुपर्थ्यो। उनी कसरी उत्कृष्ट भए भनेर उनको उत्कृष्टताको कारण अरू विद्यार्थीलाई जानकारी गराउने हो भने उनका उत्कृष्टताका सूत्रहरू अरू विद्यार्थीका निम्ति अध्ययन सूत्र हुन सक्छ, तर विडम्बना, यहाँ त्यस्तो भएन। फलस्वरूप लाखौं विद्यार्थीको प्रतिस्पर्धामा को उत्कृष्ट भए भन्ने विषयमा जनताले सुसूचित हुन पाएनन्।

नेपालमा एसएलसीको इतिहासदेखि नै उत्कृष्ट विद्यार्थीलाई पुरस्कृत र सम्मानित गर्ने चलन थियो। जुद्धशमशेरले एसएलसीमा उत्कृष्ट र द्वितीय हुनेलाई क्रमशः मासिक १५ तथा १० रुपैयाँ दिने चलन चलाएका थिए। त्यो बेलाको नगद पुरस्कारको उद्देश्य एसएलसीमा उत्कृष्ट विद्यार्थीलाई उच्च शिक्षामा आर्थिक सहायता होस् भन्ने नै थियो। उत्कृष्ट भएका विद्यार्थीहरूलाई राणाहरूको दरबारमा गुरुका पाउमा दाम राखेर ढोगाइन्थ्यो। विद्यार्थीहरूमा उत्कृष्ट हुँदा गुरुप्रति अहंकार नआओस् भनेर गुरुको पाउमा राज्यले चढाउने विद्यार्थीको शिरले उतिबेलाको गुरुमहिमा प्रतिविम्बित गर्छ। आज राज्यले त्यस्ता खालका कुनै शैक्षिक नीति ल्याएको पाइँदैन।

• चिठीपत्र •




विगतमा एसएलसीको बोर्ड टपर घोषणा गर्दा आर्थिक अनियमितता भएको होला। आर्थिक अनियमितता गर्नेहरूलाई कारबाही गर्नुको सट्टा बोर्ड टपको घोषणा नै निलम्बन गर्नु परीक्षा नियन्त्रण कार्यालयको विभेदपूर्ण कार्य थियो। यसले एउटा विद्यार्थी जो प्रतिस्पर्धामा उत्कृष्ट हुन सक्छ, उनको अधिकार खोसिएको छ।

उत्कृष्ट विद्यार्थीको उत्कृष्टता छायाँमा पार्ने राज्यको यो नीतिले भ्रष्टाचारको जरो उखेलेको छैन, बरु देशको भविष्यलाई अन्धकारतर्फ डोऱ्याएको छ। विभेदपूर्ण यो शैलीले कुनै पनि उत्कृष्ट विद्यार्थीको मनमा अझ उत्कृष्ट हुनेको भावना अंकुरित हुन सक्दैन। उत्कृष्ट हुन पाउनु विद्यार्थीको नैसर्गिक अधिकार हो। यो अधिकार राज्यबाट खोसिनु हुँदैन।

**प्रेमकृष्ण श्रेष्ठ**

## सिकौं प्राविधिक शिक्षा

हाम्रो देशमा बेरोजगारीको समस्या विकराल बन्दै गएको छ। अशिक्षित र अदक्ष युवाहरूले रोजगारका अवसर प्राप्त गर्ने कुरा त परै जाओस्, शिक्षित दक्ष युवाहरू पनि कामको सिलसिलामा विदेश पलायन हुने नियतिबाट मुक्ति प्राप्त गर्न सकिरहेका छैनन्। यसै वर्ष मात्र करिब २ लाख ६० हजार विद्यार्थीले एसएलसी परीक्षा उत्तीर्ण गरेका छन्। अहिले विद्यार्थी र अभिभावको मानसपटलमा कुन विषय लिएर पढ्ने र पढाउने भन्ने चिन्ताले डेरा जमाएको छ। आफूले छनोट गरेको विषय पढेर भविष्यमा केही हुने हो कि होइन वा उक्त विषयको अवसर छ कि छैन भन्ने कुरा पनि गहन विषय भएको छ।

शिक्षा व्यावहारिक र परिणाममूलक हुनुपर्छ। हामीले लिने शिक्षा हाम्रो जीवनमा लागू हुनुपर्छ, तर हामीले लिने शिक्षा परिणाममुखी हुन नसक्दा शैक्षिक बेरोजगारीको समस्या ज्यूँका त्यूँ छ। समयको मागसँगै शैक्षिक प्रणालीको विकास गर्न नसक्दा पढेलेखेका बेरोजगारको जमात ह्वात्तै बढेको छ। शैक्षिक बेरोजगारी निराकरणको एक मात्र विकल्प प्राविधिक शिक्षा हो। छिटो र छरितो प्राविधिक ज्ञान कोरा किताबी ज्ञानभन्दा बढी प्रभावशाली र उत्पादनशील हुने शिक्षाविद्हरूले औंलाउँदै आएका छन्।

प्राविधिक शिक्षा लिएर कृषि उत्पादनमा वृद्धि गरेर देशलाई आर्थिक रूपमा समृद्ध र सबल बनाउन सके आफ्नै देशमा सुन फलाउन सकिन्छ। यस्ता विषयको अध्ययनले विद्यार्थीलाई स्वरोजगार हुन सहयोग पुऱ्याउँछ। नेपालमा प्राविधिक शिक्षाको नाममा सिन्को भाँच्ने काम पनि भएको छैन। हामीकहाँ प्राविधिक शिक्षालाई एउटा सम्मानित र जीविकोपार्जनका लागि उपयुक्त पेशाका रूपमा चिनाउन पनि सकिएको छैन।

विद्यार्थीहरूले पनि कोरा किताबी ज्ञान हासिल गरेर सर्टिफिकेट प्राप्त गर्नेभन्दा पनि छिटो-छरितो ढंगले प्राविधिक ज्ञान हासिल गरी आफ्नो जीवनस्तर र भविष्य सबल बनाउन समयमै ध्यान दिनुपर्छ।

**गोपाल मरासिनी**

• तीतो सत्य •

● उपाय लगाएर मात्र इच्छा पूरा हुन सक्दैन, बिनासंघर्ष हरेक कार्य असम्भव नै हुन्छ।

● नजानेको काममा उसैले फूर्ति लगाउँछ जसलाई केही आउँदैन।

● अन्याय गरिरहनेले अरूबाट गरिएको अन्याय सहन सक्दैन र अन्याय सहनेले अरूप्रति न्याय गर्नसमेत जान्दैन।

**सुलक्षण केसी**

● विकास त्यहाँ हुन्छ जहाँ कर्मठ व्यक्तिहरू हुन्छन् र नयाँ-नयाँ सिर्जना एवं निर्माण गरिन्छन्।

● घमन्डले अहम् भावना निम्त्याउँछ भने अहंकारले नकारात्मक सोच एवं प्रवृत्तिलाई अँगालिरहेको हुन्छ।

● खोक्रो इमान्दारिताभित्र केवल स्वार्थ लुकेको हुन्छ।

● सुन्तलाको बोटमा मौसम फलाउने प्रयासमा समय खेर फाल्नु मूर्खता हुन्छ।

**वसन्त खत्री**

● ताली त्यहाँ बज्नुपर्छ जहाँ प्रशंसाको गुञ्जायस होस्। गाली त्यहाँ गरिनुपर्छ जहाँ गल्ती महसुस होस्, थाली त्यहाँ बोक्नुपर्छ जहाँ श्रद्धाले पूजा आराधना होस्।

**अगस्त्य केसी**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।*

*–सम्पादक*

• सहर चर्चा •

## शिक्षाका लागि सगरमाथा

आइडियल उच्च माध्यमिक विद्यालयमा प्लस टुका विद्यार्थी लाक्पा शेर्पाले सगरमाथाको शिखर चुम्नुको उद्देश्य उच्च शिक्षा पूरा गर्नु हो। दुई महिनाअघि मात्र सगरमाथाको सफल आरोहण गरेर फर्किएका लाक्पाले साप्ताहिकसँग भने, 'थप अध्ययनका लागि यो जोखिम उठाउनबाध्य थिएँ।'

संखुवासभाको दुर्गम गाउँ मकालुमा जन्मिएका लाक्पा अहिले १८ वर्षका भए। दाजुहरूको सहयोगमा १५ वर्षकै उमेरमा राम्रो अंक ल्याएर प्रवेशिका उत्तीर्ण भए पनि थप अध्ययन गराउन दाजुहरूले आनाकानी गरे। लाक्पाले भने, 'पढ्ने तीव्र इच्छा भएकाले पर्यटकको भरिया भएर खर्च जुटाउन थालें।' पर्यटकका रूपमा नेपाल आएका सन हुसेन नामक अमेरिकी नागरिकले उनको भित्री इच्छा थाहा पाए। उनले तुरुन्तै प्लस टुसम्मको खर्च दिएर क्याम्पस भर्ना गरिदिए। 'प्लस टुको त समस्या टऱ्यो, तर थप अध्ययनका लागि विदेश जान केही गर्नु थियो।' लाक्पा भन्छन्, 'अनि मैले सगरमाथा चढ्ने निर्णय गरे।' आफूले सहयोग गरेको किशोरले सगरमाथा चढेको थाहा पाएपछि सन हुसेनले थप अध्ययनका लागि अमेरिका बोलाएका छन्। लाक्पा अमेरिकामा म्यानेजमेन्टको स्नातकोत्तर तह सकेर पर्यटन व्यवसायमा लाग्ने योजनामा छन्। लाक्पा भन्छन्, 'मैले जसरी अध्ययनका लागि मेहनत गरेर आफ्नो भविष्य सुनिश्चित पारें, त्यसैगरी आफ्नो गाउँको पनि मुहार फेर्न चाहन्छु।'




• मोडल वाच •



## फेसन डिजाइनिङको लक्ष्य

नयाँबजार, काठमाडौंकी स्थायी बासिन्दा १८ वर्षीया सलिना खड्का यसै वर्षदेखि मोडलिङमा प्रवेश गरेकी छिन्। कक्षा १२ को परीक्षा दिएपछि उनलाई मोडलिङमा सक्रिय हुने अवसर मिलेको हो। कलेजमा छँदा फेसन शो तथा सांस्कृतिक कार्यक्रममा सहभागी भैरहने सलिना नृत्यमा पनि पारंगत छिन्। सानैदेखि पश्चिमी शैलीको नृत्य गर्ने सलिना यति बेला राजधानीमा बी-बोयिङको प्रशिक्षण लिइरहेकी छिन्। आगामी भदौमा आयोजना हुने मिस्टर एन्ड काठमाडौं-२०१० मा प्रतिस्पर्धा गर्न क्याटवाकसहित अनेकन् विधामा प्रशिक्षण लिएरहेकी सलिना ५ फिट ४ इन्च अग्ली छिन्। नृत्यका अतिरिक्त गायन तथा घुमफिरकी सौखिन सलिनाले भविष्यमा फेसन डिजाइनर बन्ने लक्ष्य लिएकी छिन्। जिन्स तथा टिसर्टकी पारखी सलिनालाई अभिनयमा पनि रुचि छ। उनी भन्छिन्– 'मोडलिङका साथै चलचित्र क्षेत्रमा समेत आउन सक्छु।'

• मुखाले •

संविधान बन्ने कुरामा विश्वस्त हुने अवस्था छैन।

**उपराष्ट्रपति परमानन्द झा**

सर्वोच्च अदालतको अधिकार कटौती गरिनु हुँदैन।

**प्रधानन्यायाधीश रामप्रसाद श्रेष्ठ**

अब कुनै पनि हालतमा अनमिनको म्याद थपिँदैन।

**सुशील कोइराला**

राजनीतिमा राजतन्त्र त एकै रातमा जान सक्छ, तर आर्थिक परिवर्तन रातारात सम्भव छैन।

**सुरेन्द्र पाण्डे**

दलहरूबीच सहमति भएन भने संविधान बन्दैन।

**उपेन्द्र यादव**

माओवादीले शान्ति सम्झौताको आफू अनुकूल व्याख्या गर्दै आएको छ।

**नारायण खड्का**

एमाओवादीको संविधान मान्न सम्झौता गरेका होइनौं।

**पशुपति चौलागाईं**

पार्टीको निजी सेना र ब्यारेक राखेर संविधान जारी हुन सक्दैन।

**रवीन्द्र अधिकारी**

वैदेशिक लगानीका लागि औद्योगिक सुरक्षा पहिलो सर्त हो।

**दिवाकर गोल्छा**

हामीले पहिले आन्तरिक लगानीकर्ताको विश्वास जित्नुपर्छ।

**डा. जगदीशचन्द्र पोखरेल**

प्रेममा यौनसम्बन्ध आवश्यक छैन।

**झरना थापा**

# नेपाली संगीतको विश्वबजारमा ठूलो माग छ



डा. ध्रुवेशचन्द्र रेग्मी, संगीतज्ञ

५० वर्षअघि भारतमा संगीतसम्बन्धी चर्चित पुस्तक प्रकाशित भएको थियो, 'हमारे संगीतरत्न'। उक्त पुस्तकमा एक जना नेपालीको नाम पनि समावेश थियो, देवचन्द्र रेग्मी। वीरशमशेरका पालामा बनारसमा सामवेदको अध्ययन गर्न गएका देवचन्द्रले सितारवादनमा यति ठूलो प्रगति गरे कि भारतका संगीत महारथीमा उनको नाम पनि समावेश भयो। यिनै देवचन्द्रले नेपालमा वाद्यवादनलाई व्यवसायीकरण गरे। नेपालको संगीत इतिहासको खोजी गर्नेहरुका अनुसार वाद्यवादनको इतिहास यही घरबाट प्रारम्भ हुन्छ। देवचन्द्रका सन्तान सतिशचन्द्र, कृष्णचन्द्र, पूर्णचन्द्र हुँदै अहिले ध्रुवेशचन्द्र यही इतिहासलाई निरन्तरता दिइरहेका छन्। डा. ध्रुवेशचन्द्र नेपाली संगीतलाई अन्तर्राष्ट्रिय बजारमा ख्याति दिलाउने सुकर्म ब्यान्डका प्रमुख हुन्। दिल्ली विश्वविद्यालयबाट नेपाली संगीतको इतिहासमा विद्यावारिधि गरेका ध्रुवेशचन्द्र पद्मकन्या क्याम्पस संगीत विभागका प्रमुख पनि हुन्। डा. ध्रुवेशचन्द्र प्रत्येक वर्ष एक महिनाका लागि विदेशमा नेपाली संगीत प्रस्तुत गर्छन् र लाखौं रुपैयाँ कमाएर फर्कन्छन्। उनी नेपाली संगीतलाई नजिकबाट नियाल्ने व्यक्ति हुन्।

**संगीत विधामा विद्यावारिधि गर्ने एक मात्र नेपाली हुनुहुन्छ, यस्तो पगरी गुथ्न पाउँदा कस्तो महसुस हुन्छ ?**

जिजुबाजेका पालादेखि संगीतमा जुन प्रतिष्ठा हाम्रो परिवारले पाउँदै आएको थियो, यो त्यसको निरन्तरता मात्र हो। कसैले संगीतको डाक्टर भनिदिँदा क्षणिक रमाइलो हुनु त स्वाभाविक हो, तर कुनै पनि उपाधिको गरिमा राख्ने काम त्यो व्यक्तिले गरेको छ कि छैन भन्ने कुरा महत्त्वपूर्ण हुन्छ। मलाई संगीतमा अझै केही गर्न पाए हुन्थ्यो भन्ने लागिरहन्छ। मैले गरिमा राख्न सकें कि सकिनँ, त्यो अरूले भन्ने कुरा हो।

**नेपाली संगीतलाई विश्वबजारमा भारतीय संगीतकै कोटिमा राखिन्छ, के हाम्रो संगीतको छुट्टै अस्तित्व छैन ?**

यसको उत्तर दिनुअघि हामीले इतिहास कोट्याउनुपर्छ। जतिखेर भारत भन्ने देश थिएन, नेपाल भन्ने भूमि थिएन, त्यसबखत पनि हामीसँग संगीत थियो। संगीतको पहिलो ध्वनि ॐ लाई मानिन्छ। ॐ शब्द सबै मानव जातिको पहिलो शब्द हो। यदि कसैले हाम्रो संगीतलाई भारतीय भन्छ भने त्यसको अर्थ यसलाई भारतीय संगीत भनिएको होइन, भारतीय उपमहाद्वीपको संगीत भनिएको हो, अर्थात् अहिलेको दक्षिणभारतीय देशहरूको संगीत भनिएको हो।

**विदेशमा जाकिर हुसैन, रविशंकरहरूले दिने कार्यक्रम र सुकर्मका तपाईं, प्रमोद तथा श्याम नेपालीले दिने कार्यक्रममा के फरक हुन्छ ?**

जाकिर हुसैनले बजाउने तबला र प्रमोदले बजाउने तबला उही हुन्। मैले बजाउने सारंगी र रविशंकरले बजाउने सारंगी पनि उस्तै हो। यद्यपि जुन स्थानमा रविशंकरले कार्यक्रम दिइसके वा जाकिरले तबला बजाइसके, तिनै स्थानमा हामीले कार्यक्रम दिँदा विदेशीहरूले हामीलाई फेरि आउने निम्ता दिन्छन्। यसको अर्थ हामीले नेपाली संगीतको मौलिकता प्रस्तुत गर्छौं।

**त्यो नेपालीपन भनेको के हो ?**

नेपालको लोकलय। शास्त्रीय संगीत भनेको सिद्धान्त हो। त्यसलाई नेपाली भाकामा प्रयोग गर्दा हामी अरूभन्दा फरक हुन्छौं। हामी लोकसंगीतमा धनी छौं। नेपालमा पनि लोकगीत, लोकशैली लोकप्रिय छन्। हामी यसैलाई नेपाली संगीतका रूपमा प्रस्तुत गर्छौं। दस वर्षदेखि हामीले विदेशमा कार्यक्रम गरिरहेका छौं। यो दस वर्षको अनुभवले भन्छ, विदेशमा नेपाली संगीतको ठूलो माग छ। यसबाट लाखौं डलर कमाउन सकिन्छ।

**नेपाली संगीतलाई विश्वबजारमा पुऱ्याउनुपर्छ भन्ने सोच राख्ने संगीतकर्मी नेपालमा कति होलान् ?**

नेपाली संगीतलाई विश्वबजारमा पुऱ्याउन सकिन्छ भनेर आँट गर्ने सुरसुधा हो। त्रिकालजस्ता केही समूह पनि नेपाली संगीतलाई विश्वबजारमा पुऱ्याउन प्रयत्न गरिरहेका छन्। यद्यपि हजारौं संगीतकर्मीमध्ये यस्तो सोच राख्ने व्यक्तिहरू औंलामा गन्न सकिन्छ।

**बजार छ भन्ने जान्दा-जान्दै पनि थोरै व्यक्तिले मात्र यसतर्फ पाइला चाल्नुको कारण के होला ?**

पहिलो त गहन अध्ययनकै कमी हो। नेपालमा दुई-चार महिना संगीत सिक्नेहरूले संगीत विद्यालय चलाएका उदाहरण छन्। त्यस्ता इन्स्टिच्युटमा अध्ययन गर्नेहरू अहिले संगीतकर्मीका रूपमा बाहिर आइरहेका छन्। बेस नै नभएपछि उसले ठूलो कुरा सोच्न सक्ने कुरै भएन। संगीतकर्मलाई आर्थिक रूपमा हेर्नेभन्दा पनि नाम कमाउने रूपमा लिइयो। मैले योभन्दा धेरैलाई चित्त दुख्छ, तर वास्तविकता के हो भने बुबाको पैसाले गीत रेकर्ड गर्ने, मिडियालाई पैसा दिएर गीत बजाउने र आफू लोकप्रिय छु भन्ने भ्रम पाल्ने संगीतकर्मी धेरै छन्। यस्ता संगीतकर्मीहरूबाट ठूलो आशा राख्न सकिँदैन।

**कुन संगीत राम्रो भन्ने निर्णय गर्ने त आखिर जनता नै हुन्, होइन र ?**

हो, तर पाँच वर्षअघि सुपरहिट भनिएका गायक अहिले कहाँ छन् ? अहिले उनीहरूको नाम पनि सुनिँदैन। जुन संगीतकर्मीको संगीत दुई-चार वर्ष पनि टिक्दैन, उनीहरूको बेस कस्तो थियो होला ? ठीक छ, मासले संगीत कस्तो हो निर्णय गर्छ, तर मासले राम्रो भनिएका गायकले मेहनत गरेर उनीहरूको मायाको सम्मान गर्नुपर्छ कि पर्दैन ? यस्तै संगीतकमीबाट नेपाली संगीतको अपमान भएको छ।

**तपाईं शास्त्रीय संगीतको अध्येता भएका कारण पप संगीत र त्यसका प्रयोगकर्ताप्रति नकरात्मक धारणा राख्नुभएको हो ?**

म नेपाली संगीतको पक्षमा छु। आज दशकपछि पनि सञ्जय श्रेष्ठको माया मेरी माया मानिसले सम्झन्छन्। पप गीत पनि शास्त्रीय संगीतको मिश्र, छायालिग एवं संकीर्ण विधाभित्र पर्छन्। मानिसले नबुझेको मात्र हो। आज पपगीतले नेपाली संगीतको महत्त्वपूर्ण पाटो सम्हालिरहेका छन्। पपगीतप्रति मेरो कुभावना हुँदै होइन, संगीत बुझ्दै नबुझी यसमा हामफाल्ने र गम्भीर अध्ययन नगरी आफूलाई संगीतको मर्मज्ञ मान्नेहरूप्रति मेरो आपत्ति हो।

**नेपाली संगीतकर्मीहरूबाट तपाईंले राखेको अपेक्षा के हो ?**

नेपालमा संगीतका धेरै प्रतिभा छन्। उनीहरूले हाम्रो लोकसंगीतको उचाइ बुझेका छैनन्। चाहे पपप्रति झुकाव राख्ने हुन् वा अन्य यसलाई नेपाली शैलीमा प्रयोगका हिसाबले विविधीकरण गरी अन्तर्राष्ट्रियकरण गर्न सकिन्छ भन्ने कुरालाई ध्यानमा राख्नुपर्छ। ठीक छ, अन्तर्राष्ट्रियकरण नहोला, तर नेपालले त विशिष्ट संगीत पाउँछ। यसका लागि अध्ययन एवं प्रयोगका लागि लामो समय खर्चिनुपऱ्यो। रातारात नाम र दाम कमाउँछु भनेर हतार गर्नेले व्यापार गर्नुपर्छ, संगीत होइन।

**तपाईंले नेपालको संगीतबाट जुन किसिमको आशा राख्नुभएको छ, त्यो वातावरण नेपालमा छैन भन्नेहरूलाई के भन्नुहुन्छ ?**

त्यो त छैन, वातावरण बनाउने मुख्य काम सरकारको हो। आज विद्यालयमा राम्रा म्युजिक शिक्षक र वाद्यवादन राखिदिने हो भने भोलि हरेक विद्यालयबाट एउटा प्रतिभा आउन सक्छ। प्रतिभाहरूको भीडमा एउटा विशिष्ट संगीतकर्मी निस्कन सक्छ भने संगीतमा किन लगानी नगर्ने ?

**एउटा संगीतकर्मीले केका लागि संगीतकर्म गर्ने ?**

सबैभन्दा पहिले आत्मसन्तुष्टि। दोस्रो आत्मसम्मान अन्त्यमा आर्थिक सुरक्षा। नेपालमा भने सबैभन्दा पहिले नाम खोजिन्छ अनि दाम खोज्न थालिन्छ। वास्तवमा गहन अध्ययन, साधना र आत्मसन्तुष्टि संगीतको मूल मर्म हो।

**–अश्विनी कोइराला**









# प्राविधिक शिक्षामा बढ्दो आकर्षण

● मकर श्रेष्ठ

सानोठिमीस्थित प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) ले एसएलसी उत्तीर्ण गरेका विद्यार्थीलाई लक्षित गरी २२ वर्षदेखि मुलुकका विभिन्न स्थानमा प्राविधिक शिक्षा प्रदान गर्दै आएको छ। सिटिईभिटीले निजी क्षेत्रलाई समेत व्यावसायिक शिक्षा अध्यापन गराउन सम्बन्धन प्रदान गर्छ।

सिटिइभिटीका सूचना तथा अनुसन्धान महाशाखा निर्देशक एवं प्रवक्ता राजेन्द्र कार्की प्राविधिक विषयको अध्ययनपछि बेरोजगार बस्नु नपर्ने दाबी गर्छन्। सीपयुक्त जनशक्ति तयार पार्नु नै परिषद्को मुख्य जिम्मेवारी हो, कार्कीले भने- 'हामी देशको बेरोजगारी कम गर्न नयाँ-नयाँ विषय छनोट गरी मागअनुसार शिक्षा दिने गरेका छौं।' सिटिइभिटीअन्तर्गत स्वास्थ्य, इन्जिनियरिङ, कृषिक्षेत्रका विभिन्न विधामा अध्यापन हुन्छ।

परिषद् आफैंले २१ वटा प्राविधिक तथा व्यावसायिक शिक्षालय सञ्चालन गरेको छ भने २ सयभन्दा बढी निजी प्राविधिक तयार गर्नु सिटिइभिटीको उद्देश्य हो।

वैदेशिक रोजगारीको बजारमा प्रवेश पाउन प्राविधिक शिक्षा र तालिम सहज माध्यम भएको छ। प्राविधिक शिक्षाका क्रममा हासिल गरेको सीप प्रयोग गरी उद्यमशील नागरिक बनेर स्वरोजगार भै अन्य व्यक्तिका लागि समेत रोजगारी सिर्जना गर्न सकिन्छ।

परिषद्का अनुसार प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्राप्त जनशक्तिको रोजगारी दर ७० प्रतिशतभन्दा बढी छ। स्तरीय सीप सिकेर वैदेशिक रोजगारीमा जाने जनशक्ति जस्तै- प्लम्बिङ, कार्पेन्टर, स्लटरिङ, सिभिल तथा मेकानिकल ओभरसियरको तलब साधारण श्रमिकको भन्दा पाँच गुणा भन्दा बढी भएको विभिन्न तथ्यांकले देखाएको छ।

### छात्रवृत्तिको व्यवस्था

सिटिइभिटीले डिप्लोमा/प्रवीणता प्रमाणपत्र तहमा अध्ययनरत विद्यार्थीलाई जेहेन्दार, वर्गीकृत एवं विशेष छात्रवृत्तिको व्यवस्था गरेको छ। यसका साथै परिषद्का



संस्थाहरूमार्फत सिटिइभिटीको कार्यक्रम सञ्चालित छन्।

परिषद्ले हालसम्म प्राविधिक एस.एल.सी. (टी-एसएलसी १५ र २९ महिने कोर्स) र तीनवर्षे डिप्लो/प्रवीणता प्रमाणपत्र तहका विविध कोर्स सञ्चालन गरिरहेको छ। टी-एसएलसी उत्तीर्ण गरेका विद्यार्थीहरू सरकारी सेवामा राजपत्र अनंकित द्वितीय श्रेणी, प्राविधिक सेवाका (खरिदारसरह) को रोजगारीका लागि योग्य मानिन्छन्। तीनवर्षे डिप्लोमाका विविध कोर्स गरेका विद्यार्थीहरू सरकारी सेवामा राजपत्र अनंकित प्रथम श्रेणी प्राविधिक (सुब्बासरह) का लागि योग्य मानिन्छन्।

तीनवर्षे डिप्लोमाका विविध कोर्सलाई त्रिभुवन विश्वविद्यालयले प्रवीणता प्रमाणपत्र तह सरह मान्यता प्रदान गरेको छ।

### किन पढ्ने प्राविधिक शिक्षा ?

रोजगारउन्मुख शिक्षा एवं व्यावसायिक तालिम दिई स्वावलम्बी र सीपयुक्त जनशक्ति शिक्षालयमा अध्ययन गर्ने प्राविधिक एसएलसी तहका विद्यार्थीलाई समेत छात्रवृत्तिको व्यवस्था छ।

जेहेन्दार छात्रवृत्तिका लागि प्रवेश परीक्षामा जुन संस्थावाट फर्म भरेको हो त्यही संस्थामा मात्र खुल्ला प्रतिस्पर्धामा गर्न पाइन्छ। सर्वोत्कृष्ट अंक प्राप्त गर्ने विद्यार्थीलाई पूर्ण तथा दोस्रो विद्यार्थीलाई आंशिक छात्रवृत्ति प्रदान गरिएको छ। यसरी प्राप्त छात्रवृत्ति पहिलो वर्ष वा सेमेस्टरका लागि मात्र हुनेछ। अर्को वर्ष जसले उत्कृष्ट अंक हासिल गर्‍यो उसैले पाउँछ।

वर्गीकृत छात्रवृत्तिका लागि निर्धारित फर्म भरेर वर्गीकृत छात्रवृत्ति कोटामा प्रतिस्पर्धा गर्न सकिन्छ। जुन संस्थाबाट अध्ययन गर्न फर्म भरेको हो त्यही संस्थामा मात्र वर्गीकृत छात्रवृत्तिमा प्रतिस्पर्धा गर्न सकिन्छ। सर्वोत्तम अंक प्राप्त गर्ने विद्यार्थीलाई पूर्ण तथा दोस्रो विद्यार्थीलाई आंशिक छात्रवृत्ति प्रदान गरिन्छ। यसरी प्राप्त छात्रवृत्ति पूर्ण शैक्षिक अवधिका लागि दिने व्यवस्था छ।

जेहेन्दार र वर्गीकृत छात्रवृत्तिको हकमा प्रत्येक कार्यक्रममा जम्मा स्वीकृत कोटाको ५ प्रतिशत सिट पूर्ण छात्रवृत्ति र ५ प्रतिशत सिट आंशिक छात्रवृत्तिका लागि निर्धारण गरिएको छ।

वर्गीकृत छात्रवृत्ति साधारण र सामुदायिक विद्यालय १० प्रतिशत, महिला १० प्रतिशत, दलित, आदिवासी र जनजाति १० प्रतिशत, अपांग, सहिद परिवार १० प्रतिशत, जनआन्दोलनका घाइते परिवारलाई १० प्रतिशत, पूर्व कमैया, हलिया तथा विपन्न वर्ग १० प्रतिशत एवं खुला प्रतिस्पर्धाबाट ४० प्रतिशत छात्रवृत्ति दिने व्यवस्था छ।

साधारण र सामुदायिक विद्यालयबाट एस.एल.सी. उत्तीर्ण गर्नेहरूका लागि सिटिइभिटीले विशेष छात्रवृत्तिको व्यवस्था गरेको छ। भर्ना भएकामध्ये ७५ जना विद्यार्थीलाई निर्वाहस्वरूप एक जना विद्यार्थी बराबर मासिक ५ हजार रुपैयाँ छात्रवृत्ति प्रदान गरिन्छ। यसरी छात्रवृत्ति पाउने विद्यार्थीले सम्बन्धित संस्थामा बुझाउनुपर्ने शुल्क भने बुझाउनुपर्ने हुन्छ। विशेष छात्रवृत्तिमा प्रतिस्पर्धा गर्न चाहने विद्यार्थीले निर्धारित फर्म भरेर केन्द्रीय स्तरमा प्रतिस्पर्धा गर्नुपर्छ।

विशेष छात्रवृत्तिका लागि स्वास्थ्यका सम्पूर्ण विषयमा ४५ सिट इन्जिनियरिङका सम्पूर्ण कार्यक्रमका लागि २१ तथा कृषि तथा खाद्य प्रविधिका सम्पूर्ण कार्यक्रमका लागि ९ सिट छुट्याइएको छ।

### परिषद्ले सञ्चालन गरेका प्राविधिक विषयहरू

डिप्लोमा/प्रवीणता प्रमाणप्रत्र तहमा अध्ययन गर्न एसएलसी उत्तीर्ण हुनुपर्छ। परिषद्ले यो तहको कार्यक्रम स्वास्थ्य, इन्जिनियरिङ, कृषि आदि विषयमा सञ्चालन गर्ने गरेको छ।

### स्वास्थ विधा

#### नर्सिङ

सिटिइभिटीले उत्पादन गर्ने सबैभन्दा बढी जनशक्ति स्टाफ नर्स हो। सिटिइभिटीको पाल्पा नर्सिङ कलेज, पाल्पा र सन्त अल्पामनि नारायण राय यादव नर्सिङ कलेज गौरमा नर्सिङ विषयको अध्यापन हुन्छ। निजी क्षेत्रमा ८८ कलेजमा नर्सिङको पढाइ हुन्छ। प्रत्येक कलेजसँग ४० जनाको भर्ना क्षमता छ। यस्ता शिक्षालयमा अध्ययन गर्दा पूरै कोर्सको २ लाख २४ हजार रुपैयाँ लाग्छ।

प्राथमिक स्वास्थ्यकेन्द्र, जिल्ला, अञ्चल, क्षेत्रीय, शिक्षण अस्पताल तथा राष्ट्रिय स्तरका अस्पतालमा पनि यस्ता जनशक्ति खपत हुन्छन्। निजी स्तरका शिक्षण तथा नर्सिङ होममा पनि रोजगारीको अवसर पाइन्छ। त्यसैगरी मुलुकबाहिर पनि स्टाफ नर्सको माग बढ्दो छ।

#### जनरल मेडिसिन

मध्यमस्तरीय स्वास्थ्य जनशक्ति उत्पादन गरिने यो विषयलाई एचए पनि भनिन्छ। यो

बाँकी पृष्ठ ७ मा

होतल तालिम होटल खुम्जुङमा
Cook/ Waiter / House Keeping/ Bar-man/ Laundry /Caregiver /Bakery तथा अंग्रेजी/ जापानी/ नेपाली भाषा लगायत सम्पूर्ण होटल तालिमहरुमा भर्ना लिइदैछ। विदेश गइहाल्नु पर्ने/हाउसवाइफ/कुकिङ र अंग्रेजी जान्दै नजान्नेहरुका लागी पनि विशेष व्यवस्था गरिएको छ। आजै सम्पर्क राख्नुहोस्।
Hotel Khumjung Pvt. Ltd.
फोन: 4016111 र 4016194
महाराजगञ्ज, चक्रपथ, नारायणगोपाल चोकबाट ३ मिनेट पूर्व

उद्घोषण
विद्यार्थीलाई विशेष छुट
RJ VJ MC
★रेडियो तथा टिभी उद्घोषण
★मञ्चीय उद्घोषण
★व्यक्तित्व तथा नेतृत्व विकास
★पत्रकारिता
★प्राविधिक ज्ञानका साथमा
प्रशस्त अवसर !!!
Janas Media
Koteshwor, 01-2141246, 9841457750, 9849267194

नि:शुल्क तालिम
बेकरी, केयरगिभर र हाउसकिपिङ
CTEVT को सहयोगमा नि:शुल्क तालिम
दलित महिलाहरुको लागि प्राथमिकता
छात्रवृत्ति: रु. ३,०००।- देखि रु. ९,०००।- सम्म
फाराम भर्ने अन्तिम मिति: २०६७ श्रावण १० गते
KIHM
कुपण्डोल (थापाथली पुल नजिक) हनुमानस्थान, ललितपुर
फोन: ५५२३६४८, २१११३४०

सौन्दर्यका सामान
Height बढाउने (Yoko Japanese) -1050/-
मोटोपन घटाउने (Sauna Belt)
अनुहार गोरो बनाउने (Roop Amrit)
स्तन बढाउने, घटाउने साथै टाईट गर्ने (Cream)
डण्डीफोर, चाया पोतो हटाउने (Cream)
धुम्रपान, जाँड रक्सी छुटाउने, चाउरीपना हटाउने
कपाल नझर्ने वा उमार्ने तेल (Herbal-44)
लिङ्ग बढाउने साथै गुप्ताङ्ग टाईट गर्ने।
Free Home Delivery / 100% Guaranteed
Worldwide Shopping Centre
(शंखमुल मार्ग, तयारी पोशाक संघको अगाडी)
Newbaneshwor, 9808301235
Ph. 2290871, Mob. 9841506134

सान्डा तेल
लिङ्ग मोटो लामो खडा गर्ने शीघ्रपतन रोक्ने No. 1 सान्डा तेल
चायाँ पोतो डण्डीफोर Wrinkle ग्यारेन्टी हटाउने क्रिम
स्तन सानो, ठुलो, टाईट गर्ने जेल -CAPSULE
गुप्ताङ्ग ग्यारेन्टी टाईट गर्ने -DROPS
मोटोपना घटाउने B-SLIM, बढाउने B.D.P.
H.T.H.-नयाँ बसपार्क
9721539235, 9803436438
जस्तो सुकै यौन दुर्वलताका लागि Herbal Levitra
खुनी/बादी पाईल्स ग्यारेन्टी निकोपार्ने जडिबुटि चूर्ण

मुहार केश तौल उचाई स्तन
सम्वन्धी सम्पुर्ण समस्याको समाधान प्राकृतिक उपचार पद्धती द्धारा
मिराकल फाउण्डेशन नेपाल
The Health & Beauty Solution
बिजुलीबजार, नयाँबानेश्वर, काठमाडौं (सगरमाथा टेलिभिजन अगाडी) 4780678
9851016824, 9808594757

होटल तालिम
(१००% रोजगारी मुलक)
कुक (इण्डियन, चाईनिज, कण्टिनेन्टल, इटालियन, मेक्सिकन) वेटर,वारमेन,क्याप्टेन, होटल सुपरभाइजर, रिसेप्सनिष्ट, हाउसकिपीङ्ग आदि।
*5 Star होटलका प्रशिक्षक बाट तालिम।
*बिदेश जानेहरुको लागि स्पेशल कोर्ष।
*Ex-practical को लागि होटलहरुमा पठाईने।
सक्षम नभएमा पुन: कक्षा गराएर सक्षम बनाईने।
अन्तराष्ट्रिय होटल तालिम प्रा.लि.
बालाजु चोक (Vision Institute) सँगै
फोन: 01-4384548

होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट अनुभव प्राप्त गरी आउनुभएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिईन्छ
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver,Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center Pvt. Ltd. महाराजगञ्ज बसुन्धरा पुल- Ktm
Ph:- 4363215, 9721315801

सुखी विवाहित जीवनको लागि
सेवाको १६ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएको यौन रोग, शीघ्रपतन, यौनदुर्बलता, स्वपनदोष, पिसाब सित धातु खस्ने, नपुंसकता, शुक्राणुको कमि, नि:सन्तानपन आदिको सफल उपचारको लागि आज नै भेट्नुहोला।
भेट्ने ठेगाना: फोन नं.: ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल (पारिपट्टी) काठमाडौं

फ्रि ! फ्रि !! फ्रि !!!
ब्युटिसियन कोर्ष
Advance सिक्दा Basic फ्रिमा
वेसिक, एडभान्स, डिप्लोमा, स्पेशल सर्टकोर्ष
विदेशजानेहरुलाई Special Class
उत्कृष्टलाई रोजगार
N.B.T.C. Gaushala
Ph: 016914439 / 9851116915

ENGLISH & COMPUTER
Basic to Advanced Courses
English: Special, Speaking, writing.
Japanese, German, Korea, French, Spanish, Chinese
IELTS, JOB, VISA, Interview Pre.
Computer: Basic, Graphic, Web, Tally, Hardware & Programming
Tuition: All level & Subjects.
OASIS/MILLIEUX
LANGUAGE & COMPUTER INSTITUTE
OLCI – Galkopakha, Thamel
01-4359170, 4418912



# प्राविधिक शिक्षामा बढ्दो आकर्षण

पृष्ठ ६ बाट जारी

विषय उत्तीर्ण गरेपछि प्राथमिक स्वास्थ्यकेन्द्र, परिवार नियोजन, खोप कार्यक्रम आदिमा रोजगारीको अवसर हुन्छ। त्यस्तै स्वास्थ्यसम्बन्धी सरकारी, गैरसरकारी तथा निजी संघ-संस्थामा पनि रोजगारीको अवसर हुन्छ। जनरल मेडिसिन उत्तीर्ण भएपछि स्वदेशी तथा विदेशी विश्वविद्यालयमा ब्याचलर अफ पब्लिक हेल्थ अध्ययन गर्न पाइन्छ। यो पाठ्यक्रम सिटिइभिटीको स्कुल अफ हेल्थ साइन्स, चितवनमा मात्र अध्यापन हुन्छ भने निजी स्तरमा ४७ स्थानमा पढाइ हुन्छ। एउटा शिक्षालयमा ४० जना भर्ना हुन सक्छन्।

**डिप्लोमा इन फार्मेसी**

०६३/६४ देखि मात्र पढाइ सुरु भएकाले यो विषयमा कमै जनशक्ति उत्पादन भएका छन्। सिटिइभिटीका अनुसार गत वर्षसम्म फार्मेसी उत्तीर्ण गर्ने १ हजार ४ सय ४७ जना छन्। २१ वटा शिक्षालयले फार्मेसी पढाउने गरेका छन्। एउटा शिक्षालयमा ४० जना भर्ना क्षमता छ। डिप्लोमा इन फार्मेसी उत्तीर्ण भएपछि बीफर्मा अध्ययन गर्न पाइन्छ। रोजगारीका लागि स्वास्थ्य मन्त्रालयअन्तर्गतका विभिन्न अस्पताल, औषधी व्यवस्था विभाग, औषधी कम्पनीमा रोजगार पाइन्छ। यसैगरी निजी स्तरबाट औषधि उत्पादन गर्ने कम्पनी तथा औषधी पसलहरूमा समेत काम पाइन्छ।

**ल्याब टेक्नोलोजी**

यो विषय ०६३ देखि सुरु भएको हो। मुलुकभरका निजी ४४ कलेजमा यो विषयको अध्यापन हुन्छ। एउटा कलेजमा ३० जनाको भर्ना क्षमता छ।

सिटिइभिटीअन्तर्गत मेडिकल ल्याब टेक्नोलोजी बीएमएलटी पनि अध्ययन गर्न पाइन्छ। यो विषयका विद्यार्थीले जिल्ला अस्पतालदेखि क्षेत्रीय र राष्ट्रिय स्तरको अस्पताल तथा प्रयोगशालामा रोजगारी पाउन सक्छन्। निजी स्तरका क्लिनिक तथा अस्पतालमा ल्याब असिस्टेन्टका रूपमा जागिर पाइन्छ। निजी कलेजमा यो विषय अध्ययन गर्दा २ लाख ९० हजारदेखि ३ लाख १० हजार रुपैयाँसम्म खर्च लाग्छ।

**डिप्लोमा इन रेडियोग्राफी**

सरकारी तथा निजी अस्पतालमा एक्सरे विशेषज्ञका रूपमा रोजगार हुन डिप्लोमा इन रेडियोग्राफी अध्ययन गरेको हुनुपर्छ। यो विश्वविद्यालयको प्रवीणता प्रमाणपत्र तह रेडियोग्राफीको समकक्षी कार्यक्रम हो। सिटिइभिटीका अनुसार मुलुकका १५ वटा शिक्षालयमा रेडियोग्राफीको अध्यापन हुन्छ। एउटा शिक्षालयमा ३० जनाको भर्ना क्षमता हुन्छ।

**अन्य**

नर्सिङ, जनरल मेडिसिन, फार्मेसी, ल्याब रेडियोग्राफी जस्तै डेन्टल साइन्ससम्बन्धी जनशक्तिको माग पनि उत्तिकै छ। राजधानी, जिल्ला सदरमुकाम तथा मुख्य सहरमा खुलेका डेन्टल अस्पतालहरूमा जनशक्तिको माग बढ्दो छ। डेन्टल साइन्स पाँचवटा कलेजले सञ्चालन गरेका छन्। सिटिइभिटीअन्तर्गत अप्थाल्मिक साइन्स एक, आयुर्वेदिक साइन्स दुई एवं होमियोप्याथीको एउटा कलेज सञ्चालनमा छ।

## कृषि विधा

**आईएस्सी एजी**

कृषि विषयमा सञ्चालित आईएस्सी एजी कक्षा तीन वर्षको हुन्छ। यो विषय उत्तीर्ण गरेपछि त्रिभुवन विश्वविद्यालय र हिकास्टमा बीएस्सी कृषि तथा पशुपालन अध्ययन गर्न सकिन्छ। यो विषय सिटिइभिटीको राप्ती प्राविधिक शिक्षालय दाङ, निजीतर्फ नेपाल पोलिटेक्निक चितवन तथा मदन मेमोरियल एकेडेमी उर्लाबारीमा अध्यापन हुन्छ। एउटा शिक्षालयमा ४० जनालाई भर्ना लिने गरिएको छ।

**डिप्लोमा इन फुड एन्ड डेरी टेक्नोलोजी**

खाद्य प्रविधि विषयमा सञ्चालित डिप्लोमा इन फुड एन्ड डेरी टेक्नोलोजी अध्ययन अवधि तीन वर्षको हुन्छ। यो विषय अध्ययन गर्नेहरूले विभिन्न विश्व विद्यालयसँग सम्बन्धित विषयमा स्नातक तहमा भर्ना पाउँछन्। डिप्लोमा इन फुड एन्ड डेरी टेक्नोलोजी दुईवटा शिक्षालयमा अध्यापन हुन्छ, जसमा प्रत्येकको भर्ना क्षमता ४८ सिट छ।

## इन्जिनियरिङ विधा

**डिप्लोमा इन सिभिल इन्जिनियरिङ**

डिप्लोमा इन सिभिल इन्जिनियरिङ सिटिइभिटी तथा निजी क्षेत्रका २३ शिक्षालयले पढाउने गरेका छन्। एउटा शिक्षालयमा ४८ जना भर्ना लिइन्छ। सेती प्राविधिक शिक्षालय दीपालय र लाहान प्राविधिक शिक्षालयमा यो विषय अध्यापन हुन्छ। डिप्लोमा इन सिभिल इन्जिनियरिङ उत्तीर्ण गरेपछि विभिन्न विश्व विद्यालयमा सिभिल इन्जिनियरिङको स्नातक तहमा अध्ययन गर्न सकिन्छ।

**डिप्लोमा इन सर्भे इन्जिनियरिङ**

तीनवर्षे डिप्लोमा इन सर्भे इन्जिनियरिङ हाल भू-सूचना अध्ययन प्रतिष्ठान बानेश्वरमा अध्यापन हुन्छ। यहाँ अध्ययनका लागि ४८ जनाको भर्ना क्षमता छ। यो विषय उत्तीर्ण गरेपछि विभिन्न विश्व विद्यालयमा सर्भे इन्जिनियरिङ तर्फ स्नातक तह अध्ययन गर्न सकिन्छ।

**डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ**

डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ १७ वटा निजी शिक्षालयमा अध्यापन हुन्छ। त्यस्तै सिटिइभिटीको आफ्नै डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ बनेपाले पनि कक्षा सञ्चालन गरिरहेको छ। यो तीनवर्षे पढाइ हो। यो विषय नेपालमा मात्र नभै विदेशमा पनि लोकप्रिय मानिन्छ। सरकारी रोजगारी भन्दा स्वरोजगारतर्फ उन्मुख हुन यो विषय अध्ययन गरिन्छ।

**मेकानिकल इन्जिनियरिङ**

तीनवर्षे डिप्लोमा इन मेकानिकल इन्जिनियरिङ तीनवटा शिक्षालयमा अध्यापन हुन्छ। यसमा ४८ जनाको सिट क्षमता छ। इन्जिनियरिङ मध्ये मेकानिकल विषय सबैभन्दा खर्चिलो विषय मानिन्छ।

**इलेक्ट्रोनिक्स इन्जिनियरिङ**

इलेक्ट्रोनिक्स इन्जिनियरिङको कक्षा निजी क्षेत्रका ११ वटा प्राविधिक शिक्षालय सञ्चालनमा छन्। यो विषय पढेपछि सम्बन्धित क्षेत्रको प्राविधिक नायब सुब्बासरहको रोजगारी पाइन्छ। एउटा शिक्षालयको भर्ना क्षमता ४८ जनाको छ।

**इलेक्ट्रिकल इन्जिनियरिङ**

सिटिइभिटीको भेरी प्राविधिक शिक्षालय तथा बालाजु स्कुल अफ इन्जिनियरड एन्ड टेक्नोलोजीका साथै १० वटा निजी शिक्षालयमा इलेक्ट्रिकल इन्जिनियरिङ पढाइ हुन्छ। यो विषय उत्तीर्ण भएपछि विभिन्न विश्वविद्यालयमा डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङको स्नातक तथा अध्ययन गर्न सकिन्छ।



# उच्च शिक्षाका समस्या र समाधानका उपाय

एसएलसी परीक्षाको नतिजा प्रकाशन भएपछि सबै उत्तीर्ण विद्यार्थीको ध्यान उच्च शिक्षामा केन्द्रित भएको छ। उनीहरु एउटा खुड्किलो पार गरी अर्को खुड्किलोमा पाइला लम्काउने तयारीमा छन्, तर के ती पाइला सधैं दऱ्हो बन्लान् त ? वास्तवमा यो अवस्थामा विद्यार्थी र तिनका अभिभावकसमेतले एउटा बलियो निर्णय लिनुपर्ने आवश्यकता छ। नेपालको वर्तमान शिक्षाप्रणाली नै अन्यौलबाट गुज्रिरहेको छ। यस क्रममा साप्ताहिकले एसएलसीपछिको शिक्षाका समस्याहरु के हुन् र तिनको समाधानका लागि के गर्नुपर्ला भन्ने विषयमा विभिन्न क्षेत्रका व्यक्तित्वहरुसँग छलफल गऱ्यो। छलफल कार्यक्रममा शिक्षाविद् डा. विद्यानाथ कोइराला, उच्च माध्यमिक विद्यालय संघ (हिसान) का अध्यक्ष उमेश श्रेष्ठ, उच्च माध्यमिक शिक्षा परिषद्का सहसचिव डा. नारायणप्रसाद कोइराला र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) का कार्यकारी निर्देशक देवेश देवकोटा सहभागी हुनुहुन्थ्यो।



**डा. विद्यानाथ कोइराला**

**शिक्षाविद्**

अहिलेका विद्यार्थीको भविष्य कठिन मोडमा छ। उनीहरू पढे पनि नपढे पनि समस्यामा छन्। पढ्ने हो भने जुन उद्देश्यका साथ पढेको हो, त्यो उद्देश्य प्राप्त गर्न गाऱ्हो छ। उनीहरूले आफ्नो लक्ष्यअनुरूपको रोजगारी पाउन सक्दैनन्। उनीहरू बेरोजगार भएर बस्नुपर्ने अवस्था छ। फेरि उनीहरू थोरै पढेकाहरूले गर्ने काम गर्न पनि सक्दैनन्। उनीहरू त्यस्तो चाहँदैनन् पनि। यसले गर्दा नकारात्मक मानसिकताको विकास हुन्छ। नपढेर बस्ने हो भने त अझ गाऱ्हो हुने नै भयो। घरमा बसेर केही काम हुँदैन। सामाजिक सम्मान पनि हुँदैन। सबैले हेयको दृष्टिकोणले हेर्छन् अनि भविष्य पनि अन्धकार नै हुन्छ।

यसका लागि राष्ट्रले नै थाम्न सक्ने विचारलाई मात्र अघि बढाउनु आवश्यक छ। पढाउने बेलामै पढ्ने पुस्तक कसरी बन्छ भन्ने कुरा जान्न सक्ने शिक्षा हासिल गर्ने वातावरण निर्माण गर्नुपर्छ। यसले गर्दा विद्यार्थीहरूमा स्वतः गरिखाने चिन्तनको विकास हुन्छ। पढाउने तरिका बदल्नु आवश्यक छ। यसका लागि दुई कुरामा ध्यान दिनुपर्छ। पहिलो शिक्षकलाई नै विकल्प खोज्न लगाउनुपर्छ। उनीहरूले यो चाहिन्छ भनेर माग गर्नुभन्दा आफूसँग के छ र के गर्नुपर्छ भन्ने भावनाको विकास गर्न सक्नुपर्छ। यसका लागि शिक्षकलाई पुनर्ताजगी तालिमको व्यवस्था गर्नुपर्छ। यो तालिम स्कुल-स्कुलका कक्षामा उपलब्ध गराउनुपर्छ। यसले गर्दा कक्षाको परिस्थित हेरेर त्यसैअनुरूप पढाइको वातावरण निर्माण गर्नुपर्छ। दोस्रो शिक्षकलगायत यो क्षेत्रमा कार्यरत सबैमा राम्रो चिन्तन आयो भने त्यसलाई व्यावहारिकता प्रदान गर्न विद्यालय वा कलेजमा निश्चित कोषको व्यवस्था गर्नुपर्छ। यसले उनीहरूलाई आफूअनुकूलका कार्यक्रम सञ्चालन गर्न सघाउ पुग्छ।

अबको अवस्थामा विद्यालय वा कलेजले शिक्षक तालिमको जिम्मेवारी लिनु हुँदैन। यसको जिम्मेवारी बजारलाई छोडिदिनुपर्छ। विभिन्न बिजनेस हाउसहरूले यो कार्य सञ्चालन गर्न सक्छन्। त्यसैगरी एसएलसीपछि सबै विद्यार्थीले उच्च शिक्षा हासिल गर्न सक्ने अवस्था छैन। यसका लागि हामीले उनीहरूलाई वैकल्पिक शिक्षाको व्यवस्थासमेत गर्नुपर्छ। विभिन्न सञ्चारमाध्यमको सहायता लिएर हामी त्यो लक्ष्यलाई पूरा गर्न सक्छौं। यसो हुँदा ती विद्यार्थीहरू त्यसैबाट शिक्षा प्राप्त गरी समय-समयमा जाँच दिएर उच्च शिक्षा हासिल गर्ने आफ्नो लक्ष्य पुरा गर्न सक्छन्।



**उमेश श्रेष्ठ**

**अध्यक्ष, उच्च माध्यमिक विद्यालय संघ (हिसान)**

राज्यले एसएलसीपछिको शिक्षालाई प्राथमिकतामा राखेन। उच्च शिक्षा सञ्चालन गरिरहेका सार्वजनिक उच्च माविलाई दुईवटा राहत शिक्षक दरबन्दी मात्र दिएर पन्छिन खोज्यो। यसले गर्दा लगभग यो सबै जिम्मेवारी निजी उच्च माविले मात्र पूरा गरिरहेका छन्। उनीहरूबीचमा अस्वस्थ प्रतिस्पर्धा छ। उनीहरूकै बारेमा जनगुनासो पनि बढी छ। जथाभावी स्वीकृति दिनाले शिक्षाको स्तर पनि खस्किरहेको छ। सञ्चालकका बारेमा कुनै मापदण्ड निर्धारण नगर्दा एउटै सञ्चालकले धेरै स्थानमा कलेज खोल्ने लहर नै चलेको छ। गाउँघरका कलेजहरूमा भौतिकलगायतका अन्य आवश्यक पूर्वाधार छैन। प्रमाणपत्र तह हटाए पनि खासगरी विज्ञान संकाय सञ्चालन गर्न चाहनेहरूले योग्य शिक्षक प्राप्त गर्न नसक्ने अवस्था छ। अहिले देशभरमा लगभग ५ प्रतिशत मात्र यो संकाय पढाउने शिक्षक पाइन्छन्।

यो अवस्थामा विद्यार्थी र अभिभावकले सही कलेज छनोटका लागि मस्तिष्क खियाउनुपर्ने अवस्था छ। कतिपय कलेज एउटा कन्सल्टेन्सीका रूपमा समेत विकास भैरहेका छन्। यसका लागि उनीहरूले कलेजको इतिहास, संचालकको योग्यता आदि गहिरिएर अध्ययन गर्नुपर्ने आवश्यकता छ। यी सबै समस्या समाधानका लागि देशका विभिन्न स्थानमा नमुना स्कुल वा कलेज सञ्चालन गर्नुपर्छ। देशमा भएका सार्वजनिक कलेज राम्रा भए नै निजी कलेज पनि राम्रा हुन्छन्। उनीहरूले एक-अर्काको परिपूरकका रूपमा भूमिका खेल्नुपर्छ, बरु यसका लागि सरकारले कोषको व्यवस्था गर्नुपर्छ। यसो हुँदा प्रत्येक व्यक्तिका लागि सरकारले शिक्षामा कति लगानी गर्न सक्छ, त्यही अनुपातमा यो कोषमा गरिब बिद्यार्थीका लागि लगानी गर्न सकिन्छ। अनि त्यसलाई उसको इच्छाअनुसारको शैक्षिक संस्थामा अध्ययन गर्नका लागि खर्च गर्न सकिन्छ।



**डा. नारायणप्रसाद कोइराला**

**सहसचिव**

**उच्च माध्यमिक शिक्षा परिषद**

आफूले अध्ययन गर्ने शैक्षिक संस्था छनोट गर्न अभिभावक र विद्यार्थीहरूलाइ निकै समस्या छ। अहिले सञ्चारमाध्यममा आउने विज्ञापन विज्ञापन मात्र नभै एक प्रकारको प्रोपोगान्डाका रूपमा विकसित भएका छन्। यस प्रकारका विज्ञापन रोक्न चुनौती नै खडा भएको छ। विज्ञापन आफैंमा नराम्रो होइन, अहिलेको जमानामा सुविधाको उपयोग गर्नु स्वाभाविक पनि हो। आफ्नो व्यवसायलाई अघि बढाउन केही हदसम्म यो आवश्यक पनि होला। व्यवस्थापनको भाषामा पनि यो ठीक छ, तर यसले यो हद पार गरेर अघि बढ्यो भने नराम्रो हुन्छ र राज्यले पनि नियन्त्रण गर्न सक्दैन। अहिले यो मामिलामा शैक्षिक संस्थाहरू अराजक बनेर आएका छन्। स्वतन्त्र बजार व्यवस्थाका नाममा शिक्षामा खतरनाक प्रवृत्ति भित्रिएको छ। यसलाई नियन्त्रण गर्न शिक्षा मन्त्रालयअन्तर्गतका संस्था मात्र होइन, स्वयं शिक्षा मन्त्रालयले समेत नसक्ने अवस्थामा छ।

अहिले शिक्षा व्यापारमा रूपान्तरण भएको छ। केको व्यापार गर्ने भन्दा शिक्षाको भन्ने सोच सबैमा आउँछ। अहिले गरिखाने बाटो नै शिक्षा भएको छ। कुनै जमानामा गार्मेन्ट, कार्पेटको व्यापार मौलाएजस्तो अहिले शिक्षाको व्यापार मौलाएको छ। यही व्यापारमा अधिकांश राजनैतिक दलका व्यक्ति सम्मिलित छन्। उनीहरू सारा शक्ति खन्याएर यसैमा लागेका छन्।

यो अवस्थामा समेत उच्च माध्यमिक शिक्षा परिषद्ले धेरै काम गरेको छ। अराजक रूपमा प्रस्तुत हुने शैक्षिक संस्थाहरूलाई समय-समयमा कारबाही पनि गरेको छ। यसले गर्दा नै अहिले केही नियन्त्रणको अवस्थामा आएको हो, नत्र यो कहाँसम्म पुग्थ्यो भन्न सकिँदैन, तर पनि यसलाई अझ व्यवस्थित गर्न राजनीतिक प्रतिबद्धता चाहिन्छ।



**देवेश देवकोटा**

**कार्यकारी निर्देशक, सिटिइभिटी**

हामीले सञ्चालन गर्ने कार्यक्रमको तह अलि क्लियर भएन। हामीले एसएलसी उत्तीर्ण मात्र होइन, अनुत्तीर्णलाई समेत प्राविधिक शिक्षा प्रदान गरिरहेका छौं। एसएलसी गरेर अध्ययन गरेकाहरूले माथिल्लो शिक्षा अध्ययन गर्न पाउँछन्, तर अन्डर एसएलसीले पाउँदैनन्। खासगरी सिएमए र अनमी गरेकाहरूमा यो समस्या छ। पहिले यसको क्षेत्र अहिलेभन्दा व्यापक थियो। यसले गर्दा गाउँगाउँमा यस्ता जनशक्ति उत्पादन भए। त्यतिखेर माथिल्लो तहको शिक्षाका बारेमा पनि चिन्ता भएन, तर अहिले उनीहरूलाई पनि माथिल्लो तह अध्ययन गर्नुपर्ने आवश्यकता भयो।

अहिले सिटिइभिटीले प्राविधिक शिक्षामा प्रमाणपत्र तहसम्मको शिक्षा मात्र प्रदान गरिरहेको छ। हाम्रो आफ्नै विश्वविद्यालय छैन। त्यसैले हामीले उत्पादन गरेका जनशक्तिले माथिल्लो तह अध्ययन गर्न उनीहरूको प्रावधानलाई मान्नुपर्ने बाध्यता छ। त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय आदिले अन्डर एसएलसी गरेका जनशक्तिलाई मान्यता दिएका छैनन्। भविष्यमा कुनै व्यवस्था हुन सक्ला, तर तत्कालका लागि यसको कुनै समाधान देखिएको छैन।

प्राविधिक शिक्षालाई रोजगारमूलक शिक्षा मान्ने प्रचलन समेत छ। यो एक प्रकारले सही पनि हो। रोजगारी पहुँच उच्च भएको र कम खर्चमा देशका लागि चाहिने मध्यम स्तरीय जनशक्ति उत्पादन गर्न यसले धेरै सहयोग पनि पुऱ्याएको छ, तर यो अवस्था सधैं रहने सम्भावना छैन। पहिलेको तुलनामा यसको कार्यक्षेत्र पनि घट्दै गएको छ। अहिले प्राविधिक क्षेत्रका उच्च जनशक्ति तयार हुँदै गएका छन्। फेरि कृषिप्रधान देश भए पनि यसका लागि आवश्यक पूर्वाधार निर्माणमा सरकारले कुनै चासो देखाएको छैन। शैक्षिक संस्थाहरूले आवश्यक जनशक्ति उत्पादन गर्छन्, तर तिनको उपयोगका लागि आवश्यक संरचना निर्माण हुन सकेको छैन। जति जनशक्ति बढ्दैछ, त्यस अनुरूपका सम्भावनायुक्त क्षेत्रको कमी हुँदै गएको छ। यसले गर्दा समस्या सिर्जना हुँदैछ। यसका लागि सरकारले भैरहेका क्षेत्रमा पनि आवश्यक सुधार गरी नयाँ रोजगारमूलक क्षेत्रको पहिचान गर्नु आवश्यक छ।

**प्रस्तुति : एकराज सुवेदी**


"विगत वर्षहरुको गहिरो अनुभव र हाम्रो सफलता"

**प्राइभेट**

**TEST/SLC–067**

**कक्षा–१०मा भर्ना खुल्यो !**

कक्षा ८ पास, भर्खरै 9/Test फेल भएका तथा SLC फेल भएर निराश भई बसेका तथा अवसर खोजी गर्दै अध्ययन निरन्तर गर्न चाहनेहरूका लागि सूवर्ण अवसर ... !

हाम्रा विशेषताहरू

- अनुभवि तथा दक्ष शिक्षक–शिक्षिका
- नि:शुल्क शैक्षिक सामग्री
- उचित शैक्षिक परामर्श तथा प्रोत्साहन
- कमजोर विद्यार्थीहरूको लागि नि:शुल्क छुट्टै कक्षाको व्यवस्था
- Weekly, Monthly र Terminal परीक्षा तथा पृष्ठपोषण
- उत्पीडित वर्ग, गरिब तथा जेहेन्दार विद्यार्थीहरूको लागि विशेष छात्रवृत्ति प्याकेज,
- विगत वर्षहरूमा १००% विद्यार्थीहरू पास गराउन सफल ।

भर्खरै SLC दिएर बसेका विद्यार्थीहरूलाई English Language र Computer Training मा विशेष छुट, सिट सिमित छ ।

कक्षा समय: बिहानी/ दिवा

जि.शि.का. तथा EIA नेपालद्धारा मान्याता प्राप्त

विस्तृत जानकारीका लागि :

**नववुद्ध OPEN SCHOOL**

चाबहिल
४४७५३००/०१६२१२३५७
(चावहिल चोकदेखि गणेशथान जाने बाटो)

शोभाभगवती, ढल्कुचोक
४२५०५३३, ९८४९१६९०६७
(इन्द्रेणी मन्दिरको अगाडि)



**What after Exam ?**

**उद्घोषण/ANCHORING**
(RJ / VJ / STAGE / NEWS / TECHNICIAN)

Public Speaking / Speech Art
Personality & Confidence Development
(Mass को अगाडी बोल्न नसक्नेको लागि)

**The Media's Collection**



Bagbazar (Opp. to Petrol Pump) Ph: 4233042
Chardobato, Banepa (opp. to Red Cross):-011-664506
Also in Pokhara and Itahari Rs. 1000/- Discount

*Job opportunity for the best*



**कक्षा ११ मा भर्ना खुल्यो !**

**एक्टिभ एकेडेमी कलेज** बसुन्धरामा **कक्षा ११ (व्यवस्थापन, मानविकी र शिक्षा कार्यक्रम) मा शैक्षिक सत्र २०६७ को लागि नयाँ भर्ना खुल्यो । साथै** B.A.TU, BBSTU, B.Ed.TU, MATU (Sociology/Anthropology) र B.Ed. (One Year) मा समेत भर्ना खुल्ला गरिएको छ ।

थप जानकारीका लागि:

**एक्टिभ कलेज**

वसुन्धरा, काठमाडौं, फोन नं. : ४३५६४००





# कम महत्वका छैनन्

# कुनै पनि विषय

● **सागर शर्मा**

एसएलसी परीक्षाको नतिजाको प्रकाशनसँगै विद्यार्थीहरूले आफ्नो उच्चशिक्षाका बारेमा सोच्नुपर्ने समय आएको छ। कतिपय विद्यार्थीले नतिजाको प्रकाशनअगावै कुन विषय कहाँ अध्ययन गर्ने भन्ने सामान्य मार्गचित्र बनाइसकेका हुन्छन्, तथापि केही विद्यार्थी एसएलसी परीक्षाको नतिजाको प्रकाशनपछि आफूले प्राप्त गरेको अंकका आधारमा अध्ययन गर्ने विषय तथा कलेज छान्दछन्। नतिजा प्रकाशन भैसकेपछि झट्ट विद्यार्थीहरू कुन विषय पढ्ने भन्ने सन्दर्भमा अन्योलमै रहेको पाइन्छ। आफूले प्राप्त गरेको अंक कुन विषय पढ्नका लागि योग्य हुन्छ अनि कुन विषय पढ्नु उपयुक्त छ भनेर विद्यार्थीहरूले चाँडै निचोड निकाल्न पनि सक्दैनन्। कोही आवश्यक वातावरण बुझेर आफूलाई उपयुक्त हुने विषयको खोजीमा लाग्छन् भने कोहीचाहिँ आफूले पढ्ने विषयको जिम्मा आफ्ना अभिभावक तथा शिक्षकहरूमा सुम्पिएर ढुक्क हुन चाहन्छन्।

प्लस टु कलेजहरूमा एसएलसी परीक्षाको नतिजा प्रकाशनपछि भर्ना प्रक्रिया सुरु हुने भए पनि ए लेभलमा भने यो कुरा लागू हुँदैन। अन्तर्राष्ट्रिय स्तरको यो विषयका लागि एसएलसी परीक्षाको नतिजा प्रकाशनपूर्व नै 'इन्ट्रान्स' परीक्षा लिएर सो को नतिजा प्रकाशन गरी एसएलसी परीक्षाको नतिजा प्रकाशन हुने समयमा धेरै शिक्षण संस्थामा पढाइ नै सुरु भैसकेको हुन्छ। यो वर्ष पनि ए लेभलको पढाइ सुरु भैसकेको छ। नेपालमा पहिले अलिक कम कलेजमा मात्र यसको अध्यापन भए पनि अहिले थुप्रै कलेजमा यो विषय समाविष्ट छ। प्रवेश परीक्षामा उत्तीर्ण विद्यार्थीले ए लेभल पढ्ने योजनाअनुरूप अध्ययन प्रारम्भ गरिसकेको अवस्थामा एसएलसी परीक्षाको नतिजा प्रकाशनपछि विषय रोजौँला भन्ने विद्यार्थीहरूका लागि पनि अवसर बाँकी नै छ, केही कलेजमा अझै ए लेभलमा भर्ना लिइँदैछ। खासमा यो विषय प्लस टु वा सो सरहका अन्य विषयका तुलनामा केही राम्रो र नयाँ छ। यसमा समाविष्ट पाठ्यक्रम तथा परीक्षा लिने व्यवस्था पनि अरूभन्दा फरक तथा राम्रो छ। यसमा विद्यार्थीमा भएको क्षमताको पूर्ण रूपमा मूल्याङ्कन गरिन्छ। परीक्षामा गरेको प्रस्तुतिको मूल्याङ्कन तथा नतिजा प्रकाशनमा पनि ए लेभल अरुभन्दा अगाडि देखिन्छ।

ए लेभल केही विद्यार्थीका लागि नयाँ विषय भए पनि प्लस टु सबैले बुझेको कुरा हो। प्लस टु मा फरक-फरक किसिमका संकाय भए पनि विद्यार्थीहरूले कुनै संकायलाई कम महत्त्व दिन्छन् भने कुनैलाई बढी। राम्रो नतिजा प्राप्त गर्ने जोसुकैले पनि अहिले विज्ञान संकाय रोज्न थालेका छन् भने यो 'क्याटगोरी'का कमै मात्र विद्यार्थीले अन्य संकाय रोजेको पाइन्छ। राम्रो अंक आयो भन्दैमा विज्ञान नै पढ्नुपर्छ, अरू विषय पढ्नै हुँदैन भन्ने केही छैन। सबैको एउटै सोचाइ छ, साइन्स पढेपछि त भविष्य त्यसै राम्रो भैहाल्छ, तर वास्तविकता त्यो होइन। अरू संकायका पाठ्यक्रम पढेर पनि आशातीत प्रगति गर्न सकिन्छ भने यो संकायमा आवश्यक मेहनत नगरे सफलता पाउन कठिन हुन्छ। खासमा पहिले पर्याप्त विचार नपुऱ्याई विज्ञान संकाय नै रोज्ने अनि पछि गएर पछुताउनुभन्दा पहिले नै आफूलाई ठीक हुने संकाय कुन हो राम्रोसँग यकिन गर्नुपर्छ। यो संकायमा भर्ना हुन्छु भनेर हतारमा निर्णय गरी पछि गएर पछुताउनुभन्दा बरु अरू जुनसुकै संकाय किन नहोस्, त्यसमा आफू उत्कृष्ट भएर निस्कन सके त्यही क्षेत्रमा आफ्नो 'भोलि'लाई स्थापित गर्न सकिन्छ, सफल भएको ठहर्नेछ।

अहिले विद्यार्थीको लहर विज्ञान र व्यवस्थापन संकायमा छ भने अरू संकाय कमजोर विद्यार्थीले मात्र पढ्ने संकाय हो भन्ने मानसिकता विकसित भएको छ। खासमा राम्रोसँग पढे जुनसुकै संकायमा अध्ययन गरे पनि 'करियर' निर्माण गर्न सकिन्छ। विज्ञान संकायमा अध्ययन गरेर मात्र सफलता हात पार्न सकिन्छ भन्ने मानसिकतालाई तोड्नु आवश्यक छ। हाम्रै देशमा पनि थुप्रै व्यक्ति अरू संकायमा अध्ययन गरेर पनि राम्रो छवि बनाउन सफल भएको स्पष्ट छ। उदाहरणका लागि, आफ्नो 'करियर' इन्जिनियरिङमा नदेखेपछि त्यो विषय 'ड्रप' गरी 'फिल्म स्टडिज'मा लागेका अनुप पौडेललाई लिन सकिन्छ। अन्तर्राष्ट्रिय स्तरको 'डेमोक्रेसी भिडियो' प्रतियोगितामा उनले 'डेमोक्रेसी इज ब्ल्याक' नामक सानो फिल्म निर्माण गरेर प्रथम भएको धेरै भएको छैन। उनले अहिले जुन सफलता पाए, इन्जिनियरिङ नै अध्ययन गरिरहेको भए सायद यो स्तरको सफलता पाउने थिएनन्। जुनसकै विषयमा पनि आफू राम्रोसँग लागिपरिन्छ भने त्यसमा सफलता पाइन्छ भन्ने कुरालाई सबैले मनन गर्नुपर्छ।

अहिले प्लस टु मा विज्ञान र व्यवस्थापन संकायका अतिरिक्त मानविकी, शिक्षाजस्ता संकाय पनि छन्, जुन् उत्तिकै महत्त्वका संकाय हुन्। यी संकायमा पनि राम्रोसंग मेहनत गरियो भने भविष्य निर्माण गर्न सकिन्छ। जस्तो उपलब्धि अनुपले प्राप्त गरे, यी संकायमा अध्ययन गरेर त्यस्ता उपलब्धीहरू अरू पनि प्राप्त गर्न सकिन्छ। खासमा संकायको नामबाटै यो उपयुक्त वा यो अनुपयुक्त भनेर छुट्याउनुभन्दा पनि त्यहाँभित्र लुकेका गहन कुराहरू जुन आफूले ग्रहण गर्न सकिन्छ, त्यसका बारेमा बुझ्नु राम्रो हुन्छ।

अहिले प्लस टु नपढी अरू 'टेक्निकल' विषय पढ्छु भन्ने इच्छा छ भने त्यसका लागि पनि 'अप्सन'हरू उपलब्ध छन्। छात्रहरूले एसएलसीपछि 'ओभरसियर', 'ल्याब एसिस्टेन्ट', 'ल्याब टेक्नीसियन' तथा छात्राहरूले 'स्टाफ नर्स' जस्ता विषय अध्ययन गर्न सक्छन्। जुनसुकै विषय अध्ययन गरे पनि राम्रोसंग मेहनत गरे सफलता आफ्नै हातमा हुन्छ। त्यसैले यो विषय राम्रो र यो नराम्रो भनेर आवश्यक कुरा नबुझी ठोकुवा गर्नुभन्दा पनि सबै विषयको महत्त्व उत्तिकै भएको कुरा मनन गर्नुपर्छ र अन्तमा उपलब्ध सबै विषयमध्ये आफूलाई उपयुक्त हुने खालको, लक्ष्यअनुरूपको विषय अध्ययन गर्नु राम्रो हुन्छ।

RJ VJ MC
उद्घोषण तालिम
रेडियोकर्मीद्वारा सञ्चालित उद्घोषण तालिम केन्द्र
ख्याती प्राप्त संचारकर्मी **दिनेश डि.सी.**का साथमा
रू१०००/ छुट
मृदुला खनाल   मुनाल शिशिर   रबि थापा
सन्तोष खनाल   केशबजङ्ग पाण्डे   नबिन लुँइटेल
हिरामणि तिमल्सिना   मधु नेपाल   R.D. श्रृंखला
BIKALPA THE OPTION
फोन: ०१–२२९०१६८, ०१–४२४१७०९
बागबजार, काठमाडौं (श्रेष्ठ टेलरिङ्गको दाहिनेपट्टि)
विकल्प FM TIME मा कार्यक्रम चलाउने १००% ग्यारेण्टी

६ महिना मै +2
तथा Math/Science/Test नदिईकनै S.L.C. पास !! (Nios Delhi Board)
Arts Commerce Science
अन्तिम भर्ना !!
+2, 'A'Level तथा PCL फेल भएता पनि ६ महिना पढेर एक वर्ष मै +2 पास गर्न सकिने, ११ को नपढी सिधै १२ को मात्रै पढेर Exam दिन पाईने, कक्षा ८, ९ Test फेल भएता पनि Test नै नदिईकन SLC दिन पाईने, कुनै ५ विषय मात्र पास गरे पुग्ने, पास गर्न सजिलो, TU, KU तथा विश्व भरी मान्यता प्राप्त, जागीरे तथा गृहणीले घरमै पढेर पनि परीक्षा दिन सकिने, नेपाली तथा अंग्रेजीमा परीक्षा दिन पाईने।
बाहिर बाट आएकाहरुलाई होस्टेलको व्यवस्था।
प्राईभेट Test/SLC-2067
कक्षा ८ पास तथा भर्खरै कक्षा ९, १० वा Test/ SLC फेल भई विविध कारणले पढ्न नपाएकाहरूका लागि कक्षा ९ नपढी सिधै १० कक्षाको मात्रै पढेर SLC दिन पाइने एक वर्षे प्राईभेट Test/ SLC कक्षामा अन्तिम भर्ना लिईदै गरेको हुदाँ चाडै सम्पर्क गर्नुहोला।
दुई वर्ष मै BA., BBS., PASS!!
SLC पूरक परिक्षाको लागि Math./Sci./Eng. को विशेष तयारी कक्षाहरु।
डिप्लोम्याटिक एकेडेमी
कुमारीपाटी: 5549139, 9851021665
लगनखेल: 5531437
ओरियन एकेडेमी
सामाखुशीपुल: 4388400, 9851021071
चावाहिल: 4460091, 9851085823
नयाँ बानेश्वर: 4484634, 9841160529

एभरेष्ट कलेज अफ मल्टिपल स्टडिज्
(एभरेष्ट आ.उ.मा.विद्यालय) गल्कोपाखा, ठमेल,काठमाण्डौ)





शैक्षिक सत्र ०६७/६८ को लागि Science, Management र Humanities संकायको कक्षा ११ मा भर्नाको लागि आवेदन फाराम वितरण भैरहेको छ।
हाम्रा विशेषताहरु :
- Experienced Faculties
- CCTV Surveillance Classes
- Electronic Attendance System
- Well equipped Laboratories / Library
- Use of Multimedia in Class Room
- Interactive Class Room Activities

अन्य जानकारीको लागि :
फोन: ४३५२३५८, ४३५२२२४
(बिहान ६:०० देखि बेलुकी ६:०० बजे सम्म - शनिवार समेत)



# इभेन्ट म्यानेजमेन्टमा मस्त

रफ एन्ड टफ र आकर्षक व्यक्तित्वका धनी ६ फिट अग्लो शरीरका २६ वर्षीय दीपक घिमिरेको परिचय परिवर्तन भएको छ। हिजोआज उनलाई प्राय: सबैले 'खैरे' भनेर सम्बोधन गर्छन्। यसको कारण हो, नेपाल टेलिभिजनबाट प्रसारण भैरहेको 'जीरे खुसार्नी' नामक चर्चित हास्यटेलिश्रृङ्खलाको प्रसारित पछिल्लो एपिसोडमा उनी विदेशी पर्यटकको भूमिकामा देखा परे। उनलाई ती एपिसोडमा खैरेकै संज्ञा दिइएको थियो। खैरेको परिचय बनाएका दीपकको मुख्य पेसा भने इभेन्ट म्यानेजमेन्ट हो। झट्ट हेर्दा चलचित्र नायकभन्दा कम नदेखिने दीपकलाई चलचित्र खेल्ने अफर नआएको भने होइन।

इभेन्ट म्यानेजमेन्टको क्षेत्रमा सन् २००३ देखि लागेका दीपक त्योभन्दा अघि मोडलका रूपमा पन्जावी म्युजिक भिडियोमा फिचर भएका थिए। उनले सन् २००२ मा भएको दुबई ग्लोबल फेस्टिभलमा क्याटवाकसमेत गरेका थिए। नाम, दामसागै आफ्नो मौलिक परिचय बोकेको नेपाली गीत संगीत, नृत्य, वेशभूषा, परिकार आदिको प्रवर्द्धनका लागि इभेन्ट नै उपयुक्त हुने बताउने दीपकले पञ्जाव चण्डीगढमा इभेन्ट म्यानेजमेन्टसम्बन्धी काम गरेको अनुभव सागालेका छन्। इभेन्टमै रमाउने दीपक राम्रो भूमिका पाए अभिनयतिर पनि आफ्नो भाग्य परीक्षण गर्ने सोचमा छन्।

# डबिङ गर्न मुम्बई आउनु



नायक निखिल उप्रेतीको मुम्बई बसाइ लम्बिँदैछ। उनी कहिलेसम्म मुम्बई बस्छन् वा सदाका लागि उतै बस्ने हुन् भन्ने टुंगो नलागे पनि यहाँका निर्माताहरूका लागि भने निखिल 'खर्च बढाउने नायक' भएका छन्। निखिलले नायिका सञ्चिता लुइँटेललाई दुलही बनाई मुम्बई जानुअघि नै छायांकन सकिएका चलचित्रहरूको स्वरांकन अर्थात् डबिङ नगरिदिँदा निर्माताहरूको ढाड सेकिएको छ। एक त ३ लाख रुपैयाँ खनखनी गनेर निखिललाई आफ्नो चलचित्रमा नायक लिएकोमा उनीहरूलाई पछुतो छ। निखिलले समेत अभिनय गरेको चलचित्र 'धर्मा'की निर्मात्री दुर्गा पोखरेल उनको स्वरांकन गराउन मुम्बई पुगेकी छिन्। हवाई शुल्क, होटल, खाना, यातायात तथा डबिङ स्टुडियोको खर्च उनको चलचित्रको बजेटमा गाभिने पक्का छ। अर्कातर्फ निर्माता दीपकरमणले पनि निखिलको स्वर मिल्ने वा उनको दुरुस्त नक्कली स्वर निकाल्न सक्ने 'डबिङ आर्टिस्ट' नभेटेपछि निर्देशक सुमन दाहालका साथ मुम्बई जाने निधो गरेका छन्। निखिलले रमेश पोखरेलको चलचित्र 'आफ्नै मनलाई सोधी हेर'को स्वरांकन पनि गर्न बाँकी छ। उनलाई पनि निखिलको स्वर नै चाहिन्छ। हालै निखिल काँकडभित्तामा देखा परे पनि उनकी नवविवाहिता सञ्चिताले जस्तो बाँकी रहेका चलचित्रको डबिङ गर्न दुई–तीन दिनका लागि भए पनि काठमाडौं आउने कष्ट उनले गरेनन्। निखिलको स्वरमा डबिङ गराउने हो भने मुम्बई पुग्नैपर्ने बाध्यताले निर्मातालाई थप २ लाख मारमा पारेको छ। निखिलले निर्माताको उक्त खर्च आफूले गरिदिने बताएको कुरा सुनिए पनि व्यवहारमा भने निर्माताहरू आफैं 'मुर्गा' हुन बाध्य छन्।



# 'किस' बाजी

रेखा थापालाई चुम्बन गर्ने रहर कुन ठिटोलाई नहोला ? उनीसँगै नायक भएर लगातार तीनवटा चलचित्रमा अभिनय गरिसकेका आयुष रिजाललाई त रेखालाई चुम्बन गर्ने विछिट्टै रहर रहेछ। तब त विश्वकप फुटबलको फाइनलमा उनले रेखासँग चुम्बन बाजी थापे। आफ्नो फेभरेट टिम अर्जेन्टिनाले चार गोल खाएपछि निराश भएकी रेखाले नेदरल्यान्डको सपोर्टमा आयुषसँग बाजी थापिन्। उनीहरूले स्पेनका सपोर्टर आयुषको टिम 'स्पेन'ले हार्दा रेखाले उनको गालामा जोरदार थप्पड हान्ने र नेदरल्यान्डले हारेको खण्डमा आयुषले रेखालाई 'किस' गर्ने बाजी थापे। फुटबल फाइनल हुनुभन्दा केही घण्टाअघि एउटा न्युज च्यानलको एक प्रत्यक्ष प्रसारण कार्यक्रममा सञ्चालिका रिमा विश्वकर्मासमक्ष बाजी थापेपछि रातिको खेलमा नेदरल्यान्ड हारेपछि रेखाले स्वत: बाजी हारिन्। रेखा भन्छिन्- 'किस बाजी हारेकै हो, तर किस गालामा खानु पर्ने शर्त थियो।' यद्यपि आयुषले रेखाको मुलायम गालामा चुम्बन गर्ने सुअवसर पाएका छैनन्, जबकि आयुष र रेखा अहिले एउटै चलचित्र 'च्यालेन्ज'को छायांकनमा व्यस्त छन्। आयुष भन्छन्- 'त्यो एउटा रमाइलो वार्ता थियो, मैले त्यो बाजीलाई सिरियस्ली लिएको छैन।' हाम्रो विचारमा बाजी हारेपछि आयुषले रेखालाई त्यो पनि नेसनल न्युजको त्यही कार्यक्रममा प्रत्यक्ष रूप चुम्बन गर्नुपर्छ, नत्र दर्शकहरू त निराश भैहाल्छन् नि।

# जिल्ल पर्‍यो मेरीबास्सै



लोकप्रिय हास्य टेलिश्रंखला मेरीबास्सै गत शनिबार प्रसारण भएन। छायांकन गरेर बुझाइसकेको मेरीबास्सैको त्यो दिनको श्रृंखला प्रसारण नभएको देखेर दर्शकहरू छक्क पर्नु त स्वाभाविक थियो, स्वयं मेरीबास्सैका निर्देशक तथा मुख्य कलाकार सीताराम कट्टेल धुर्मुस र केदार घिमिरे माग्नेबूढासमेत तीनचित खाए। 'प्रसारणका लागि तयार पारिएको भिडियो टेप बुझाइसकेका थियौं' धुर्मुसले भने- 'तर प्रसारण भएन, समय सरेको हो कि जस्तो लागेको छ।'

किन अचानक बन्द भयो त मेरीबास्सै ? हास्यश्रृंखलाहरूमध्ये दर्शकले अत्यधिक रुचाएको मेरीबास्सै हठात कुनै निर्णयबाट बन्द भएको नभै टेलिभिजनको आर्थिक कारोबारका कारण बन्द भएको हो। मिडिया हबले समय किनेर चलाएको मेरीबास्सै शनिबार बेलुकी ८ बजेको समाचारपछिको समय टेन्डर प्रक्रियामा सिङ्को मिडियाले खरिद गरेकाले यसको प्रसारण रोकिएको हो। मिडिया हबले उक्त समयका लागि तिरेको शुल्कभन्दा बढी शुल्क पाएपछि टेन्डर प्रक्रियामा उक्त समय सिङ्क्रोले पाएको हो। त्यसैले यतिबेला मिडिया हब मेरीबास्सैका लागि समय मिलाउने तयारीमा लागेको छ। 'अन्य विज्ञापन एजेन्सीले लिएको समय खरिद गरेर मेरीबास्सैको समय मिलाउने बताइएको छ,' धुर्मुसले भने- 'भएन भने कान्तिपुर टेलिभिजनमा जाने कुरा पनि छ।'


**The Pioneer Air Hostess Training Institute in Nepal**

*Congratulation to our successful students in*
United Airways (BD)



Aishworya Basnet | Ghyana Sherpa | Manjil Ranjitkar
Namrata Dahal | Priyanka Basnet | Rojina Udas

**ADMISSION OPEN**
for
Air Hostess & Flight Steward

AIR HOSTESS TRAINING INSTITUTE PVT. LTD.
NECO Complex-4th Floor, (Opp. BICC, Main Gate)
New Baneshwor, Kathmandu, Nepal
Ph# 478 3564, 204 2030 E-mail: ahti@wlink.com.np
www.airhostessnepal.com.np



जि.शि.का. बाट मान्यता प्राप्त
**भर्ना खुल्यो**
**६ महिनामै ८ पास**
कक्षा ९ नपढी सोझै SLC दिन पाउने
**श्री शिवपुरी नमुना मा.वि.**
सामाखुशी, कपुरधारा (चिल्ड्रेन पार्क अगाडि)
फोन: ४३६२१२५, ९८४१५३७६८०



**कस्मेटिक सर्जरी**
- शरिरमा भएको दाग, कोठी, मुसा, ट्याटु, अप्रेसन पछिका दागहरु हटाउन
- शरिरमा आगोले पोलेर भएको समस्याको लागी
- नाक, कान, आाखा सम्बन्धि कस्मेटिक सर्जरी
- मंगोलियन आाखाको उपचार
- टाउकोमा केश उमार्न
- अनुहारको चाउरीपन हटाउन
- स्तनसम्बन्धि कस्मेटिक सर्जरी

**नेपाल प्लाष्टिक सर्जरी अस्पताल**
हरिशिद्धी, ललितपुर
५२५०६६५, ९८०३८८३५७७



**तु. आवश्यकता**

**बजार प्रतिनिधि : महिला-१०/पुरुष-५**
**योग्यता** : सम्बन्धीत काममा दक्ष भएको
**तलब** : आपसी समझदारीमा (आकर्षक तलब+कमीसन+भत्ता+विविध सुविधाहरू)

नोटः काठमाडौं, भक्तपुर, ललितपुर घर भएको बाइक वा स्कुटी भएको अथवा चलाउन जान्ने काममा अनुभवि महिलालाई विशेष प्राथमिकता

**Maruti Saving & Credit Co-operative Ltd.**
P.O.Box: 9779, Sitapaila, Kathmandu, Tel: 01-4284008, 4274112
E-mail: info@marutisavingco.com.np, Web: www.marutisavingco.com.np



**८ महिना मै +2/SLC**
- कक्षा ७,८,९, १० फेल भएपनि Math / Science / Test नदिई ५ बिषय मात्र पढेर ८ महिनामै S.L.C. पास गर्न चाहनुहुन्छ ?
- + 2 / A level फेल भएपनि ५ बिषय मात्र पढेर + 2 पास गर्न चाहनु हुन्छ ?
- विश्वभर मान्यता प्राप्त- गृहिणी /जागिरे/व्यवसायीले घरमै बसी पढ्न सक्ने।
- पास गर्न सकिने।

बिगत १० बर्ष देखि संचालित
बिशेष छुटमा सिमित सिटमा धमाधम भर्ना भईरहेको छ।

**पाथ फाइन्डर ग्लोबल एजुकेशन**
पुतलीसडक (रिपोर्टर्स क्लवको अगाडि)
२००५०७७, ९८४१७८७६०२

## सोभित जोगिए

चलचित्र 'कन्यादान' सार्वजनिक गर्न पोखरा जाने क्रममा गत साता निर्देशक सोभित बस्नेतले हाँकेको कार दुर्घटनामा परेको छ । मुग्लिङबाट आबुखैरेनी पुग्ने सडकखण्डमा कार क्षतिग्रस्त हुने गरी भएको दुर्घटनामा निर्देशक बस्नेत, नायक कुशल थापालगायत चार जनाको ज्यान भने जोगिएको छ । मोटरसाइकलमा दुर्घटनामा परेका यात्रुलाई बचाउने क्रममा गत साताको मंगलबार राति ११ बजे सोभितको कार सडकमा पल्टिएको थियो । कारमा सवार चारै जनालाई सामान्य चोट लागेको छ ।

## रेडकार्पेटमा फर्केर हेर्दा

गत शुक्रबार सार्वजनिक भएको चलचित्र 'फर्केर हेर्दा–फ्ल्यास ब्याक'को पहिलो प्रदर्शन हलिउड तथा बलिउडको तरिकाबाट आगन्तुकलाई सम्मानपूर्वक 'रेडकार्पेट'मा हिंडाएर सम्पन्न गरियो । सार्वजनिक प्रदर्शनीको अघिल्लो दिन बिहीबार नेपाली चलचित्रका परिचित व्यक्तित्वहरू दयाराम दाहालको

# ● फिल्मी खबर ●

निर्देशनमा गोपीकृष्ण मुभिजले निर्माण गरेको उक्त चलचित्र हेर्न चाबहिलस्थित गोपीकृष्ण हलमा पुगेका थिए । चलचित्रमा निखिल उप्रेती, आर्यन सिग्देल, युना उप्रेती, रेजिना उप्रेती, जेनिशा केसी, नीर शाह, रमेश बुढाथोकी आदि कलाकारको मुख्य भूमिका छ ।

## तिम्रो घर मेरो ससुराली

११ वर्षे बालक अजु लामालाई द्वन्द्वात्मक भूमिकामा उतारिएको एक्सनप्रधान चलचित्र 'तिम्रो घर मेरो ससुराली' लामो समयको प्रतीक्षापश्चात् प्रदर्शनमा आउने तयारीमा छ । उपत्यकाभित्रबाट प्रदर्शन प्रारम्भ हुने 'तिम्रो घर मेरो ससुराली'मा अजु लामा, सुजन लामा, सोनिया केसी, गोपाल भुटानी, सूरवीर पण्डित, सुभाष गजुरेल आदिको अभिनय छ । यो चलचित्रमा एक्सन, हास्य र रोमान्सको मिश्रित स्वाद पाइने निर्मात्री लक्ष्मी लामाले बताएकी छिन् । राजु लामाको निर्देशन तथा राम जनकको द्वन्द्व रहेको 'तिम्रो घर मेरो ससुराली' लिजालक्ष्मी मुभिजको तेस्रो प्रस्तुति हो ।



## द मोस्ट वान्टेड

त्रिकोणात्मक प्रेमकथामा आधारित एक्सन चलचित्र 'द मोस्ट वान्टेड' श्रीकृष्ण अष्टमीदेखि नेपालभर एकसाथ प्रदर्शनमा आउने निर्माणपक्षले जनाएको छ । उत्तरगया फिल्म्स प्रालिका लागि रामभक्त श्रेष्ठ निर्माता रहेको 'द मोस्ट वान्टेड' मा निखिल उप्रेती, रमित ढुङ्गाना, राजेश ढुङ्गाना, रेजिना उप्रेती, तेजुला खतिवडा, सुभद्रा अधिकारी आदि कलाकारले अभिनय गरेका छन् भने द्वन्द्व कुमार श्रेष्ठ, सङ्गीत हरि लम्साल तथा निर्देशन दिनेश पौडेलको छ ।

## माघमा बाटोमुनिको फूल

यसै सातादेखि कलब्याक टोनका लागि गीत सार्वजनिक गरिए पनि चलचित्र 'बाटोमुनिको फूल'को सार्वजनिक प्रदर्शन माघ महिनातिर प्रारम्भ हुनेछ । गायकद्वय यशकुमार र बाबु बोगटीले नायकको भूमिका निर्वाह गरेको यो चलचित्रका निर्देशक सुरज सुब्बा 'नाल्बो' हुन् । राजेश घतानीले निर्माण गरेको चलचित्र 'बाटोमुनिको फूल' स्तरीय बनेको वितरकहरूले बताउँदै आएका छन् । रेखा थापा तथा नन्दिता केसीले नायिकाको भूमिका निर्वाह गरेको यो चलचित्रमा यशकुमारको संगीत छ ।

## कसले चोर्‍यो मन

नायिका रेखा थापाले निर्माण गरेको चलचित्र 'कसले चोर्‍यो मन' असोज २९ गते सार्वजनिक हुनेछ । प्रेमकथामा आधारित यो चलचित्रमा रेखा थापाका साथ आर्यन सिग्देल नायक छन् । शविर श्रेष्ठको निर्देशनमा निर्माण भएको चलचित्र 'कसले चोर्‍यो मन' सार्वजनिक भएपछि प्रेमकथामै आधारित अर्को चलचित्र निर्माण गर्ने रेखाले बताएकी छिन् ।

## डिभिडीमा मेरो एउटा साथी छ

हाइटेक इन्टरटेनमेन्टले हालै गत वर्षको सफल चलचित्र 'मेरो एउटा साथी छ' को डिभिडी बजारमा ल्याएको छ । आई कोर फिल्म्सको ब्यानरमा निर्माता प्रभुशमशेर जबराले निर्माण गरेको यो चलचित्र सुदर्शन थापाले निर्देशन गरेका हुन् । चलचित्रमा आर्यन सिग्देल, नम्रता श्रेष्ठ, जीवन लुइँटेल, अशोक शर्मा, केशव भट्टराई, जेनिसा मोक्तान, सुष्मा कार्की आदि कलाकारले अभिनय गरेका छन् ।



# ● लभ गुरु ●

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं । आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस् । ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ । यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन । आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला ।

**म १६ वर्षीया युवती हु । मेरो एउटा केटा साथी छ । ऊ धेरै राम्रो छ । ऊ बाहिरी रूपले मात्र नभै भित्री हृदयले पनि राम्रो छ । उसको र मेरो प्रेम भएको करिब १ वर्ष हुन लाग्यो । हाम्रो प्रेम पनि रोचक ढंगले भएको थियो । पहिले हामी एक–अर्कालाई चिन्दैनथ्यौं । हाम्रो पहिलो भेट स्कुलमा भएको थियो । ऊ नौ कक्षामा पढ्थ्यो र म आठमा पढ्थें । हाम्रो चिनाजान स्कुलको वार्षिक उत्सवका अवसरमा डान्स पार्टनर खोज्ने क्रममा भएको थियो । डान्स सिक्दासिक्दै ऊ र म एक–अर्काको नजिक भयौं । केही दिनपछि उसले प्रेम प्रस्ताव राख्यो र मैले स्वीकार गरे । त्यसपछि हामी दिनहुँ भेट्न थाल्यौं र एक–अर्काको मन बुझ्यौं । दुर्भाग्यवश केही समययता ऊ र म अलग भएका छौं, किनभने ऊ अहिले रोजगारीका लागि विदेशमा छ । तीन वर्षपछि आउने कुरा छ । मेरो समस्या के हो भने तीन वर्षसम्ममा कतै उसले मलाई बिर्सने त होइन ? यो तीन वर्ष मैले के गरेर बिताउने ? त्यसो त उसले विदेशबाट आएपछि मसँगै विवाह गर्छु भनेको छ, तर पनि मलाई डर लागिरहेको छ । मलाई अहिले एक्लोपनको आभास हुन थालेको छ । त्यसैले यो एक्लो मनलाई शान्त पार्न मैले के गर्नुपर्ला ?**

**कखग**

प्रतीक्षा, तपाईंले प्रतीक्षा गर्नुपर्ला । तपाईंले 'वनको बाघले खाओस् नखाओस् मनको बाघले खान्छ' भन्ने उखान त सुन्नुभएकै होला । यदि सुन्नुभएको छैन भने तपाई त्यस्तै मनोगत कल्पनाको सिकार हुनुभएको छ । तपाईंको पत्रअनुसार तपाईंका प्रेमीले जीवनको कुनै मोडमा तपाइलाई धोका दिने सम्भावना देखिँदैन । आफ्नो आर्थिक अवस्था उकास्न रोजगारीका लागि विदेश जाने नेपालीहरू थुप्रै छन् । त्यस्ता नेपालीहरूमध्ये तपाईंका प्रेमी पनि एक हुन् । एउटा निश्चित समय (तीन वर्ष) सम्म तपाईंले आफ्ना प्रेमीमाथि विश्वास गरेर प्रतीक्षा गर्नैपर्छ । तपाईंको पत्रअनुसार तपाईंका प्रेमी तपाईंप्रति समर्पित छन्, त्यसैले उनका बारेमा मनमा कुनै दुविधा नराखी प्रतीक्षा गर्नुहोस् । प्रतीक्षाको फल सदैव मीठो हुन्छ । तपाईंको सुखमय जीवनका लागि मेरो शुभकामना छ ।



## साकिरा अब बलिउडमा



चर्चित कोलम्बियन पप स्टार साकिरा चाँडै नै बलिउडमा इन्ट्री गर्दैछिन् । स्रोतका अनुसार साकिराले ल्याटिन भाषाबाट प्रभावित सोलो डान्स नम्बरका लागि आफ्नो आवाज दिने भएकी छिन् । संगीतकार जोडी सलिम सुलेमानको संगीत रहने हिन्दी मिसिइएको यो अंग्रेजी गीत निर्देशक प्रशान्त चड्ढाले निर्देशन गर्ने चलचित्रमा हेर्न-सुन्न पाइनेछ । आउँदो गर्मी मौसममा रिलिज गर्ने लक्ष्य राखिएको चलचित्रको यो गीत भने दक्षिण अफ्रिकी मोडल क्याडिस बाउचरमाथि छायांकन गरिएको छ । स्रोतका अनुसार चलचित्रको छायांकन चीन, जर्मनी, चेक रिपब्लिक, मोरोक्को आदि देशमा सम्पन्न भएको छ ।

## करिना अब मर्लिन मुनरो

एक बलिउडकर्मीले हलिउड फेसन एवं सेक्स डिभाका रूपमा इतिहास रचेकी अभिनेत्री मर्लिन मुनरोको जीवनमा आधारित चलचित्र निर्माण गर्ने भएका छन् । फेसन, पेज थ्री, ट्राफिक सिग्नलजस्ता यथार्थपरक चलचित्रका निर्देशक मधुर भण्डारकरले हलिउड डिभा मर्लिन मुनरोमाथि चलचित्र बनाउने भएका हुन् । मर्लिनको जीवनबाट आकर्षित निर्देशक भण्डारकरले उनको जीवनका बारेमा लामो अनुसन्धान गरेपछि त्यसलाई पर्दामा उतार्ने मनसायले स्क्रिप्टसमेत तयार पारिसकेको बताइन्छ । निर्देशक भण्डारकरले मर्लिनको बलिउड भर्सनका लागि अभिनेत्री करिना कपुरलाई अफर गरेका थिए । करिनाले उक्त अफरमा ग्रीन सिग्नल दिएपछि उत्साहित निर्देशक भण्डारकर आफ्नो उक्त चलचित्रका लागि नायकको खोजीमा लागेको बताइन्छ ।





## टम क्रुजको उमेर

हलिउडका लोकप्रिय सेलिब्रेटी टम क्रुज कति वर्षका भए होलान् ? चलचित्रमा उनी जस्ता देखिन्छन्, वास्तविक उमेर त्यो भन्दा बढी भएको टम आफैंले स्वीकार गरेका छन् । 'म आज आफ्नो ४८ औं जन्म दिवस मनाउँदैछु, जन्मदिनका अवसरमा टमले घोषणा गरे– 'म अब ११ वर्ष मात्र बाँच्छु, अर्थात् म ५९ वर्ष मात्र बाँच्छु ।' आफ्नै मृत्युको यो घोषणा पछि टमका प्रशंसकहरू निराश भएका छन् । टप गन, द मिसन इम्पोसिबल श्रृंखला, भेनिला स्काइजस्ता चलचित्रका नायक टम अहिले पनि आफूलाई चलचित्र क्षेत्रको विद्यार्थी मान्छन् । आफूले काम गर्ने चलचित्रको सम्पूर्ण कथा पढ्ने उनको बानी छ । उनको नयाँ चलचित्र 'नाइट एन्ड डे' केही समयअघि मात्र प्रदर्शन भएको छ । यो चलचित्रमा क्यामरुन डियाज उनकी नायिका छिन् ।



## जेनेटको रोजाइ

हलिउडकी गायिका तथा नायिका जेनेट ज्याक्सन अरबपति व्यापारी विसम अल मानासँग जोडिएर चर्चामा आएकी छिन् । विसम जेनेटभन्दा झन्डै १० वर्ष कान्छा छन् । ४४ वर्षीया जेनेटका अनुसार उनलाई आफूभन्दा कम उमेरका पुरुषसँग प्रेम तथा डेटिङ गर्न कुनै आपत्ति छैन । उनी भन्छिन्– 'आफूभन्दा कम उमेरका पुरुषसँग डेटिङ गर्नु हुँदैन भन्ने मान्यता पुरानो भैसकेको छ । यस्तो सम्बन्धले त मलाई अझ उत्साहित बनाइरहेको छ ।' मानिसहरूले जति नै आलोचना गरे पनि त्यसले आफूलाई फरक नपार्ने जेनेटको तर्क छ । पश्चिमा पत्रिकाले भने आफूभन्दा कान्छा पुरुषसँग सम्बन्ध राख्ने जेनेटको चाहनाको आलोचना गर्दै आएका छन् ।



## दीपिका अब टप फाइभभित्र

ओम शान्ति ओम गर्ल दीपिका पादुकोण आफ्नो करियरको छोटो समयमै टप फाइभ बलिउड अभिनेत्रीभित्र चिनिन थालेकी छिन् । स्रोतका अनुसार कटरिना कैफ, ऐश्वर्या राय, करिना कपुर, प्रियंका चोपडासँगै दीपिका अहिलेका उत्कृष्ट पाँच बलिउड अभिनेत्रीको सूचीमा दरिएकी छिन् । ओम शान्ति ओम, लव आजकल तथा हाउसफुलको सफलताले उनी टप फाइभको सूचीभित्र परेकी हुन् । दीपिका अभिनीत बचना ए हसिनोले पनि औसत सफलता हात पारेको थियो । आउँदा दिनहरूमा अझ राम्रा र आशालाग्दा चलचित्रमा देखिने भएकाले दीपिकाको करियर अझ चुलिने अनुमान गरिएको छ ।

## चौथो प्रेमीसँग खुसी

हलिउडकी कामुक नायिका जेनिफर एनिस्टन अहिले आफ्नो चौथो प्रेमिसँग डेटिङ गरिरहेकी छिन् । हलिउडकै नायक क्रिस्टोफर गार्टिन उनका चौथा प्रेमी हुन् । पछिल्ला दिनमा उनीहरू दुवैले लस एन्जल्सको एउटा होटलमा स्पेसल डिनर लिएका थिए । त्यसपछि उनीहरूले एउटा पुलमा सँगै स्वीमिङसमेत गरे । समाचारमा जनाइएअनुसार पछिल्ला प्रेमीसँग जेनिफर अत्यन्त खुसी छिन् । दुवै लामो समयदेखि सँगै पनि छन् । ४१ वर्षीया जेनिफर केही वर्षअघि मात्र नायक ब्राड पिटसँग अलग भएकी थिइन् । ब्राडसँग छुट्टिएपछि उनी भेनिस वागन तथा जोन मेयरसँगको प्रेमालापमा थिइन् । भनिन्छ,जेनिफर एउटै पुरुषसँग लामो समय टिक्न सक्दिनन् ।



## केवल एक प्रश्न



# तपाईंलाई डेटिङमा के कुरा मन पर्दैन ?

ओहो, डेटिङमा जाने गरेको छ/छैन सोध्दै-नसोधी मन नपर्ने कुरा पो सोध्नुभयो त ! जवाफ त दिनैपर्‍यो...अँ... डेटिङका लागि तोकिएको समयमा नआएको मन पर्दैन ।

**आरती आचार्य (टिभी कलाकार)**

डेटिङका क्रममा मेरी प्रेमिका अचानक रिसाएको मलाई मन पर्दैन ।

**अयुब केसी (नायक)**

डेटिङका क्रममा अरू कसैसँग मोबाइलमा लामो कुरा गरेको मलाई मन पर्दैन ।

**एसराज कार्की (मोडल)**

डेटिङका क्रममा हुने कुनैपनि क्रियाकलाप मलाई मन पर्दैन ।

**नम्रता श्रेष्ठ (नायिका)**

स्वार्थीपन...मलाई डेटिङका क्रममा स्वार्थी भएको मन पर्दैन ।

**विमलेश अधिकारी (नायक)**

हा हा हा...यस्तो पनि प्रश्न ? मलाई नराम्रो पहिरन लगाएर डेटिङमा आएको मन पर्दैन ।

**जेनिशा मोक्तान (मिस नेपाल)**

## ● मेरो अनुभव ●

### धीरज राई (गायक)

### मेरो पहिलो गिटार



करिब पाँच-छ वर्षको छँदा म घरमा भएका चम्चा, गिलास, नाङ्लो चारैतिर राखेर बस्थें । डाडु र पन्यूले थालमा हानेपछि आएको आवाज सुनेर मख्ख पर्थें । आमाले भन्नुभएअनुसार यो क्रियाकलाप घरीघरी दोहोर्‍याएपछि उहाँले गाउँबाट एउटा मादल मगाइदिनुभयो । गलत बुझाइका कारण झन्डै मभन्दा दोब्बर ठूलो मादल काठमाडौं आइपुग्यो । वास्तवमा त्यो मादल बुबाका लागि आएको रहेछ । दुई छेउ बजाउन दुई मिटरको दँरी पार गर्न गाह्रो भएपछि मादलमाथि नै बसेर बजाउन मलाई सजिलो लाग्यो । अलि ठूलो भएपछि मात्र मेरो मन गितारतर्फ आकर्षित भयो । गायक ओमविक्रम विष्टले गिटार बजाएको देखेपछि त्यो रहर अझ बढेर गयो । ओमविक्रमको गीत मेरा आमा-बुबाले सुन्दै आएको आधुनिक गीतभन्दा फरक अनि मेरो उमेर र सोचसँग मिल्ने शैलीको थियो । मलाई पप संगीतको नशा चढ्न थाल्यो । आफूसँग पैसा थिएन । आमाले किनिदिनुहुन्छ भन्ने विश्वास पनि थिएन । गिटार किन्नैपर्ने भयो । मैले एउटा जुक्ति निकालें । थुप्रै पटक काठमाडौंको वसन्तपुरमा कमिक्स भाडामा लिएर पढ्ने गरेको देखेको थिएँ । कमिक्स पढ्ने लहर नै चलिसकेको थियो । रामरहीम, बेताल, मेन्ड्रेक आदिका कमिक्स खुबै चर्चित थिए । मैले पनि त्यही निर्णय गरें । कमिक्स भाडामा दिएर अलिअलि पैसा जम्मा गर्ने काम गर्न थालें । एउटा कमिक्स बढेबापत् ५० पैसा लिन्थें, तर कमिक्स भाडामा दिएर धेरै रकम भने जम्मा भएन । किनकि प्रायः कमिक्सहरू टोलकै साथीहरूबाट संकलन गरिएको थियो । अन्ततः घाँटी भाँचिएको, तारहरू खियाले खाइसकेको, ढुसीले रङ खुलिएको नाम मात्रको गिटार घरमा आइपुग्यो, तर म भने साह्रै खुसी थिएँ । त्यो रातमा गितारलाई अँगालो हालेर आरामको निद्रा सुतें । त्यसपछि मैले आफ्नो गीत आफैंले कम्पोज गर्न थालें, त्यो पनि आफैं गिटार बजाउँदै । त्यो थोत्रो गिटार मैले झन्डै पाँच वर्षसम्म बजाएँ । गायक बनिसकेपछि पहिलो कमाइले एउटा महँगो गिटार किनें, जुन अहिले पनि मसँगै छ ।











मुम्बई पुगेको मान्छे, उतै संघर्ष गर्न मन लागेन ?

म निर्देशनको अध्ययनका लागि गएकाले पढाइ सकिएपछि आफ्नै देशमा काम गर्नुपर्छ भनेर फर्किएको हुँ । संघर्ष नै गर्नका लागि त्यहाँ प्रशस्त अवसर थिए, तर मनले मानेन ।

कमेडी श्रृंखलाको भीडमा तपाईंका फेमिली ड्रामा दर्शकले हेर्छन् त ?

सबै दर्शकलाई कमेडी मनपर्छ भन्ने पनि छैन । नेपालमा फेमिली ड्रामा हेर्ने दर्शक पनि प्रशस्त छन् ।

सधैंभरि टेलिश्रृंखला मात्र निर्देशन गर्ने कि ?

हरेक मानिसलाई उकालो चढ्ने महत्वाकांक्षा भएजस्तै मेरो पनि ठूलो पर्दाको चलचित्र निर्देशक बन्ने उद्देश्य छ । एउटा चलचित्रको गृहकार्यमा व्यस्त छु । सबै कुरा मिलेपछि चलचित्र पनि निर्देशन गर्छु तर सानो पर्दाका लागि भने नियमित काम गरिरहनेछु ।

## ● तीन प्रश्न ●

अभिनय क्षेत्रमा पढे-लेखेका मानिस कमै आकर्षित हुन्छन् भन्ने भनाइ बिस्तारै कम हुन थालेको छ। सानो पर्दाका टेलिश्रृंखलाहरूमा निर्देशन तथा अभिनय गरेर स्थापित भैसकेका ऋषिराज आचार्यले समाजशास्त्रमा स्नातकोत्तर उत्तीर्ण गरेका छन्। कलेजमा प्राध्यापन गर्ने योग्यता भए पनि ऋषिराजले अभिनयलाई करियर बनाएका छन्। गंगा-जमुना, पुरुष, तिमी पुरुष, कथा सुख-दुःखको जस्ता टेलिश्रृखलामा मुख्य सहायक निर्देशक भएपछि उनी निर्देशन विधाको अध्ययनका लागि मुम्बई पुगे। एकवर्षे प्रशिक्षणपछि स्वदेश फर्किएका ऋषिराजले करिब तीन वर्षको अवधिमा झन्डै आधा दर्जन टेलिश्रृंखला निर्देशन गरिसकेका छन्। उनले पहिलो पटक निर्देशन गरेको श्रृंखला हो- चाहना। त्यसपछि आचार्यले ममता, आफन्त, अधुरो माया तथा यात्रा जिन्दगीको निर्देशन गरिसकेका छन्। महिला दर्शकमाझ लोकप्रिय टेलिश्रृंखला आफन्त त अहिले पनि नेपाल टेलिभिजनबाट प्रसारण भैरहेको छ, जसमा उनले नायकको भूमिकासमेत निर्वाह गरेका छन्। निर्देशन गर्दागर्दै आफन्तमा नायकको भूमिका निर्वाह गरेपछि उनले भविष्यमा अभिनयलाई पनि निरन्तरता दिने योजना बनाएका छन्। आफ्नो निर्देशनमा आफैंले अभिनय गर्दा केही असहज हुने उनको अनुभव छ। आचार्यले निर्देशन गरेका दुई नयाँ श्रृंखला यात्रा जिन्दगीको तथा अधुरो माया प्रसारणको क्रममा छन्। खासगरी समाजिक, पारिवारिक तथा चेतनामूलक टेलिश्रृंखला निर्देशन गर्न रुचाउने ऋषिराजसँग *साप्ताहिक*को तीन प्रश्न :

## ● सानो पर्दा ●

### ५१ औं भाग पूरा

नेपाल टेलिभिजन-२ बाट प्रसारण भैरहेको हास्य टेलिश्रृंखला 'तातो न छारो' ले प्रसारणको ५१ भाग पूरा गरेको छ । प्रत्येक शुक्रबार राति प्रसारण भैरहेको यो श्रृंखलाले गत शुक्रबारदेखि प्रसारणको एक वर्ष पूरा गरेको हो । पाथीभरा फिल्म्सले निर्माण गरेको यो टेलिश्रृंखलामा सूरवीर पण्डित, सुवास गजुरेल, मञ्जु श्रेष्ठ, शिवशंकर रिजाल, रमेश मट्टारे, आरपी भट्टराई, गणेश कोइराला, राजु घिमिरे, कुमार सुवेदी, वरुण अधिकारी आदि कलाकारले अभिनय गरेका छन् ।

### साउन १५ देखि क्विज कन्टेस्ट

नेपाल टेलिभिजनबाट आगामी साउन १५ गतेदेखि वाईवाई क्विज प्रसारण हुने भएको छ । प्रत्येक शनिबार राति प्रसारण हुने हाजिरीजवाफमा आधारित यो कार्यक्रमका निर्देशक दिनेश डिसी हुन् । कार्यक्रममा देश भरिका ८१ वटा विद्यालयका विद्यार्थीले सहभागिता जनाउँदैछन् । करिब सात वर्षअघि एलजि क्विजका रूपमा प्रसारण भैसकेको कार्यक्रमलाई नयाँ स्वरूपमा प्रसारण गर्न लागिएको कार्यक्रमका निर्माताले बताएका छन् ।

### अडिसनमा मेगा मोडल

झन्डै दुई वर्षअघि प्रारम्भ भएको मेगा मोडल छनोट गर्ने कार्यक्रम इमेज मेगा मोडल प्रतियोगिताको दोस्रो संस्करणको अडिसन प्रारम्भ हुने भएको छ । रियालिटी शोका आधारमा सञ्चालन हुने यो प्रतिस्पर्धाले च्याम्प, म्युजिक भिडियो एवं विज्ञापन मोडलिङका लागि उपयुक्त मोडलको छनोट गर्नेछ । इमेज मेगा मोडल सिजन टुका लागि आवेदन दिएका युवतीहरूको अडिसन आउँदो साउन १२, १३ र १४ गते हुनेछ । अडिसनबाट कम्तीमा १६ जना अन्तिम प्रतिस्पर्धी छनोट गरी मेगा मोडल छनोटको यात्रा प्रारम्भ हुनेछ । दर्शकहरूको प्रत्यक्ष सहभागितालाई ध्यानमा राखी पब्लिक भोटिङका आधारमा पिपल्स च्वाइस मेगा मोडल पनि छनोट गरिनेछ । यसअघि मेगा मोडलको पहिलो संस्करण सन् २००८ मा सम्पन्न भएको थियो । पहिलो मेगा मोडलमा स्वस्तिका राजभण्डारी छनोट भएकी थिइन् ।

### हर्के हल्दारको पालो



कान्तिपुर टेलिभिजनबाट नयाँ हास्यश्रृंखला 'हर्के हल्दार' प्रसारण हुने भएको छ । साउनको दोश्रो सातादेखि प्रसारण हुने यो श्रृंखलाको निर्देशक तथा परिकल्पनाकार सञ्चारकर्मी प्रकाश सुवेदी हुन् । ग्रामिण परिवेशको कथा समेटिएको हर्के हल्दारमा हास्यकलाकार विष्णु सापकोटाको दोहोरो भूमिका छ । उनी हर्के र लाहुरे बाको दुई भिन्न भूमिकामा प्रस्तुत हुँदैछन् । श्रृंखलामा किशोर भण्डारी, सुनिता गौतम 'मैयाँ', रेश्मा तिमिल्सिना, रोशनी सापकोटा, इन्द्र दोङ्लामा आदि कलाकारले अभिनय गरिरहेका छन् । ५२ भाग लामो यो श्रृंखलाको छायांकन धादिङ जिल्लाको एउटा ग्रामिण क्षेत्रमा भैरहेको छ ।

## ● विदेशबाट ●

### रोशनी बनिन् देशी गर्ल

हिन्दी धारावाहिककी नायिका रोशनी चोपडा एनडिटिभी इम्याजिनबाट प्रसारित रियालिटी शो 'देशी गर्ल' की विजेता भएकी छिन् । अघिल्लो साता प्रसारण भएको निर्णायक चरणमा रोशनीले अन्य दुई प्रतियोगी नायिका कश्मिरा शाह तथा इशिता अरुणालाई उछिनेकी हुन् । निर्णायक चरणअघि दर्शकले कश्मिरा देशी गर्ल बन्ने, इशिता दोस्रो स्थानमा आउने तथा रोशनीले तेस्रो स्थानमा चित्त बुझाउनुपर्ने अनुमान गरेका थिए । यद्यपि अनुमानविपरीत रोशनीले सबैलाई आश्चर्यमा पारेकी छिन् । रियालिटी शोका क्रममा चन्डिगढनजिकैको एउटा गाउँमा आठ जना युवतीले ग्रामीण जीवन बिताएका थिए । प्रतिस्पर्धी युवतीहरूले दाउराको चुलोमा खाना पकाउने, गोबर सोर्ने, भैंसीलाई नुहाउने आदि काम गरेका थिए । उनीहरूलाई गाउँमा बसोबास गर्ने युवतीहरूले दैनिक जीवनमा गर्ने काम गराइएको थियो । ३० वर्षीया रोशनीले उक्त गाउँका स्थानीय बासिन्दाको मन त जितिन् नै, त्यसबाहेक उनले भारतभरिबाटै सर्वाधिक मतसमेत पाएकी थिइन् ।



## जम्का भेट



गायक सविन राईको 'सुन्दरताको तिमी उदाहरण हौ' गीत सायद उनकै लागि रचिएको हो। जीरो फिगर शारीरिक बनावट र कामुकता झल्किने मुहारका कारण अनुष्का ढकालप्रति 'फिदा' हुनेहरूको संख्या धेरै छ, जुन कुरा उनी आफैं पनि लुकाउँदिनन्। 'क्युट देखेरै होला, धेरैले प्रेमप्रस्ताव राख्ने गरेका छन्,' मोडलिङमा जम्ने क्रममा रहेकी अनुष्काले भनिन्। झापा तोपगाछी-६ की अनुष्का अहिलेकी सक्रिय मोडल हुन्। यूएफओ फेसन, जस्मिन तेल, म्याजिक चप्पल, शक्तिमान टु सिमेन्ट, फोर डी सिनेमाजस्ता प्रतिष्ठित कम्पनीको विज्ञापनमा मोडलिङ गरिसकेकी अनुष्का निकट भविष्यमै चलचित्र नायिकाका रूपमा पनि डेब्यु गर्दैछिन्। अनुष्काले वासना, द लाइफ, फेरि तिम्रो याद आयो एल्बमलगायत दर्जनौं म्युजिक भिडियोमा मोडलिङ गरिसकेकी छिन्।

**पछिल्लो प्रगतिका सम्बन्धमा बताउनुहोस् न ?**

भर्खरै दमक मल्टिपल क्याम्पसबाट +२ को एक्जाम सकेँ। एक्जामकै कारण केही महिनाका लागि घर आएकी छु । अब स्वतन्त्र पनि भएँ, चाँडै व्यस्त हुन्छु ।

**मोडलिङमा जमेजस्तै चलचित्रमा पनि जम्ने सुर कस्नुभएको हो ?**

दैनिकजस्तै अफरहरू आइरहेका छन्, तर के मिल्दैन-मिल्दैन । चलचित्रमा अभिनय गरिसकेको छैन । तथापि दीपकरमणको 'मन परेपछि'मा चाहिँ काम गर्दैछु ।

**चलचित्रमा रूप मात्र भए पुग्छ कि, अभिनय कला पनि हुनुपर्छ ?**

मेरो सन्दर्भमा भन्नुपर्दा मसँग एक्टिङको गुण छ । आफूलाई जस्तो किसिमको भूमिकामा पनि 'एक्सपोज' गर्न सक्छु भन्ने आत्मविश्वास छ ।

**कतिसम्म 'एक्सपोज' हुन सक्नुहुन्छ ?**

मोडलिङ भन्नुस् चाहे फिल्मी लाइन । यहाँ आफ्नो इच्छाले मात्र पनि हुँदैन । फेरि म त टिनएजकै प्रतिनिधि पात्र बनेर आएकी छु । जति फोटोसेसनहरूमा गरेकी छु त्यतिसम्म मात्र एक्सपोज हुन्छु ।

**तपाईंका हट तस्बिरहरू देख्दा परिवारको प्रतिक्रिया कस्तो हुन्छ ?**

फेमिली सपोर्टले नै म यो क्षेत्रमा आएँ । मेरी दिदी पनि मोडलिङमै स्थापित हुने क्रममा हुनुहुन्छ । अरूले कुरा काट्लान् तर फेमिली प्रमोट सधैं रहन्छ ।

**केही मोडलले त नितान्त 'सेक्सुअल रिलेसन'लाई पनि सार्वजनिक गर्न भ्याएका छन्, कस्तो लाग्छ ?**

सेक्स कस्को हुँदैन र ? मलाई लाग्छ सेक्सको इच्छा धेरै कम मानिसमा मात्र नहोला, तर यसलाई सार्वजनिक गर्नु वा जथाभावी प्रयोग गर्नु राम्रो होइन ।

**सेक्सको परिभाषा कसरी गर्नुहुन्छ ?**

परिभाषा चाहिँ दार्शनिक तथा दिग्गजहरूले गर्ने कुरा भयो । मेरो मान्यता चाहिँ के हो भने मन मिल्छ भने विवाहअघि सेक्स गर्दा आपत्ति हुँदैन ।

**यो मामिलामा तपाई कहाँ हुनुहुन्छ ?**

मेरो चाहिँ त्यस्तो छैन ।

**ब्वाइफ्रेन्ड छैन ?**

स्पेसल्ली छैन, तर अलि-अलि कसैलाई मनमा सजाउँदैछु ।

**प्रेम प्रस्तावको ओइरो कति लाग्छ ?**

पहिले-पहिले धेरैले प्रस्ताव राख्थे, तर अहिलेचाहिँ छैन ।

**मोडलिङमा स्थापित भएकाले ताक्ने आँट नगरेका पो हुन् कि ?**

त्यो पनि एउटा कारण हुनसक्छ ।

**तपाईंको कमजोरी ?**

छिट्टै अरूलाई विश्वास गर्छु । समय क्रमसँगै यसलाई सुधारेर लाँदैछु ।

**तपाईंको 'सेक्स अपिल' ?**

मेरो ओठ ।

**मोडलिङबाहेक अर्को क्षेत्र रोज्नुपर्दा ?**

एयरहोस्टेज बन्ने एम हो, जसको तयारी पनि गर्दैछु ।

**राजनीतिका बारेमा कति थाहा छ ?**

यो मेरो रुचिको विषय होइन ।

**भनेपछि प्रधानमन्त्री को हुनुहुन्छ, त्यो पनि थाहा छैन ?**

माधवकुमार नेपाल (राजीनामा दिनुअघि) होइन र ?

**-मिलन के राउत**

● चलचित्र ●




बलिउडका निर्देशक प्रियदर्शनको नयाँ हास्य चलचित्र 'खट्टा-मीठा' को सार्वजनिक प्रदर्शन आज शुक्रबारदेखि हुँदैछ। अक्षय कुमारले आफ्नै लगानीमा निर्माण गरेको यो चलचित्रमा अक्षय कुमार, तृषा कृष्णन, मक्रण्ड देशपाण्डे, राजपाल यादव, नीरज वोरा, मिलिन्द गुनाजी, असरानी, कुलभूषण खरबन्दा, अरुणा इरानी, मनोज जोशी, टिनु आनन्द, जोनी लिवर आदि कलाकारले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन्। चलचित्रमा महाराष्ट्रको एउटा सानो सहरमा बसाबोस गर्ने मराठी पुरुष सचिन टिचकुले (अक्षय कुमार) को कथा चित्रण गरिएको छ। सचिनका बुवा रमाकान्त टिचकुले (कुलभूषण खरबन्दा) अवकाशप्राप्त कर्मचारी हुन् जसले आफ्ना छोराप्रति रत्तिभर विश्वास गर्दैनन्।

सचिनकी आमा (अरुणा इरानी) लाई पनि आफ्नो छोरा सही बाटोमा छैन भन्ने कुराले सताइरहेको छ। सचिन रोड कन्ट्र्याक्टर हुन्। साधारण सर्ट-पाइन्ट लगाएर हिंड्ने सचिनको हातमा एउटा ब्याग र छाता कहिले छुट्दैन। उनी प्रायः अटोमा यात्रा गर्छन्। धेरै पैसा कमाउनु सचिनको सपना हो, तर ठूलो मान्छे बन्ने उनको सपना पूरा हुने सम्भावना देखिंदैन। घुस नदिई कुनै पनि काम नबन्ने पेसामा आबद्ध सचिनसँग घूस ख्वाउने पैसा पनि छैन। नगरपालिकामा गहना गनपुले (त्रिशा कृष्णन) अधिकृतका रूपमा नियुक्त भएर आएपछि सचिनको संकट अझ गहिरिन्छ। उनी घूसविरोधी हुन्। सचिनलाई पनि उनी घृणा गर्छिन्, किनभने उनी सचिनकी पूर्वप्रेमिका हुन्। गहनाको आगमनले सचिनको स्थिति अझ बिग्रन्छ। उनी समस्याको दलदलमा फस्दै जान्छन्। चलचित्रमा हल्का, फुल्का कुरालाई रोचक ढंगले चित्रण गरिएको छ। समाजमा भ्रष्टाचार तथा घूसखोरीले कसरी जरा गाडेको छ भन्ने कुरालाई यो चलचित्रमा आकर्षक ढंगले चित्रण गरिएको छ।




हलिउडकी चर्चित नायिका एन्जोलिना जोलीको नयाँ चलचित्र 'साल्ट' को सार्वजनिक प्रदर्शन आज शुक्रबारदेखि प्रारम्भ हुँदैछ। जोलीले चलचित्रमा निर्वाह गरेको पात्रको नामअनुसार नै यसको शीर्षक जुराइएको छ। चलचित्रमा उनले इभेलिन साल्टको भूमिका निर्वाह गरेकी छिन्। चलचित्रमा जोलीका अतिरिक्त लिभ श्रेबिर, चिवेटेल इजियोफोर, डेनियल ओल्ब्रिस्की, अगस्ट डेल, डेनियल पियर्स, हन्ट ब्लक, एन्ड्रि ब्राउजर, ओलेक ब्रुपा आदि कलाकारले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन्। ब्रायन हेल्गिल्यान्डद्वारा निर्मित यो चलचित्रको निर्देशन फिलिप नोसीले गरेका हुन्।

चलचित्रमा जोलीले सीआईए अफिसरको भूमिका निर्वाह गरेकी छिन्। सिआईए अफिसरमा नियुक्त हुनुअघि साल्टले आफ्नो कार्य-कुशलताको लागि शपथ लिएकी हुन्छिन्, जसलाई उनले जागिर खाएपछि पूरा गर्नुपर्नेछ। चलचित्रको कथा अघि बढ्दै जाँदा उनलाई रूसी जाजुस भएको आरोपसमेत लाग्छ, तर जसरी उनलाई गलत आरोप लगाइएको हुन्छ, त्यहीअनुरूप उनले आफूलाई निर्दोष भएको प्रमाणितसमेत गर्छिन्। नारीप्रधान यो चलचित्र १ घण्टा ३९ मिनेट लामो छ। एक्सन, एड्भान्चर, ड्रामा तथा थ्रिलर श्रेणीमा राखिएको यो चलचित्रको छायांकन अमेरिकाका विभिन्न सहरमा गरिएको छ।




आयुर्वेदिक पद्धती द्वारा दिर्घरोगको अचूक उपचार

| | |
|---|---|
| हाडजोर्नी तथा नसा | सबै किसीमका वाथ, आथ्राइटिस, प्यारालाइसिस, साइटिका हड्डीखिइएको, नसा च्यापिएको, हातखुट्टा झमझमाउने, मुख बाङ्गीने, जोंनीहरु दुख्ने, डिस्क प्रोल्याप्स |
| पेट संवन्धी | ग्याष्टिक, अम्लपित, जण्डिस कोलाइटिस, अपच, कब्जीयत तथा अन्य रोगहरु |
| मानसिक | डिप्रेसन अनावश्यक डर, भय, अनिन्द्रा, शारिरीक थकान, रिगंटा, तनाव आदि। |
| दिर्घरोगहरु | पिनास, पाइल्स, मधुमेह, उच्च रक्तचाप, यूरिक एसिड, दम, आदि। |
| यौन | सबै किसिमका यौन दुर्वलता, धातुरोग, सरुवा रोग निःसन्तापन, यौनाङ्ग विकास, महिनावारीमा गडवडी आदि (पुर्ण गोप्यताका साथ) |
| सुन्दरता | अनुहारका सबै किसिमका दाग, डण्डीफोर, कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेतो दुवी, साथै अन्य चर्मरोगहरु। |

धन्वन्तरी आयुर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा. लि.
धुम्बाराही चोक, रिङ्गरोड
काठमाडौं फोन : ४३७९०९६, ४३७४५४८




तु: आवश्यकता

नेपाल स्थित बहुराष्ट्रिय Public कम्पनीलाई कर्मचारी आवश्यकता।
संख्या: 13 Gents\13 Ladies
तलब: १0,000/-
योग्यता: SLC, Inter Above
UNIQUE AIMS
01-2292363
मित्रपार्क चोक चावहिल, साही सौगात फाईनान्सको तेश्रो तल्ला।






सर्वाधिक बिक्री हुने
साप्ताहिक
सबैको लागि सम्पूर्ण पत्रिका

तस्बिर : विनय शाह/अनुप पुन-नेप्सटाइम डटकम



# बोना राई



एसियाकै फेसनेबल सहरमा हो, हङकङ। विश्वप्रसिद्ध सयौं ब्रान्डको प्रवर्द्धनमा खपत हुने दर्जनौं व्यावसायिक मोडलका लाममा थपिएकी एक्ली नेपाली सुन्दरी हुन्– **बोना राई**। प्रतिष्ठित फाल्कोनर ज्वेलरीका लागि मोडलिङ गरेर उनले नेपाली सुन्दरीहरुका तर्फबाट हङकङमा व्यावसायिक मोडलिङको बाटो खोलेकी छिन्। विज्ञापनका लागि फाल्कोनर ब्रान्डका महँगा हीरा र मोतीहरू पहिरेर तस्बिर खिचेबापत उनले प्रतिघण्टा १ हजार ५ सय हङकङ डलर लिएको बताइन्। 'फेसन शोका लागिसमेत अफरहरू आइरहेका छन्,' उनले भनिन्, 'अन्तत्तिर कार्यरत रहेकाले समय दिन सकेकी छैन।' त्यसो त बोना सन् १९९८ मा पहिलो पटक आयोजित मिस हङकङ नेपालकी प्रतियोगीसमेत हुन्, जसमा उनले 'मिस क्युट' तथा 'मिस पोलाइट' को उपाधि हात पारेकी थिइन्। धनकुटा, राजारानीकी बोना करिब १३ वर्षअघि हङकङ भित्रिएकी हुन्। 'इन्डिपेन्डेन्ट लाइफ' मन पराउने बोना सेक्सलाई शरीरको आवश्यकता बताउँछिन्। 'मन मिल्ने साथीसँग शारीरिक सम्बन्ध राख्न नजिककै नाता हुनपर्छ भन्ने के छ र?,' उनले भनिन्।

\- निर्मल श्रेष्ठ





• पहिरन : स्पाइस वस्त्र-जोर्डन • श्रृंगार : रिझा थापा-नेप्लिज हेयर एन्ड ब्युटी सेन्टर, युङ लङ

## ● साताको स्वर ●



शिव परियार

**क्या दामी भो... कस्तो शैलीको गीत हो ?**

गीतका शब्द गजलका लागि तयार पारिएको भए पनि यो पाश्चात्य संगीतमा तयार पारिएको रमाइलो शैलीको गीत हो ।

**सेन्टिमेन्टल गीत गाउने गायक, रोमान्टिक गीत कसरी छान्नुभयो ?**

सधैं एकै प्रकारको गीत गाउँदा श्रोताले बिर्सने सम्भावना हुन्छ । त्यसैले केही फरक गरौं भनेर यो गीत गाएको हुँ ।

**यो गीत कम समयमै लोकप्रिय भएको हो ?**

राजेन्द्र थापाको शब्द तथा चण्डीप्रसाद काफ्लेको संगीतमा तयार भएको यो गीत बजारमा आएको केही सातापछि नै लोकप्रिय भएकोमा म अत्यन्त हर्षित छु ।

**यो गीत कत्तिको गाउनुहुन्छ ?**

पछिल्लो समयमा प्रायः सबै कन्सर्टमा यो गीत एकपटक मात्र होइन तीन-चार पटक गाउनुपरिरहेको छ ।

**म्युजिक भिडियोले पनि गीतलाई लोकप्रिय बनायो भनिन्छ नि ?**

प्रशन्न पौडेलले भिडियोलाई हेरिरहूँजस्तो बनाएका छन् । झन्डै एक दर्जन पुरुषको बीचमा एउटी सुन्दरी नाचेको भिडियो दर्शकको रोजाइमा परेको छ ।

### गायन समाजमा रामकृष्ण

गायक रामकृष्ण ढकाल दोस्रो पटक नेपाल गायन समाजको अध्यक्ष भएका छन् । गत शुक्रबार प्रज्ञाभवनमा आयोजित समाजको पहिलो साधारण सभामार्फत ढकालकै अध्यक्षतामा कार्यसमिति गठन भएको छ । समिति ११ सदस्यीय छ । गायन समाजमा विधागत रूपमा शास्त्रीयतर्फ शिव परियार तथा भानुभक्त ढकाल, लोकतर्फ तुलसी पराजुली, रामचन्द्र काफ्ले, इन्दिरा गुरुङ तथा आधुनिक/पपमा लोचन भट्टराई, स्वरूपराज आचार्य, रिमा गुरुङ, रेश्मा सुनुवार तथा राई नवीन निर्वाचित भएका छन् । एक वर्षअघि समाजको स्थापना भएपछि गायक ढकालकै अध्यक्षतामा १७ सदस्यीय तदर्थ समिति बनेको थियो । दोस्रो पटक अध्यक्षमा निर्विरोध निर्वाचित भएपछि गायक ढकालले गीत-संगीतको पाइरेसी नियन्त्रणको अभियानलाई निरन्तरता दिने बताए । साधारणसभामा गीतकार यादव खरेल, संगीतकार शम्भुजित बाँस्कोटा, गायिका कोमल वली, संगीत रोयल्टी संकलन समाजका अध्यक्ष श्रीपुरुष ढकाल आदिले गीत-संगीतको रक्षाका लागि कलाकारहरू एकजुट हुनुपर्ने धारणा व्यक्त गरे । श्रीपुरुषले रेडियो नेपालसँग वार्षिक विज्ञापन रकमको एक प्रतिशत समाजलाई दिने सहमति भएको बताए ।

### शम्भुजित अध्यक्ष

नेपाली संगीत निर्देशक संघको नयाँ कार्यसमित गठन गरिएको छ । संघको गत शनिबार राजधानीमा आयोजित भेलाले संगीतकार शम्भुजित बास्कोटाको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति चयन गरेको हो । दिवंगत संगीतकर्मी मनोहरि सिंहप्रति श्रद्धाञ्जली तथा संगीत नाट्य प्रतिष्ठानका कुलपति अम्बर गुरुङलाई बधाई ज्ञापन गर्दै सम्पन्न भेलाले संघको उपाध्यक्षमा प्रकाश गुरुङ तथा लक्ष्मण शेष, महासचिव शान्तिराम राई, सचिव सुदाम थापा एवं कोषाध्यक्ष सत्यराज आचार्यलाई चयन गरेको छ । सदस्यहरूमा वसन्त सापकोटा, महेश खड्का, चेतन सापकोटा, हरि लम्साल तथा बिजु बज्र निर्वाचित भएका छन् । संगीतकारहरूलाई हौसला प्रदान गर्न संघले अक्षय कोष खडा गरी नेपाली चलचित्रका प्रथम नायक एवं संगीतकार शिवशंकर तथा नातिकाजी र गोपाल योञ्जनको स्मृतिमा पुरस्कार स्थापना गरी बर्सेनि संगीतकारहरूलाई पुरस्कार प्रदान गर्ने निर्णय गरिएको संघका अध्यक्ष बास्कोटाले जानकारी गराएका छन् ।

### कन्यादानका गीत-संगीत

राजधानीमा आयोजित एक समारोहमा संगीतकार शम्भुजित बाँस्कोटाद्वारा संगीतबद्ध चलचित्र 'कन्यादान' का गीतहरू प्रदर्शन गरियो । शोभित बस्नेतद्वारा निर्देशित चलचित्र 'कन्यादान' का गीत माण्डबी त्रिपाठी, शिव परियार, टीका प्रसाईं तथा सिने तबलाले वातावरणलाई तताएको थियो । कार्यक्रमको उत्तरार्द्धमा रमेशले पुराना हिन्दी गीतहरू पनि सुनाएका थिए ।

### हिमाल अब संगीतकार

गायक हिमाल सागरले पहिलो पटक एउटा गीतिसंग्रहका सबै गीत संगीतबद्ध गरेका छन् । 'लास्ट लभ' शीर्षकको यो संग्रह आगामी महिनादेखि श्रोतामाझ आउनेछ । संग्रहका सबै गीत दिनेश बुढाथोकीले रचना गरेका हुन् । संग्रहका गीतमा हिमाल सागर, अञ्जु पन्त, जगदीश समाल, स्वरुपराज आचार्य, डिजराज पौडेल तथा दिनेश बुढाथोकीले स्वर दिएका छन् ।

### आउँदै छिन् रूपा विष्ट

'सम्झनामा' तथा 'प्रेमिका' जस्ता गीतिसंग्रह सार्वजनिक गरेपछि सांगीतिक क्षेत्रबाट अचानक हराएकी गायिका रूपा विष्ट पुनः यो क्षेत्रमा फर्किएकी छिन् । विष्ट केही दिनभित्रै तेस्रो गीतिसंग्रह 'एक पटक मायामा' मार्फत श्रोतामाझ आउँदैछिन् । 'धेरै मेहनतपछि तेस्रो संग्रह तयार पारेकी छु, *साप्ताहिक*सँगको एउटा भेटमा गायिका विष्टले भनिन्– 'श्रोतासँग लामो समय छुट्टिएर बस्नुपरेकाले उहाँहरूको मन जित्ने गीत गाएकी छु ।' नयाँ संग्रहमा उनले न्ह्यु बज्राचार्य तथा वसन्त सापकोटाका अतिरिक्त आफ्नै संगीतको गीत समेत गाएकी छिन् । गायिका विष्ट गत साता संग्रहको एउटा गीतको म्युजिक भिडियोको छायांकनमा सहभागी भइन् ।

## ● म्युजिक अपडेट ●

गुरुङले गाएका छन् ।

### रमेशले गाए प्रेमका गीत

लामो समयपछि गायक रमेश पोखरेल एकल गायन कार्यक्रममा सहभागी भएका छन् । अघिल्लो बिहीबार साँझ भारतीय सांस्कृतिक केन्द्रमा रमेशले एक दर्जनभन्दा बढी गीत गाए, जसमा साउन र प्रेमका प्रसंग समेटिएका थिए । पोखरेल केन्द्रले आयोजना गरेको 'सङ अफ श्रावण' मा प्रस्तुत भएका हुन् । रमेशले गायन कार्यक्रम राग श्याम कल्याणबाट प्रारम्भ गरे । उपशास्त्रीय प्रस्तुति 'ठुमरी' गाएपछि उनले 'वर्ष लागे साउन बुँदिया राजा...' गाए । पालैपालो भजन तथा गजलको प्रस्तुति भैरहेका बेला बाँसुरीवादक दुर्गाप्रसाद खतिवडा र तबलावादक गोपाल कौशिकले सेमिक्लासिकल फ्युजनमार्फत दर्शकहरूलाई मनोरञ्जन प्रदान गरे । 'सन सेट इन द सी' शीर्षकको उक्त प्रस्तुतिमा खतिवडाको बाँसुरी तथा कौशिकको

### शिवको बाइक हराएपछि

गायक शिव परियारको मोटरसाइकल चोरी भएको छ । गत असार १८ गते गौरीघाट, काठमाडौंबाट उनको १ सय ८० सीसीको पल्सर मोटरसाइकल हराएको हो । गीतको मिक्सिङका क्रममा एक जना संगीतकारको निवासअघि पार्किङ गरिएको आफ्नो मोटरसाइकल दिउँसो चार बजे चोरी भएको शिवले बताए । करिब एक वर्षअघि किनेको मोटरसाइकल हराएपछि दुःखी भएका शिव निमन्त्रणा पाएका सांगीतिक कार्यक्रममा समेत सहभागी हुन गाह्रो परिरहेको बताउँछन् ।

### रिजन ९ को शुभारम्भ

नेपाली संगीतको श्रीवृद्धिमा टेवा पुऱ्याउने उद्देश्यले पुल्चोक ललितपुरमा रिजन ९ रेकर्डिङ एन्ड म्युजिक कम्पनीको स्थापना भएको छ । उद्घाटन समारोहमा गायक प्रेमध्वज प्रधान, दीप श्रेष्ठ, ओमविक्रम विष्ट, संगीतकार दीपक जंगम, गीतकार दुर्गालाल श्रेष्ठ, रत्नशमसेर थापा तथा गौरीदास नेवाःलाई सम्मानित गरिएको थियो ।

### दिव्याको आगमन

दिव्या भण्डारी आफ्नो पहिलो एकल गीतिसंग्रह 'यो मीठो बोली' मार्फत श्रोतामाझ आएकी छिन् । अघिल्लो साता लोक-आधुनिक शैलीका गीतहरूको यो संग्रह सार्वजनिक गरिएको हो । गीतिसंग्रह 'यो मायाको बोली...' गीतको म्युजिक भिडियो पनि सार्वजनिक भएको छ । गायिका दिव्या संगीतकार टीका भण्डारीकी बहिनी हुन् ।

### विदुरमा लोकदोहोरी प्रतियोगिता

विश्व जनसंख्या दिवसको अवसर पारेर नुवाकोटको विदुरमा लोकदोहोरी प्रतियोगिता सम्पन्न भएको छ । जनसंख्या वृद्धिदर घटाउने विषयमा केन्द्रित दोहोरी प्रतियोगिताको आयोजना जिल्ला स्वास्थ्य कार्यालयले गरेको हो । प्रतियोगितामा अन्तरपार्टी महिला सञ्जालले प्रथम हुँदै नगद ३ हजार रुपैयाँ जित्यो । प्रतियोगितामा बाघभैरव महिला समूह दोस्रो तथा शुभतारा महिला समूह तेस्रो भयो ।

### होर्डिङ बोर्डमा धीरज

गायक धीरज राईले आफ्नो पछिल्लो गीतिसंग्रह 'ट्वान्टी इयर्स' को प्रचार ठूला होर्डिङ बोर्डमार्फत गरेका छन् । आफ्नो सांगीतिक यात्राले २० वर्ष पूरा गरेको अवसरमा राईले यो संग्रह तयार पारेका हुन् । राईका अनुसार नयाँ गीतिसंग्रहको प्रमोसनमात्र नभएर, होर्डिङबोर्डमार्फत सामाजिक सन्देशसमेत दिइएको छ । होर्डिङ बोर्डमार्फत राईले ट्राफिक सचेतनामा जोड दिएका छन् ।

## ● अफ द बिट ●



**एक्सन : गायक बाबुराम प्रधानको गीत 'धेरै दिन भयो' को म्युजिक भिडियोको छायांकनका क्रममा निर्देशक अरुण प्रधान मोडलद्वय जतिन ताम्राकार र जेनिशा खड्कालाई अभिनय गराउँदै ।**

## ● ब्याण्ड ●

## विवाहका लागि जिम



अमेरिकी गायिका तथा नायिका हिलारी डफ चाँडै वैवाहिक जीवनमा प्रवेश गर्दैछिन् । विवाह गर्नुअघि उनी आफ्ना शरीरलाई आकर्षक बनाउन चाहन्छिन् । त्यसैले उनी अचेल सांगीतिक कार्यक्रममा सहभागी हुनुको साटो घण्टौं जिममा बिताउन थालेकी छिन् । केही समयपछि नै उनी हकी खेलाडी माइक कोमरीसँग विवाह गर्दैछिन् । डफ वैवाहिक समारोहमा सहभागी हुँदा सुन्दर देखिन चाहन्छिन् । 'त्यसैले अहिले मेरो वास नै जिमखानामा छ ।' उनका भावी श्रीमान् कोमरीले पनि उनलाई आकर्षक शरीर बनाउन सकदो सहयोग गरिरहेका छन् ।

## ● ब्याण्ड ●



## लिरा क्लासिक

सांगीतिक समूहहरूको भीडमा एउटा नयाँ समूह थपिएको छ, 'लिरा क्लासिक' । न्यू लिरा उच्च माध्यमिक विद्यालयका संगीतप्रेमी विद्यार्थीहरूको यो समूह स्थापना भएको दुई वर्ष भयो । स्थापना भएको छोटो समयमै यो समूहले विभिन्न सांगीतिक कार्यक्रममा आफ्नो उपस्थिति जनाइसकेको छ । यो समूहले केही ब्यान्ड प्रतियोगितामा समेत सहभागिता जनाइसकेको छ । समूहमा छ जना संगीतकर्मी सक्रिय छन् । तीमध्ये जय खड्का, क्रिस तामाङ, आशिष भुषाल तथा रोशन नगरकोटी गिटार बजाउँछन् । आशिष लामिछाने समूहका एक मात्र गायक हुन् । राजेन्द्र खड्गी भने ड्रमरका रूपमा आबद्ध छन् ।

संगीतलाई निःस्वार्थ भावनाका रूपमा परिभाषित गर्ने यो समूहले युवा पुस्ताको चाहना बुझेको छ । समूहका गायक आशिष भन्छन्– 'अहिलेको पुस्तालाई रक संगीत मन पर्छ । त्यसैले हामी श्रोताको रोजाइको हार्ड रक संगीत सिर्जना गरिरहेका छौं ।' संगीतका अतिरिक्त अध्ययनमा समेत व्यस्त हुनुपर्ने भएकाले समूहले तत्कालै गीतिसंग्रह तयार पार्ने योजना बनाएको छैन । गायक आशिष थप्छन्– 'तर सांगीतिक कार्यक्रममा भने सहभागि भैरहन्छौं ।'

• पहिलो विश्व •



## एक्स-रे पिन अप

जापानको इजो औषधी निर्माण कम्पनीले आफ्नो उत्पादनको क्यालेन्डर एक्स-रे मेसिनले खिचेर वितरण गरेको छ। इजो कम्पनीले आफ्नो वार्षिक क्यालेन्डर निर्वस्त्र मोडलहरूलाई लिएर प्रकाशित गर्ने सोच बनाएको थियो, तर आफ्नो क्यालेन्डरको तस्बिरमा विविधता आओस् भनेर उक्त कम्पनीले एक्स-रे मेसिनमार्फत् निर्वस्त्र मोडलहरूको तस्बिर खिच्यो। शरीरको सम्पूर्ण भागको उपचार गर्न हामी सक्षम छौं भन्ने सन्देश दिने सोचका साथ प्रकाशित उक्त क्यालेन्डरमा समाविष्ट तस्बिरहरू अनौठा देखिन्छन्।



**अन्त्यमा...**

यौनसम्पर्कका बेला एक अर्काको भावनाको कदर गर्न सके राम्रो हुन्छ। हालै बेलायतमा गरिएको एक सर्वेक्षणले के तथ्य सार्वजनिक गऱ्यो भने यौनसम्पर्कका बेला ४८ प्रतिशत महिला लुगा लगाउन चाहन्छन्। बाँकी महिलाले आरामदायक भएकाले निर्वस्त्र हुने गरेको बताए। यही प्रश्न पुरुषहरूसँग सोध्दा ३६ प्रतिशत पुरुषले निर्वस्त्र भएर यौनसम्पर्क राख्ने चाहना भएको बताए। कपडा लगाउन चाहने महिलाहरूलाई कस्तो पहिरन मन पर्छ भनेर सोध्दा उनीहरूले नाइटी लगाउन रुचाएको बताए। बन्द कोठाभित्रको यौन स्वभावका विषयमा सोधिएका अन्य प्रश्नमा ६१ प्रतिशत महिला र ३७ प्रतिशत पुरुषले बत्ती निभाएर यौनसम्पर्क गर्ने बताएका थिए। बेलायतको माई सेलिब्रिटी डकटमले गरेको यो सर्वेक्षणमा १ हजार ५ सय ६३ जना सहभागी थिए।

## अश्लील साइटमा आकर्षण बढ्यो



इन्टरनेटको बढ्दो सञ्जालले अश्लील श्रव्यदृश्यमा जो-कसैको सहज पहुँच पुऱ्याएको छ। इन्टरनेटमा बढिरहेको आकर्षणले गर्दा महिलाहरूलाई अश्लील श्रव्यदृश्यमा तीव्र आकर्षण गरिरहेको पछिल्लो सर्वेक्षणले देखाएको छ। महिलाहरूमा इन्टरनेटका अश्लील श्रव्यदृश्यहरूमा आकर्षण बढेको एक दशक मात्र भएको छ। सन् २००३ मा इन्टरनेटमा महिलाहरूको अश्लील श्रव्यदृश्यप्रति कत्तिको आकर्षण छ भनेर अनुसन्धान गर्दा प्रत्येक ६ जना महिलामध्ये एक जनाले त्यस्ता वेबसाइट हेर्ने गरेको बताएका थिए भने सन् २००६ मा प्रत्येक तीन जना महिलामध्ये एक जनाले अश्लील साइट हेर्ने गरेको बताएका थिए। सन् २००८ मा गरिएको अर्को सर्वेक्षणमा ३० प्रतिशत महिलाले आफूमा अश्लील साइट हेर्ने लत भएको स्वीकार गरेका थिए। इन्टरनेट फिल्टर रिभ्युले गरेको सर्वेक्षणमा ९४ लाख महिलाले प्रत्येक महिना यस्ता साइट हेर्ने गरेको र त्यस्ता दर्शकमध्ये १३ प्रतिशत अश्लील सामग्री उत्पादनमा लागेको समेत पाएका थिए। अश्लील साइटप्रति बढेको आकर्षणले महिलाहरू विभिन्न हिंसाको सिकार हुनुका साथै उनीहरूको यौनशोषण पनि बढिरहेको सर्वेक्षणकर्ता हि्वलक कलेज, बोस्टनकी प्रेफेसर मेरी एन्ना लाइडेनले बताएकी छिन्।




# सचित्र



कम्मर मर्काइ नाचन : मिस नेपाल जेनिषा मोक्तान साथीको बिहेमा नाच्दै ।



एभरग्रिन : नायिकाद्वय करिश्मा मानन्धर तथा निरुता सिंहसँग निर्माता उद्धव पौड्याल ।



दुई दिदीको साथ : नायिका युना उप्रेतीले अभिनय गरेको चलचित्र 'फर्केर हेर्दा' को प्रिमियरमा सहभागी भएका नायिकाद्वय करिश्मा मानन्धर र निरुता सिंह ।



साथी प्रियंकाको बिहेमा : जेनिषा मोक्तान, कुन्छाङ् मोक्तान तथा अन्य ।



आइटम डान्स कि क्याटवाक ? : नायिका, नृत्याङ्गना तथा मोडल सुष्मा कार्कीको पोज ।



मेरो त भयो, तिम्रो कहिले ? : नायिका निशा अधिकारी साथी प्रियंका कार्कीको वैवाहिक कार्यक्रममा ।



हाम्रो फिल्म हिट होला ? : निर्माता तथा नायिका जेनी कुँवरका साथ निर्माता तथा निर्देशक सोमित बस्नेत

# गुरुङ नायिकाहरू



**शिव शर्मा**

पोखरा- जस्सु गुरुङको परिचय कुनै बेला म्युजिक भिडियोको मोडल मात्र थियो, तर अहिले उनको परिचय फेरिएको छ । उनको नाम गुरुङ चलचित्रकी नायिकामा दरिएको छ । जस्सुलाई 'घान्द्रुककी ठिटी म' गीतको म्युजिक भिडियोले चिनाएको हो । टोरा अर्थात् टुहुरो शीर्षकको गुरुङ चलचित्रमा पहिलो पटक नायिका बनेकी जस्सु भन्छिन्- 'हिजोआज पनि अफर त आइरहेको छ ।'

नृत्यमा समेत अब्बल जस्सुले जातीय संस्कृति झल्कने गीतको म्युजिक भिडियोदेखि अन्य लोकगीतमा गरेर दर्जनौं म्युजिक भिडियोमा काम गरिसकेकी छिन् । गुरुङ पहिरनमा सजिएकी गुरुङले फुर्तिलो पारामा भनिन्- 'हिजोआज त छानेर मात्र काम गर्छु ।'



पोखरामा गुरुङ चलचित्र निर्माणको लहर सँगै नायिका बन्न चाहने गुरुङ युवतीहरूको दौडधूप बढ्दो छ । यहाँ दर्जनौं गुरुङ चलचित्रको निर्माणसँगै युवतीहरूको आकर्षण पनि बढेको हो ।

चौ (भाउजू) तथा क्रमु (पछ्यौरी) गरी दुई जातीय चलचित्रकी नायिका नविना गुरुङको धङ्धडी मेटिएको छैन । उनी अभिनय क्षेत्रमा लागेको पनि पाँच वर्षभन्दा बढी भैसकेको छ ।

नायिका बन्ने सौख सानै देखिको हो, नायिका नविना भन्छिन्- 'चलचित्रमा काम गरेर पनि आफ्नो जातीय संस्कृतिको संरक्षण भएको छ ।' गुरुङ भाषा-संस्कृतिमा निर्माण हुँदै आएका चलचित्रलाई हिजोआज आधुनिकताले पनि छुन थालेको छ । 'चलचित्रमा आफ्नैपन देखिनुपर्छ,' नायिका जस्सुले भनिन्- 'जातीय 'चलचित्रले आमनेपालीको मौलिक संस्कृतिलाई पनि उजागार गर्दै आएको छ ।'



पोखरामा अहिलेसम्म गुरुङ भाषा र संस्कृतिमा आधारित ५५ भन्दा बढी चलचित्र निर्माण भैसकेका छन् । ती चलचित्रमा अभिनय गर्ने नायिका एक दर्जनभन्दा बढी छन् । तीमध्ये अधिंकाश अहिले पनि सक्रिय छन् । नगन्य मात्र वैवाहिक जीवनपछि पलायन भएका छन् । केही गुरुङ चलचित्रमा काम गरेकी माया गुरुङ अहिले हङकङ पुगेकी छिन् ।

गुरुङ चलचित्रमा अभिनय गर्ने नायिकाहरूले अन्य चलचित्रमा अभिनय गरेको पाइँदैन । गुरुङ भाषाकै मेरो गाउँ र मेरो बाटो शीर्षकका दुई चलचित्रमा अभिनय गरेकी नायिका अनिता गुरुङ भन्छिन्- अरू धारका चलचित्रमा काम गर्न घरबाट अनुमति छैन । जातीय पहिरन र संस्कृति देखाइने हुनाले गुरुङ चलचित्रमा काम गर्न सजिलो हुने उनले बताइन् । अनिता भन्दै थिइन्- 'नेपाली चलचित्रमा अभिनय गर्दा जातीय पहिरन मात्र सीमित हुन पाइँदैन ।'

भाषिक चलचित्र निर्माणको क्रम बढ्दै गएपछि गुरुङ चलचित्रमा नयाँ अनुहार पनि त्यत्तिकै देखा परिरहेका छन् । वसन्ती गुरुङ, दीप्ति गुरुङ, सुनिता गुरुङ, छाया गुरुङ, मीरा गुरुङ, प्रतिज्ञा गुरुङ, पविना गुरुङ, सविना गुरुङ आदि अहिले निर्माण भैरहेका गुरुङ चलचित्रमा सक्रिय छन् ।

पछिल्लो समयमा गुरुङ चलचित्रमा चिनिएकी नाम हुन्– दीप्ति गुरुङ । पाहुना मेरो जिन्दगी तथा तिनागा आदि चलचित्रकी नायिका दीप्तिलाई चलचित्रमार्फत जातीय संस्कृति उजागर गर्न पाएकोमा आनन्द लाग्छ । पाँच वर्षदेखि यही क्षेत्रमा सक्रिय दीप्तिले भनिन्- 'गुरुङ चलचित्रमै करियर बनाउने सोच छ ।'



तस्बिर : राजीव श्रेष्ठ

# प्रेममा उमेर बाधक हुँदैन

● रोजिन शाक्य

यौन विशेषज्ञ तथा मनोचिकिन्त्सकहरूका अनुसार मेनोपज शारीरिक अवस्थाभन्दा व्यक्तिको मानसिक सोचमा निर्भर गर्छ। ४० को उमेर पार गर्ने बितिकै यदि व्यक्तिले स्वयंलाई बूढो मान्छ भने त्यसको प्रभाव उसको दिनचर्यामा पनि पर्छ। श्रीमान्-श्रीमतीले एक-अर्काको भावनाको ख्याल गरेर यदि शारीरिक सम्बन्ध स्थापित गर्छन् भने ५० को आयुपश्चात् पनि लामो समयसम्म यौनजीवनको आनन्द लिन सकिन्छ।

अधिकांश विवाहित महिला सन्तान ठूला भएपछि श्रीमान्सँगको सम्बन्धलाई त्यति महत्त्व दिँदैनन्। यौनका लागि अब उमेर सीमा नाघिसकेको धारणा तिनको हुन्छ। श्रीमान्द्वारा पहल गरिए पनि उनीहरू या त बहाना बनाउँछन् या अब व्यक्तिगत सुखको साटो घर गृहस्थीको दायित्वलाई पूर्ति गर्ने र सन्तानको करियरमा ध्यान दिनु बढी आवश्यक छ भन्ने मान्छन्। यस्तो सोचले श्रीमान्-श्रीमतीको सम्बन्धमा दूरी बढाउँछ र तनाव एवं मानसिक अशान्तिसँगै कैयन् अवस्थामा स्थिति भयावहसमेत बन्न पुग्छ। यसबाट जोगिन कुनै पनि प्रकारको नकारात्मक सोचले जन्म लिने वातावरण सिर्जना गर्नुहुँदैन। दाम्पत्य जीवनको सुमधुरता एवं स्थायित्वको आधार यौनजीवन पनि भएको कुरा बिर्सनुहुँदैन। शारीरिक सम्बन्धप्रतिको थोरै पनि उदासिनताले दाम्पत्य सम्बन्ध नीरस एवं कमजोर हुने सम्भावना रहन्छ।

### मनलाई सम्झाउनु आवश्यक

यौन विशेषज्ञ तथा मनोचिकिन्त्सकहरूका अनुसार मेनोपज शारीरिक अवस्थाभन्दा व्यक्तिको मानसिक सोचमा निर्भर गर्छ। ४० को उमेर पार गर्ने बित्तिकै यदि व्यक्तिले स्वयंलाई बूढो मान्छ भने त्यसको प्रभाव उसको दिनचर्यामा पनि पर्छ। श्रीमान्-श्रीमतीले एक-अर्काको भावनाको ख्याल गरेर यदि शारीरिक सम्बन्ध स्थापित गर्छन् भने ५० को आयुपश्चात् पनि लामो समयसम्म यौनजीवनको आनन्द लिन सकिन्छ।

एक अनुसन्धानअनुसार बढ्दो उमेरमा नियमित शारीरिक सम्बन्धले अकारण बढ्ने मोटोपनलाई रोक्छ। चिड्चिडापन, मानसिक अशान्ति एवं अनिद्रा जस्ता धेरै रोगबाट धेरै हदसम्म बचाउँछ। सेक्सका बखत निस्कने केही विशेष हार्मोनले व्यक्तिलाई मानसिक तनावबाट टाढा राख्न मद्दत गर्छ भने बढ्दो उमेरमा केही सामान्य बिरामीसित लड्न अनि शरीरको प्रतिरोधक क्षमता बढाउन सहायक हुन्छ। सेक्सका बखत हृदयको धड्कन स्वाभाविक रुपले बढ्छ जसले गर्दा हृदयलाई स्वस्थ राख्न मद्दत प्राप्त हुन्छ। यौनलाई गैर आवश्यक कुरा मान्नु शारीरिक एवं मानसिक दुवै रुपमा हानिकारक सावित हुनसक्छ। विशेष रुपमा बढदो उमेरमा शारीरिक सम्बन्ध श्रीमान्-श्रीमतीका बीच आपसी सम्बन्धलाई अझ प्रगाढ बनाउने माध्यम सावित हुन्छ।

### एक-अर्कालाई साथ दिनुपर्छ

यो सत्य हो कि सन्तान हुर्किसकेपछि अभिभावकको जिम्मेवारी अझ बढ्छ। तिनको भविष्यको चिन्ता एवं घरगृहस्थीको कार्यमा अल्झेर एकअर्कालाई समय दिनसमेत गाह्रो हुन्छ। सुखी एवं सन्तुष्ट दाम्पत्य जीवनका लागि यस्तो स्थिति पूर्ण रूपमा प्रतिकूल हो। सम्पूर्ण कर्तव्य दायित्व निर्वाह गरेपश्चात् के पनि बिर्सनुहुँदैन भने श्रीमान्-श्रीमतीलाई एकअर्काको आवश्यकता पर्छ। त्यसैले व्यस्त भए पनि आफ्ना लागि समय निकाल्नुपर्छ। सन्तानबिना पनि एकअर्काको साथ रहने प्रयास गर्नुपर्छ। आफ्नो जीवनसाथीलाई कुनै पनि अवस्थामा नदेख्याजस्तो गर्नुहुँदैन। समय र अवस्था अनुकूल यौनजीवनको आनन्द लिन जान्नुपर्छ। ४०-४५ को आयुपश्चात् पनि यौनजीवन बाँच्न सकिन्छ। शारीरिक असक्षमता वा विशेष बिमारीमा मात्र यो सम्भव नहुन सक्छ। हाम्रो सामाजिक संरचनाअनुसार चालीसको आयुपश्चात् यौन सम्बन्धप्रति अधिकांश महिला उदासीन हुन्छन्, जागरूकता देखाउँदैनन्, संकोच मान्छन्। यो संकोच पूर्णरुपले मानसिक हुन्छ तर शारीरिक आवश्यकता भने कायमै रहन्छ। यही द्वन्द्वको स्थितिले मानसिक तनाव सिर्जना गर्छ। दम्पती एकअर्काप्रति आरोप लगाउन थाल्छन् र यसले दाम्पत्य जीवनलाई समस्याग्रस्त बनाउँछ।

### इच्छालाई दबाउन हुँदैन

बढ्दो उमेरसँगै दम्पती दुवैलाई एक-अर्काको आवश्यकता महसुस हुन्छ। त्यसैले जीवनसाथीको भावनाको सम्मान गर्दै मानसिक एवं शारीरिक रूपबाट उनलाई सन्तुष्ट गर्ने हरसम्भव प्रयास गर्नुपर्छ। कैयन् अवस्थामा केही पुरुषमा पेरोनी वा पेनिक इरेक्सन डिसअर्डरजस्ता देखा पर्छ। यसलाई सर्जिकल वा नन-सर्जिकल उपायद्वारा समाधान गरी पुन: पहिले जस्तै यौनजीवनमा सक्रिय हुन सकिन्छ। यदि व्यक्ति मानसिक रूपबाटै स्वयंलाई बूढो र असक्षम सम्झन थाल्छ भने उपचार अझ बढी कठिन हुन्छ। अत: दम्पती दुवैले आ-आफ्नो इच्छा दबाउनबाट जोगिनुपर्छ। जीवनको हरेक क्षणलाई बढीभन्दा बढी उपयोग गर्ने प्रयत्न गर्नुपर्छ। चिकित्सकहरूका अनुसार ४५ वर्षको उमेरपश्चात् महिलामा मेनोपज प्रारम्भ भए पनि शारीरिक क्रियामा कुनै प्रकारको बाधा उत्पन्न हुँदैन, न त यौन आनन्दमै कमी आउँछ। गर्भावस्थाको भय पनि कम हुने भएकाले यौन आनन्दको लाभ अझ बढी उठाउन सकिन्छ। केही समस्या महसुस भए यौन प्रक्रियामा परिवर्तन ल्याउनुपर्छ। लगातार एउटै क्रियाले नीरसता उत्पन्न हुन्छ, त्यसैले आफ्नो सुविधा र चाहनाअनुसार शारीरिक सम्बन्धमा केही नयाँ प्रयोग गर्नु उपयुक्त हुन्छ। यसबाट जीवनमा नवीनता छाउँछ र दाम्पत्य जीवन अझ रोमाञ्चक बन्न पुग्छ।

# चुम्बनले कसमलाई पूरा गर्छ

कसम भनेको दुई वा दुईभन्दा बढी व्यक्ति बीच गरिने सम्झौता हो। सम्झौताबिना कुनै पनि काम सफल हुँदैन। जीवनको अर्को नाम नै सम्झौता हो। बाँच्नका लागि कामसँग सम्झौता गर्न जान्नुपर्छ, हाँस्नका लागि सुखसँग सम्झौता गर्नुपर्छ। जीवनलाई उठाउन सफलतासँग सम्झौता गर्न जान्नुपर्छ। नाच्न र गाउनका लागि संगीत र स्वरसँग सम्झौता गर्न जान्नुपर्छ। आरामसँग सुत्न ओछ्यानसँग सम्झौता गर्नुपर्छ। मीठो चुम्बन प्राप्तिका लागि मायालुसँग सम्झौता गरिएको हुनुपर्छ। राम्रो सम्झौताले राम्रो परिणाम ल्याउँछ।

कसम पूरा गर्ने एउटा प्रमुख माध्यम चुम्बन हो। चुम्बन पनि एउटा सम्झौता भएकाले मन मिल्ने व्यक्तिको बीचमा मात्र चुम्बन हुन्छ। ठूलाले सानाप्रति माया दर्साउन, पुरुष-पुरुष र नारी-नारीबीच पनि चुम्बन हुन्छ। कसमका चुम्बन प्रायः नारी र पुरुषमै केन्द्रित हुन्छन्। चुम्बनले अस्थिर मनलाई स्थिर तुल्याउँछ जसले गर्दा मन-मस्तिष्क, शान्त भै काममा जीवनजलको भूमिका निर्बाह गर्छ। युवायुवतीहरूले प्रेमलाई सफल पार्न चुम्बनलाई उपयोगमा ल्याउँछन्।

चुम्बनले दुवै पक्षलाई स्वर्गीय आनन्द प्रदान गर्छ। एउटी दक्ष, साध्वी, बुद्धिमानी एवं कुशल प्रेमिका वा श्रीमतीले आफ्ना श्रीमान् अथवा प्रेमीलाई चुम्बनका साथ व्यवहार, शील-स्वभाव र उच्च विचार एवं सहयोगबाट त्यत्तिकै आनन्द प्रदान गर्छिन्। श्रीमती वा प्रेमिकाको निर्णय गर्नसक्ने क्षमता, उचित रायसल्लाह, ठीक मूल्यांकन गर्ने खुबी र राम्रो बुद्धि प्रेमी वा श्रीमान्का लागि बहुमूल्य सम्पत्तिको कोटीमा पर्छ। प्रेममा आउने कार्य वा लक्ष्यमा समर्थन गर्दै समस्याहरू आउँदा, चिन्ता पर्दा न्यानो सान्त्वना दिनुपर्छ। एक-अर्कालाई इज्जत,



आदर दिन सक्नुपर्छ। प्रेमिका वा श्रीमतीले चुम्बनमा पर्याप्त आनन्द प्रदान गर्न सके भविष्य सुन्दर हुन्छ। एक-अर्काबीचमा सुमधुर सम्बन्ध कायम हुन्छ। चुम्बनको संस्कारभित्र हुर्किएको प्रेम झांगिन्छ र फैलिन्छ। दीर्घकालीन प्रेमका लागि मीठामीठा वचन र आश्वासनका साथ एक पप चोखो, न्यानो र पवित्र चुम्बन बन्धनले बाँधेर जीवनलाई सार्थकता प्रदान गर्ने कसरत गर्नुपर्छ। जुन हामीले सहज र सरल रूपमै पूरा गर्न सक्छौँ। प्रेममा ठूल्ठूला कुराको माग हुँदैन बरु साना मसिना कुरामै रमाउनुपर्छ तर साना कुरा भनेर लापरबाही गर्नुहुँदैन। बरु सानोभन्दा सानो कुराकै ख्याल गर्नुपर्छ, किनभने सानो कुरा नै ठूलो बन्छ भन्ने त उखान नै छ। प्रेममा ठूल्ठूला गफ हाँक्ने र भ्याउँदै नभ्याउने कसम खानुभन्दा सानो कुरामै खरो उत्रन सकेको खण्डमा प्रेमको टुसा त्यहीँबाट पलाउँछ र पछि गएर झाँगिन्छ।

प्रेम तथा विवाह सफल हुन्छ भनेर ठूल्ठूला कसम खानेहरूको सूची लामै छ। विश्वप्रसिद्ध चित्रकार भ्यानगगले आफ्नी प्रेमिकालाई दिएको कसम पूरा गर्न आफ्नो कानसमेत काटेर उपहार दिए तर भ्यानगगले ती प्रेमिकाको माया पाएनन्। व्यवहारलाई एकातिर पन्छाएर असम्भव कसम खाँदैमा प्रेम सफल हुने होइन। कमसेकम सानो कसम खाऊँ, जसलाई पूरा गर्न सकियोस् र सम्बन्धित व्यक्तिले त्यसमा विश्वास गर्न सकोस्। श्रीमान्-श्रीमती वा प्रेमी-प्रेमिकाको बीचमा झैझगडा वा मनमुटाव हुँदा समाधान गर्ने अनेक तरिकामध्ये एक चुम्बन पनि हो।

चुम्बन प्रेमको शाश्वत प्रतीक हो। चुम्बन कतै गोप्य वा कतै खुला सम्झौताको हस्ताक्षर हो। विश्वका अधिकांश मुलुकमा चुम्बनले व्यापक स्थान ओगटेको छ। विवाहित दम्पतीले दिनमा ३ पटक चुम्बन गरे प्रेमले निरन्तरता मात्र प्राप्त गर्दैन, युगल जोडी वा दाम्पतीबीच सुमधुर सम्बन्ध पनि वृद्धि हुन्छ।

– लक्ष्मी भडेल

# फेसन हरियो चुराको

● **बसन्ती बाँस्तोला**

स्याङ्जा- युवती र महिला नाडीभरि हरिया र पहेंला चुरा तथा हातैभरि मेहन्दीमा सजिएर हिँड्न थालेका छन् । विवाहितले मात्र लगाउँदै आएको चुराको परिभाषा फेर्दै छिन् पुतलीबजार स्याङ्जाकी विनिता गुरुङ । हातैभरि हरियो र पहेंलो चुरा लगाएकी विनिताले भनिन्, 'हरियो मलाई मन मर्ने कलर हो, त्यसैले यो चुरा लगा'को ।' मोडल बन्ने रहर पालेकी विनितालाई के गर्दा राम्रो देखिन्छ भन्ने कुराले निकै असर पार्छ । १६ वर्षीया विनिताले साउनका लागि हरियो टिसर्ट, पहेंलो र हरियो चुरा किनिसकेकी छिन् । उनले चुरा असारमै लगाए पनि टिसर्टचाहिँ साउनका लागि साँचेकी छन् । आफूले फेसनका लागि चुरा लगाएको बताउने विनिताले भनिन्- 'रहर थियो, अरू बेला लगाउँदा गाउँमा पनि राम्रो मान्दैनन्, साउनमा केही भन्दैनन् ।' अविवाहित र विद्यार्थीले चुरा लगाउँदा गाली गर्ने, घरपरिवार र विद्यालयले समेत साउनमा छुट दिने गरेको उनले बताइन् ।

चुरा लगाउने चलन नयाँ होइन, तर यसपालि कपडा पनि उस्तै हरियो लगाउने फेसन चलेको छ । बजारमा मात्र होइन, दुर्गम गाउँसम्म हरियो र पहेंलो चुरा पुगेका छन् । विवाहित महिलाले मात्र लगाउँदै आएको चुरा पछिल्लो समय कुमारीले समेत लगाउन थालेपछि चुराको माग बढेको छ ।

यही माग बढाउन सहयोग गर्नेमध्येकी पर्छिन् अञ्जली गुरुङ । युके जाने तयारीमा रहेकी गुरुङले फेसनका लागि मात्र होइन, संस्कृति जोगाउन पनि चुरा लगाएको बताइन् । साउनमा हरियो चुरा लगाउनुपर्छ भन्ने कुरा उनले चार वर्षपहिले थाहा पाइन् । हरियो चुरामा म्याच गर्न उनले त्यस्तै रङको टिसर्ट किनेकी छन् । चुरा लगाउँदा फिलिङ नै अर्कै हुने अञ्जलीले बताइन् । सधैं टिसर्ट र पाइन्टमा हिँड्ने अञ्जलीलाई चुरा लगाउनु युवती हुनुको विशेषता हो भन्ने लागेको छ । यस्तो बेला-बेलाको कुराले होस् वा फेसनले ल्याउने नयाँपनलाई उनी जिन्दगीको रमाइलो पक्ष मान्छिन् ।



विवाहिताहरूले प्रायः रातो चुरा र पोते लगाउने चलन भए पनि साउन महिनामा पहेंलो पोते, चुरा र साडी लगाएर सोमबार महादेवको व्रत बस्छन् । साउनको सेमवार युवतीहरूसमेत राम्रो श्रीमान्को कामना गर्दै व्रत बस्छन् । यो कुरा अविवाहितहरू खुलेर भन्नचाहिँ डराउँछन् । साउनमा माछा मासु छाड्ने र एक छाक खाने विनु गिरीको योजना छ । उनले भनिन्- 'श्रीमानको आयु लामो होस् भनेर व्रत बस्छु ।' त्यसबाहेक आफ्नो शरीर स्लिम बनाउने उद्देश्य पनि उनको छ । दुवै हातमा दुई-दुई दर्जन चुरा लगाएकी गिरीले साउनलाई हरियो रङसँग दाँजेर हरिया चुरालाई शीतलताको प्रतीक बताइन् । हरियोलाई वसन्त र पहेंलोलाई हरियो हुन लागेको ऋतुको संज्ञा दिँदै दुवै रङका चुरा लगाउने बढेका छन् ।



यसरी शीतलता, आयु र फेसनलाई जोडेर आईलाइनर, टीका र पालिस पनि हरियो चल्न थालेको पुतलीबजारका व्यवसायी शाह खालिदले बताए । खालिदका अनुसारसाउनमा हरियो रंग शुभ मानिन्छ । पहिलो लटमा मात्र उनले २ लाखको हरियो चुरा र ५० हजारको टिका, पोते र पालिस ल्याएका छन् । यसरी सबैले लगाएको र वातावरण नै परिवर्तन भएको देखेपछि नलगाउनेले पनि लगाउन थालेका छन् ।

## क्या राम्री देखिएकी ?



यतिबेला हरियो चुरा र हातभरि मेहन्दी नलगाउने महिलाहरू भेट्न मुस्किल पर्छ । अहिले महिलाहरूमा चर्चा नै मेहन्दी र हरियो चुराको छ । फाटफुट्ट रूपमा केही तन्नेरी युवाले हातमा मेहन्दी लगाएको पाइन्छ । विवाह तथा विशेष समारोहहरूमा मात्र लगाइने मेहन्दी साउन महिनामा व्यापक रूपमा प्रचलनमा आउँछ ।

हात-पाखुरामा मेहन्दी र हातभरि हरियो चुरा लगाउन युवतीदेखि महिलाहरू पछि पर्दैनन् । हातभरि मेहन्दी र नाडीमा छमछम बज्ने हरियो चुरा तथा मेहन्दी लगाएकी राष्ट्रिय भलिबल खेलाडी परिचय गुरुङ दंग देखिन्थिन् । 'चलेको चलनसँग फेसन पनि भएको छ,' गुरुङले भनिन्, 'साथीहरू सबैले लगाएकाले लगाएकी हुँ ।

साउन महिनामा लगाइने हरियो चुरा र मेहन्दीलाई उनी आफ्नो मौलिक संस्कृतिका रूपमा लिन्छिन् । यतिबेला सडकका चोकदेखि ब्युटिपार्लरहरूमा मेहन्दी र हरियो चुरा लगाउनेहरूको भीड देखिन्छ । गलामा हरियो पोते, नाडीमा हरियो चुरा र लपक्कै मेहन्दी लगाएकी गुरुङ ब्युटीपार्लर पार्लरकी सञ्चालिका चिनु गुरुङलाई साउन महिना लागेपछि एकछिन फुर्सद हुँदैन । 'मेहन्दी लगाउनेहरू पार्लरमा हूल बाँधेर आउँछन्,' गुरुङले भनिन्- 'साउन महिना हरियो चुरा र मेहन्दीको मौसम नै हो ।'

उनले हरियो चुरा र मेहन्दी लगाउनुको अर्थ खोतल्दै भनिन्- युवतीहरूले राम्रो पति पाऊँ भनेर र महिलाहरूले पतिको दीर्घायुको कामना गर्दै हरियो चुरा र मेहन्दी लगाउँछन् । गुरुङले भनेझैं मेहन्दी अनि हरियो चुरा लगाउने चलन अहिले आएर संस्कृतिको पहिचानसँगै फेसन पनि भएको छ । पछिल्लो क्रममा फेसनेबल युवतीहरूले आकर्षक देखिन टाटु शैलीमा पनि मेहन्दी लगाउने गरेको पाइन्छ । तराईका महिलाहरूमा मात्र सीमित मेहन्दीको चलन अहिले सबै क्षेत्र र जातजातिका महिलाहरूबीच लोकप्रिय छ ।

सात वर्षदेखि पोखरामा बसेर मेहन्दी लगाउँदै आएकी पम्मी सिन्हाले भनिन्- 'साउन महिनाभरि मेहन्दी र चुरा लगाउन बिहानैदेखि खट्नुपर्छ ।' हिजोआज मेहन्दी लगाउने चलनमा पनि परिवर्तन भएको छ । पहिले सामान्य रूपमा लगाइने मेहन्दी अहिले फरक-फरक डिजाइनमा लगाइन्छ । साउने संक्रान्तिदेखि यो महिनाभरि नै मेहन्दीको प्रयोग हुने गरेको छ ।

-शिव शर्मा

# हरियो चुरा र मेहन्दीको मौसम







तस्बिरहरू : विकास राई

● **भीषण राई**

धरान- साउन महिनाभर जताततै मेहन्दी लगाउनेहरूको ठूलो घुइँचो देखिन्छ । त्यस्तै चुरा पसलमा पनि थामी नसक्नुको भीड हुन्छ । साउन महिना लागेपछि आममहिला हुन् वा युवती सबैको हत्केला हरियो चुरा र मेहन्दी सजिएको देख्न पाइन्छ ।

कतिले महत्त्व बुझेर त कतिपयले देखासिकीमा पनि हत्केलामा मेहन्दी र पाखुरामा हरियो चुरा लगाएका छन् । विवाहित महिलाले श्रीमान्को लामो आयुको कामना गर्दै हरियो चुरा र मेहन्दी लगाउने गरेका छन् । हातमा हरियो चुरा भएपछि हत्केलामा मेहन्दीको बुट्टा छुट्दैन । त्यही भएर पनि हत्केलामा मेहन्दीको गाढा रंग अनि नाडीमा हरियो चुरा लागाएकी छिन् धरान, भोटेपुलकी नविना राईले ।

राई मात्र होइन, अहिले गाउँ-सहर जहितहीं जुनसुकै उमेरका महिलाहरूले हरियो चुरा र मेहन्दीले आफूलाई सजाएका छन् । धरान-१९ की शोभा थापा मगर पनि साउन मेहन्दीको विशेष चाड भएको अनि मेहन्दी लगाउँदा हात नरम र राम्रो हुने भएकाले रहर लगाएको बताउँछिन् ।

सबै प्रकारका महिलाले कुनै न कुनै बहानामा साउन महिनामा हरियो चुरा र मेहन्दी लगाएकै हुन्छन् । धरानकै गायिका विधा बान्तवाले भने यसपालि जीवनमै पहिलो पटक मेहन्दी लगाएकी छिन् । सबैले लगाएको देखेर रहरले मेहन्दी लगाएको उनी बताउँछिन् । बान्तवालाई मेहन्दीका विषयमा अरू कुरा खासै थाहा छैन ।

कोही विश्वास गरेर लगाउँछन् त कतिपयले विश्वास नभए पनि लगाउने गरेका छन् । धरानकी भलिबल खेलाडी सीता राईको हातभरि मेहन्दी देखिन्थ्यो । उनले चाडका अवसरमा मेहन्दी लगाएको तर मेहन्दी लगाउनेवित्तिकै श्रीमान्को आयु बढ्छ भन्ने कुरामा भने पटक्कै विश्वास नभएको बताइन् । राई भन्छिन्- 'अहिलेको एक्काइसौं शताब्दीमा पनि त्यस्तो होला जस्तो मलाई लाग्दैन ।'

अरू बेलासमेत मेहन्दी लगाउन मनपराउने धरान-१५ की सुम्निमा लिम्बूले प्रत्येक वर्ष नछुटाई मेहन्दी लगाउने गरेकी छिन् । लिम्बू भन्छिन्- 'अरू बेला त मेहन्दी लगाइन्छ भने साउन त मेहन्दी लगाउने मौसम नै हो । मेहन्दी लगाउँदा हात आकर्षक देखिने भएकाले पनि महिलाहरूमा यसको मोह तीव्र भएको लिम्बूले बताइन् ।

प्लस टुमा अध्ययनरत दीपिका विष्ट पनि मेहन्दी लगाइरहेकी थिइन् । किन त ? उनले जवाफ फर्काइन्- 'साथीहरूले लगाएकाले मैले पनि लगाएको ।' अहिले सबै समुदायका युवतीले हरियो चुरा र मेहन्दीको मौसममा आफूलाई ढालेका छन् । त्यसैको सिकोमा टिनएजर्सहरू पनि असल श्रीमान्को कामना गर्दै चुरा र मेहन्दी लगाउँछन् ।

भानुचोकबाट छाताचोकतिर जाने सडक पेटीमा मेहन्दी लगाउने ठाउँमा भेटिएकी रचनाले आफूलाई मन पर्ने मानिसलाई सम्झेर हरियो चुरा र मेहन्दी लगाएको बताइन् । अहिले युवतीहरूको फेसन लाई बुझेर मेहन्दी आर्टिस्टहरू बजारमा सहज रूपमा उपलब्ध छन् । मेहन्दी लगाउँदा हात शीतल हुनुका साथसाथै सुन्दर पनि देखिन्छ ।

सडक पेटीमा भेटिने आर्टिस्ट र बजारमा खुलेका ब्युटिपार्लरले अहिले नयाँ-नयाँ डिजाइनका मेहन्दी लगाइदिने गरेका छन् । यस्ता डिजाइनमा विविधता देखिन्छ । अहिले महेन्द्रप्रथमा अरबियन, सिल्भर, गोल्डेन, ब्राइडल, राजस्थानी तथा ब्लाकआउट आदि डिजाइनका मेहन्दी लगाइदिँदै आएकाहरूले ५० रुपैयाँदेखि ३ सय रुपैयाँसम्म लिन्छन् । १० वर्षदेखि ५० वर्षसम्मका महिलाहरू मेहन्दी लगाउन आउँछन् ।

बजारमा सहज रूपमा किन्न पाइने र लगाइदिने मानिसहरूको सुविधाले पनि चुरा र मेहन्दी लगाउनेहरूको संख्या बढेको निर्जरा ब्युटिपार्लरका सञ्चालक निर्मला राईले बताइन् । साथीसंगीहरूको संगतले पनि युवतीहरूको हात र पाखुरा हरिया चुरा र मेहन्दीले सजिने गरेको छ । धरान लाइघाली चोककी बिमला मगरलाई अफिसमा काम गर्ने साथीले हरियो चुरा र मेहन्दी लगाइदिइन् । 'सुरुमा त उनलाई अप्ठ्यारो लाग्यो । पछि भने सामान्य हुँदै गयो,' उनले भनिन् । अहिले उनी आफ्नो हत्केला हरियो चुरा र मेहन्दीले सजिएकोमा निकै खुसी देखिन्छिन् । 'साउन महिनाको मौसम नै त्यस्तै,'– उनले हातको मेहन्दी देखाउँदै भनिन् ।

## • तालुमा आलु •



प्रकाश ओझा

स्वस्थ्य एवं तन्दुरुस्त रहन मार्निङ वाकको महत्त्वको विषयमा बोल्दै एक वक्ता श्रोताहरूलाई भन्दै थिए।

'पैदल हिँड्नु स्वास्थ्यका लागि अन्य एक्सरसाइजभन्दा राम्रो हो। यो कुनै पनि उमेरका मानिसले गर्छन्। मेरो हजुरबुबा ६५ वर्षदेखि हिँड्न थाल्नुभयो, अब अहिले उहाँ ८५ वर्षको हुनुभयो तर उहाँ कहाँ हुनुहुन्छ कसैलाई थाहा छैन।

०००

एउटा मानिस मातेर हिँडिरहेको थियो। छेउमा एउटा सिपाही आएको बेला प्रश्न गर्‍यो।

'ए हजुर समय कति भयो ?'

सिपाहीले एक लठ्ठी टाउकोमा हान्यो र भन्यो- 'एक बज्यो गधा।'

'आइया, एक बज्यो,' टाउको सुम्सुम्याउँदै जँड्याहाले भन्यो, 'एउटा कुरा भनौं हजुर ?'

'के कुरा ?'

'धन्न मैले एक घन्टा अघि टाइम सोधिनछु।'

०००

'हामी सानोमा यति गरिब थियौं रे कि घर रुङ्ने कुकुर पनि पाल्न सक्दैनथ्यौं,' एउटा बालकले भन्यो।

'अनि' अर्को बालकले भन्यो।

'राति कुकुरको साटो मम्मी-ड्याडी पालैपालो भुक्नुहुन्थ्यो।'

०००

एक व्यक्ति एउटा घरमा गयो। घन्टी बजायो। एउटा दस वर्षको बालक बाहिर आयो।

'के भयो ?' बालकले कानेखुसी गर्दै सोध्यो।

'ममी हुनुहुन्छ घरमा ?'

'हुनुहुन्न।'

'बुबा हुनुहुन्छ ?'

'हुनुहुन्छ।'

'जाऊ बोलाऊ।'

'उहाँ अहिले आउन सक्नुहुन्न।'

'तिम्रो दाइदिदी कोही छन् ?

'हुनुहुन्छ।'

'त्यसो भए उहाँहरूलाई नै बोलाऊ,

उहाँहरू बिजी हुनुहुन्छ'

'हजुरबा-हजुरआमा ?'

उहाँहरू पनि बिजी हुनुहुन्छ।

'यो एरियाका ठूला मानिस कोही छैनन् ?'

'छन्, पुलिस छन्, दुईजना चौकीदार छन् तर आउन मिल्दैन ?'

'अचम्म छ... घरमा यत्रा मानिस छन्, पुलिस, चौकीदार सबै छन् र पनि आउन मिल्दैन के गर्दैछन् सबै ?'

'कान यता ल्याउनुस् त...' बालकले भन्यो। व्यक्तिले बिस्तारै कान बालकको मुखमा लग्यो।

'सबै जना मलाई खोज्दैछन्,' बालकले कानेखुसी गर्दै भन्यो।

०००

## • कविता •

### विछोडको वेदना



जति भेट्नु भेटिसक्यौ अब भेट्ने दिन नगन
आज मर्नु कि भोलि मर्छु म मर्ने दिन नगन
तिम्रै लागि भनेर नै यो जीवन बाँचेको थेँ
विश्वासमा नै तिमीसँग यो दिल साटेको थेँ
कति बोल्छौ झुट तिमी भो फेरि कहिल्यै नबोल
मेरै लागि भनी दिल अब कहिल्यै नखोल
जीवनभरका लागि भनी प्रीत लाएका थ्यौं'
सँगै मर्ने सँगै बाँच्ने कसम खाएका थ्यौं
आलो घाउमा तिमी नुन छर्ने काम नगर
मेरो जीवनमा बिन्ती तगारो बन्ने प्रयास नगर
जति भेट्नु भेटिसक्यौ अब भेट्ने दिन नगन
आज मर्छु कि भोलि मर्छु म मर्ने दिन नगन।

**गायत्री कार्की**

### गजब छ

युद्धका पुजारीहरू
नित्सेका अनुयायीहरू
आमाको स्तनमा संगीन रोपेर
मानवताका कुरा गर्दैछन्
शान्तिका कुरा गर्दैछन्
बडो गजब छ !
उनीहरू बुद्ध बन्दैछन्।

**सुमन सुवेदी**

### पिलाएर जाउ

पिरतीलाई फटायौ सिलाएर जाऊ
खाएका कसमहरू दिलाएर जाऊ
मेरो माया म आफैं मलजल गरौंला
अन्तिमपटक पिरतीलाई जिलाएर जाऊ
मैले विश्वास गरे पनि ठूलो घात दियौ
किन याद आइरहन्छौ बिलाएर जाऊ
संसार नै दिएँ तिमीलाई आफ्नो ठानी
पिरतीका मेरो हिसाब मिलाएर जाऊ
मन टुटाइसक्यौ अब केनै बाँकी छ र
पानीमा विष घोली पिलाएर जाऊ।

**नीरज पौडेल**

### भाँडा धुवाँउने नि पैसा हो

चौरासी व्यञ्जन ख्वाउने नि पैसा हो
विदेशी जुठा भाँडा धुवाउँने नि पैसा हो
परदेश जाने मन त कसको छ र
विदेशमै मरे स्यालझैं लास कुवाउने नि पैसा हो
एकान्तमा सम्झी बस्दा याद आउँछ गाउँघरको
सुस्केरा पिटी विरहमा रुवाउने नि पैसा हो
सात समुद्र पारी खबर पत्र नआएपछि
आमा-बा सम्झी तप्प आँसु चुहाउने नि पैसा हो
जीवनसाथी भन्नु मात्र एउटा स्वदेश अर्को विदेश
मीठो नपाई आमाको गर्भ तुहाउने नि पैसा हो।


**एकेन्द्र अछामी**

### चस्स मुटु दुख्यो हजुर

कति रोएँ छाल बनी आँसुको मूल सुक्यो हजुर
निष्ठुरीले छाडी जाँदा चस्स मुटु दुख्यो हजुर
बास मागिन् बास दिएँ गास मागिन् गास दिए
जुन थालमा खा'थिन् त्यही थालमा थुक्यो हजुर
कस्तो रोग लाग्यो कुन्नि नचिनिने भए कि त
मलाई देखी मेरै घरको कुकुरले नि भुक्यो हजुर
अब निको हुन्न झन्-झन् गल्दै गा'छ भन्छन्
आखत हेरी धामीले नि फुक्नुसम्म फुक्यो हजुर
दुःख पर्दा भाग्य पनि पर-पर हुँदो रै'छ
दैव पनि तर्किएछ कुन्नि कता लुक्यो हजुर
बलेसीमा आँसु झर्दा किनाराले ढुक्यो हजुर
निष्ठुरीले छाडी जाँदा चस्स मुटु दुख्यो हजुर।

**गोपाल श्रेष्ठ**

## • लघुकथा •



### बाबाको चमत्कार

कोप्चे बाबाको चमत्कारले पूर्वी नेपाल नै छक्क पर्‍यो। बाबाको दर्शन गर्न जानेको भीड बढ्न थाल्यो। उनीहरू भन्थे, 'लाटो बोल्न थाल्यो। अन्धोले देख्न थाल्यो। दमकका हरिबहादुरको क्यान्सर निको भयो। बिर्तामोडको बहिरोले कान सुन्न थाल्यो। शनिश्चरेको एउटा मानिस आँखा झिम्क्याइरहन्थ्यो, त्यो सामान्य भयो। टीबीले ग्रस्त इलामका श्यामहरि गोतामे निको भए।' बाबाले फुकेर दिएको खानेतेलले रोग निको नभएको कुरा कसैले गर्दैनथे। बजारमा तेल बोकेर जानेको भीड हुन्थ्यो।

केही समयपछि कोप्चे बाबाको ग्लामर सकियो। थोरै मानिस मात्र उनीकहाँ जान्थे। उनीहरूले पनि रोग निको भएको कुरा गर्न छाडेका थिए। त्यही बेला अर्को हल्ला चल्यो। मानिसहरू भन्न थाले, 'बाबाको मन्दिरमा गएर ठीक भएको व्यक्ति फेरि लाटो भयो। आँखा देख्न थालेको केटो फेरि अन्धो भयो। दमकका हरिबहादुरको क्यान्सर बल्झियो। बिर्तामोडको ठीक भएको व्यक्ति फेरि बहिरो भयो। इलामका श्यामहरिमा फेरि टीबी देखियो।' केही दिनपछि बजारमा अर्को हल्ला फैलियो, 'जे जति भए सबै बाबाको चमत्कार हो।'

**अच्यूत घिमिरे**

## सानै उमेरमा
# विवाह गर्नेहरू हिंसापीडित

● **दुर्गालाल केसी**

दाङ– परिपक्व उमेरभन्दा सानै उमेरमा विवाह गर्ने युवतीहरू घरेलु हिंसाबाट बढी पीडित हुने गरेको एक अध्ययनले देखाएको छ। सानो उमेरमा विवाह गर्दा शिक्षा, सीप एवं परिपक्वताको अभावमा घरपरिवारबाट पीडित हुने गरेको पाइएको छ।

गाउँघरका झगडा मिलापत्र गराई परिवारमा सुमधुर सम्बन्ध स्थापित गराउने उद्देश्यले जिल्ला प्रहरी कार्यालयद्वारा सञ्चालित अम्बिकेश्वरी सामुदायिक प्रहरी सेवा केन्द्रले गरेको अध्ययन अनुसार अधिकांश हिंसापीडित महिला कम उमेरका रहेको पाइएको छ। केन्द्रका प्रहरी नायव नीरिक्षक गिरिराज भण्डारीका अनुसार दैनिक २/३ जनाको दरले सानो उमेरका विवाहित महिलाहरू हिंसापीडित भएर आउने गरेका छन्। अधिकांश पीडित महिला १५ देखि २५ वर्ष उमेर समूहका रहेको उनको भनाइ छ।



विगत ६ महिनायता केन्द्रमा परेका ७० मुद्दामध्ये ३६ वटा मुद्दा घरेलु हिंसाका मात्र छन्। '५० प्रतिशतभन्दा बढी मुद्दा घरेलु हिंसाका आउँछन्,' उनले भने, 'त्यसमा पनि सानो उमेरका युवतीहरूको संख्या बढी छ। यो निकै चिन्ताजनक अवस्था हो।' जिल्लाका विभिन्न क्षेत्रबाट आएका मुद्दाहरू अध्ययन गर्दा सानो उमेरमा विवाह गर्ने महिलाहरू नै बढी पीडित भएको पाइएको उनले बताए। उनले भने- 'शिक्षा र सीपको अभावमा आयआर्जन गर्न नसक्दा घरबाट हिंसा हुने गरेको छ। अपरिपक्वताकै कारण धेरै यातना पाइसकेपछि मात्र निवेदन आउने भएकाले मिलापत्र गराउन समेत कठिनाइ भैरहेको छ।'

त्यस्ता हिंसापीडित युवतीहरूमध्ये अधिकांशको वैवाहिक सम्बन्ध नै बिग्रिसकेको उनको भनाइ छ। 'सानै उमेरमा त रोजगारीको अपेक्षा गरिएको पाइन्छ कि त दाइजोको। यी दुवै कुरा नभएपछि अनेक यातना दिएर घरबाट निस्कने वातावरण बनाइन्छ।'

अधिकांश माहिलाले घरमा काम गर्न नजानेको, आयआर्जन गर्न नसकेको, दाइजो नल्याएको जस्ता आरोपमा यातना पाउने गरेका छन्। आर्थिक कारण देखाएर यातना दिइएका घटना बढी भएको केन्द्रकी सदस्य मीना पौडेल बताउँछिन्। 'धेरै घटना आर्थिक कारणले भएका छन्,' उनले भनिन्, 'आत्मनिर्भर नभै विवाह गर्दा नै घरबार बिग्रने गरेका छन्।' प्रायजसो सासू-ससुरा र श्रीमान्‌बाट महिलाहरूले यातना पाउने उनको भनाइ छ।

पढ्दापढ्दै अल्लारे उमेरमा विवाह गरेका युवतीहरू नै बढी अलपत्र पर्ने गरेका छन्। सानैमा विवाह गरेकै कारण अनेक यातना सहनुपरेको घोराही-६ मसिनाकी शान्ति विकको अनुभव छ। १५ वर्षकै उमेरमा लमहीमा विवाह गरेकी विकले श्रीमानबाट अनेक यातना पाएपछि अन्ततः सम्बन्धविच्छेद नै गर्नुपर्‍यो। 'दाइजो ल्याइनस्, केही कमाइ गर्न सकिनस् भनेर रात-दिन कुट्थे। चर्पीमा समेत थुनेर यातना दिए,' उनले भनिन्, 'घरजम जोगाउन चार वर्षसम्म यातना सहेर बसें। जति गर्दा पनि यातना नछुटेपछि अन्तमा सम्बन्ध नै तोड्नुपर्‍यो। सम्बन्धविच्छेद गर्दा आधा अंश पाइन्छ भन्ने कुरा पनि थाहा नपाउँदा अहिले दुःख पाइएको छ।'

स्युजा-३ खाडाकी १९ वर्षीया सपना विक पनि १४ वर्षकै उमेरमा विवाह गर्नुपर्दाको पीडा भोगिरहेकी छिन्। घरको कामकाज धान्न नसकेको र दाइजो नल्याएको भन्दै घरबाट निकालिएपछि अहिले उनी डेढ वर्षकी छोरीका साथ माइतीमा एक्लो जीवन बिताइरहेकी छिन्। 'श्रीमान् दुई वर्षअघि विदेश गएका अहिलेसम्म सम्पर्कमा छैनन्,' उनले भनिन्, 'पढ्नेलेख्ने उमेरमा घरपरिवारले करकापमा विवाह गरिदिए। अहिले बीचमा आएर अलपत्र परियो।'

> विगत ६ महिनायता केन्द्रमा परेका ७० मुद्दामध्ये ३६ वटा मुद्दा घरेलु हिंसाका मात्र छन्। '५० प्रतिशतभन्दा बढी मुद्दा घरेलु हिंसाका आउँछन्,' उनले भने, 'त्यसमा पनि सानो उमेरका युवतीहरुको संख्या बढी छ। यो निकै चिन्ताजनक अवस्था हो।' जिल्लाका विभिन्न क्षेत्रबाट आएका मुद्दाहरु अध्ययन गर्दा सानो उमेरमा विवाह गर्ने महिलाहरु नै बढी पीडित भएको पाइएको उनले बताए। उनले भने- "शिक्षा र सीपको अभावमा आयआर्जन गर्न नसक्दा घरबाट हिंसा हुने गरेको छ। अपरिपक्वताकै कारण धेरै यातना पाइसकेपछि मात्र निवेदन आउने भएकाले मिलापत्र गराउन समेत कठिनाइ भैरहेको छ।

घोराही-६ मसिनाकी निरू सुनार पनि सानैमा विवाह गरेकै कारण दुःख पाइरहेकी छिन्। केही आयआर्जन गर्न नसक्ने भन्दै घरमा कुटपिट गर्न थालेपछि उनी पनि माइतीमा बस्दै आएकी छिन्। निरु एक छोरीका साथ दिन बिताइरहेकी छिन्। 'समयमै बुद्धि नपुर्‍याउँदा दुःख पाइयो,' उनले भनिन्, 'अब अरू युवतीहरू समयमै सचेत हुन्, मैले जस्तो दुःख नपाऊन्।'

## ● सन्देश ●

ठिक्क पार्ने चेपारे साथी
झूटो व्यवहार नगर ममाथि
मन खोलेर मनै दिएँ मनैदेखि विश्वास गरेँ
बदलामा घात पाउँदा अप्ठेरोमा परेँ ।

**वसन्त खत्री**

काजी, पराई भैसकेकी तपाईंलाई बिर्सूं भन्छु, सम्झना अझ ताजा भएर आउँछ । सायद जीवनको अन्तिम सास रहन्जेलसम्म तपाईंलाई बिर्सन सक्दिनँ होला । जे होस्, तपाईंलाई दाम्पत्य जीवनको धेरै-धेरै शुभकामना ।

**माईला**

नवी., मलाई गहिराइमा डुबाएर एक्लै निस्कने प्रयास नगर्नु । म तिम्रा लागि चोखो माया लिएर बाँचेको छु । जस्तोसुकै परिस्थितिमा पनि तिमीलाई साथ दिइरहनेछु, विश्वास गर ।

**विक्रम**

सरु, समयको ज्वारभाटासँगै हुत्तिएर तिम्रो अँगालोमा बेरिन पुगें। सायद अबको सात जुनीसम्म हाम्रो अँगालो छुट्नेछैन । म त तिम्रो मायामा पागल भै मिलनको दिन कुरेर बसेको छु तर समाजको कुदृष्टिसामु विवश छु चुप लाग्न ।

**विष्णु**

सु., तिमीले मेरो मायालाई लत्याएर अर्कैको घुम्टो ओढे पनि तिम्रो जिन्दगी सुखमय बितोस्, तिमी सधैं खुसी र सुखी रहनु । तिमीले जोसँग विवाह गर्‍यौ त्यो केटाले मैलेभन्दा बढी माया दिन सकोस् । तिमीलाई विवाहको शुभकामना ।

**alwaysemelme@yahoo.com**

साथीहरू पूनम, सुनिता, दुर्गा, सुमी, सशान्ति, मीना, विभा, लमी, इन्द्रा, रुद्र, नवीन, नरेश, सूर्यका साथै अन्य आत्मीय मित्रहरूलाई नाता अजम्बरी राख्न अनुरोधका साथ परीक्षामा सफलताको शुभकामना ।



**रविकला**

तिमीसँग कुरा गर्ने अथाह इच्छा-आकाङ्क्षा हुँदाहुँदै पनि समय तथा परिस्थितिका कारण सम्पर्कमा रहन सकिनँ । तिमीले त मेरो तस्बिरलाई आफ्नो हृदयबाट पखालिसक्यौ होला, तर मेरो हृदयमा अझसम्म तिमी नै बसिरहेकी छयौ । आई मिस यू एनी टाइम ।

**प्रशान्त**

एम., मीठो माया एवं न्यानो सम्झना साथै बधाई तिम्रो दाम्पत्य जीवनको । ती खाएका कसम र सँगै बिताएका पलहरू सबै तोड्यौ हैन ? धोका दिएर पराई बन्नु थियो त मसँग माया किन लायौ ? अभागी त म रहेछु, बधाई छ तिमीलाई ।

**अमृत**

सन्तोष, खै किन बिर्स्यौ ती वाचा– मसँग असल दोस्ती निभाउने । भेट्न आउँदा नि भाग्दा रहेछौ । चित्त त दुखेको छ, तर पनि... । के कुरा सुन्यौ कुन्नि ! जे सुन्यौ, ती सब गलत हुन् । तिम्रो खुसी र सफलता देख्न चाहन्थें । बिन्ती, यसरी बिनाकारण टाढा नभइदेऊ ।

**आ.**

कान्छु, प्रत्येक पलपलमा तिम्रो साथ हुन नपाउँदा जीवन नै अपूर्ण, अधुरो, अपुरो लागिरहेछ । म तिमीलाई माया गर्छु, मैले तिम्रो हृदय बुझेको छु । तिम्रो हँसिलो मुहार देखिरहन पाऊँ ।

**एन.आर.**

खुसी, तिमीजस्तो स्नेह मित्र पाउँदा ज्यादै खुसी छु । पत्र पठाउँदै गर, म हरपल तिम्रो प्रतीक्षामा रहनेछु । तिमीलाई मेरो अगाध प्रेम सदासदाका लागि ।

**तिम्रो आत्मीय मित्र**

अप्सरा, जीवनमा धेरै हार खानु रहेछ । तिमीसँगको प्रेममा विक्षिप्त भएको यो बेवारिसे जिउँदो लास अझै पनि सम्झनाको ऐनामा तिम्रै तस्बिर खोजिरहेछ ।

**राजीव**

## ● जीवनको गोरेटोमा ●

### मेरो पीडा र उनी

२०६५ भदौ २, राति सप्तकोसी नदीले आफ्नो बाटो बिर्सन्छ । पूर्वाञ्चलका साथै सारा नेपाली मर्माहत हुन्छन् । कोसीको कठोर रूपको परिणाम पूर्व-पश्चिम राजमार्गमा पर्छ फलस्वरूप सडक अवरोध हुन्छ । यात्रुसामु म मेरो कर्तव्य खोज्छु र पाउँछु पनि, साथै जाने निश्चित योजनाअनुसार गाडी भित्र पस्नासाथ जिम्मेबारीस्वरूप एक ६-७ वर्षीया नानीका साथमा उनकी आमा पाउँछु । यात्राभरि उनी मेरो सोचाइको कारण बन्छिन्, हाम्रो छोटो यात्रा समाप्त हुन्छ ।

हामी सबै झर्छौं, आमालाई अन्टी तथा बालिकालाई नानु शब्दले सम्बोधन गर्दै कोसी किनार पुग्ने विकल्प खोज्दै अन्तिममा बाहिरी संसार खुला रूपमा देखिने तथा अवलोकन गर्न मिल्ने एउटा साधन भेट्टाउँछु । अन्टीसँग सामान्य परिचय हुन्छ, म मेरो वास्तविकता बताउँछु । तत्कालै म मेरी सानी नानुसँग कुराकानीमा व्यस्त हुन्छु ।

निश्चित गन्तव्य पुग्न अझ बाँकी नै छ । पुनः सामग्रीसहित नानुलाई यात्रुको भीड हुँदाहुँदै काखमा राखी मरुभूमिसरह सडकमा यात्रारत हुन्छु । १५-२० मिनेटको तेस्रो स्थानमा प्रकृतिले निःशुल्क बालुवाको उपहारद्वारा मेरी नानुसहित अन्टी र मलाई पनि निर्बाध रूपले संसार हेर्न चुनौती दिन्छ । परिस्थितिको सामना गर्न आतुर मेरा हातले नानुको आँखाको धूलो हटाउने प्रयास गर्छ तर पनि सफल हुन हम्मेहम्मे पर्छ । आत्तिन, रुन, भयभीत हुन खोज्ने मेरी नानुलाई पीडा भएको थाहा पाउँछु, अन्ततः तेस्रो यात्राले पनि हामीलाई सँगै राख्न सक्दैन र पुरानै कार्यको पुनरावृत्ति हुन्छ ।

अन्तिम यात्रामा हामी डुंगा चढ्नुपर्ने तथा नदी पार गर्नुपर्ने हुन्छ । जुठो-चोखोको परिभाषा हामीलाई थाहा हुँदैन । केही समयको पर्खाइपश्चात् सेनाद्वारा सञ्चालित मोटर बोटले हामीलाई स्वागत गर्छ । पानीमाथिको यात्रामा नडराउन आग्रह गर्छु ।

मोटरबाटोको यात्रापछि अनायासै म थकित जस्तो हुन्छु, हिँड्न खोज्दा पाइला सर्नै हिच्किचाउँछन्, आँखा पनि मौन छन् । अन्ततः नचाहेर पनि एक हातमा केही सामग्री र अर्को हातको अनामिकाको साथमा नानुलाई लिएर छोटो पैदल यात्राका लागि माथि उक्लने प्रयास गर्छु । 'अंकल हजुर बिरामी हो, यो ब्याग मम्मीलाई दिनुस् न, मम्मीले ल्याइहाल्नुहुन्छ नि, म झस्किन्छु ।

फेरि मम्मी, हजुरसँग औषधी छ ? अंकललाई दिनुस् न, वाक्य सुनेपछि भावविह्वल हुन्छु, मेरो शरीरको अभिन्न अंग मबाट छुट्न लागेजस्तो हुन्छ, होस गुम्न लागेको मान्छु, संसार अन्धकार लाग्छ, खुट्टा ठीक ठाउँ पहिचान गर्न अल्छी मान्छ तर अझ पनि नानुको सहारामा दूरी परिवर्तन गर्न बाध्य हुन्छु । म चाहन्न हाम्रो साथ छुटोस्, फर्कन मान्दिन नानु अहँ तर म देख्छु नानुको प्रतीक्षामा पर एउटा सेतो अचल वस्तु, छेउ पुग्दा थाहा पाउँछु कि त्यो मेरी नानुलाई नै पर्खिरहेको थियो । अब म झन् प्रताडित हुन्छु, मलाई पीडा हुन्छ, कल्पना गर्न सक्दनँ कि म नानुलाई पठाउँछु तर हे प्रभु प्रकृतिको नियम अंगीकार गर्न बाध्य हुन्छु । सोच्छु यसभन्दा अघि म जान सक्दिनँ, अनामिका झन् कसिलो हुन्छ । स्वागतार्थ खडा वाहक हतार गर्न थाल्छ । नानुलाई ताते हात गरी ढोका छेउ पुर्‍याएको अनुमान गर्छु, आँखाको धमिलो हेराइले पनि सायद सही नै ठान्छ होला, मेरी नानु बाध्यतासँग प्रतिस्पर्धा गर्न सक्दिनन् । ढोकाभित्र प्रवेशसँगै नानुलाई ठेस लाग्छ तर पीडा सहन्छु, विपरीततर्फ मेरा पाइला चल्छन्, म पुग्छु । सवारीको झ्याल खुला छ, छेउमा मेरी नानु, साथमा मम्मी पनि, मम्मीसँग औपचारिक बिदा माग्दै राम्रोसँग जान, नानुको ख्याल गर्न र पुग्नासाथ जानकारी दिन आग्रह गर्छु ।

आँसु पछ्दा पुछ्दै नानु मलाई अकस्मात अँगालोमा लिन्छिन् र 'अंकल हजुर किन रुनुभएको ?' बल्ल थाहा पाउँछु मेरा आँखाले पनि आँसु खसालेछन् । सुँक्क-सुँक्क आवाज कानमा गुञ्जायमान हुन्छ, नानुले मलाई पनि बाध्य बनाउँछिन् । कसैले छुटाउन नसक्ने गरी अँगालोमा कस्छु । मेरो मुटु मबाट छुट्न लागेको हुन्छ । 'अंकल टेलिफोन गर्नु है' आवाजले मर्माहत हुन्छु, छट्पटिन्छु । म प्रत्युत्तर दिन ढिला गर्दिनँ । पुनः नानुसँग भेट हुने-नहुने गहिरो दोधारमा पर्छु । आँखाले भ्याउन्जेल उनी र मबीच बिदाइको हात हल्लिरहन्छ ।

**– जीवन न्यौपाने**

## कुपन सन्देश

**सन्देशका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ ।**

पाउने :

पठाउने :

सन्देश :

## साप्ताहिक साथीका लागि फर्म

**साप्ताहिक साथीका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ ।**

नाम : ..........................................................................

उमेर : ...................................... उचाइ : ...................................

पेसा : .................................... शिक्षा : ..................................

स्वभाव :.................................... वैवाहिक स्थिति : ......................

अभिरुचि : ...................................वर्ण : ...................................

इमेल : ..........................................................................

ठेगाना :.........................................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..........................................................................

..........................................................................

आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।

## ● साथी ●



कक्षा १० मा अध्ययनरत विकास तामाङ १६ वर्षका भए । तामाङ चित्रकला, पौडी एवं खेलकुदमा रुचि राख्छन् । ५ फिट ४ इन्च अग्ला तामाङ भविष्यमा सफल व्यक्ति बन्ने महत्त्वकांक्षाका साथ अध्ययन गरिरहेका छन् । जीवनमा सबै किसिमका साथीको साथ आवश्यक पर्ने कुरा बुझेका तामाङलाई ब्यास नगरपालिका-१०, तनहुँमा पत्रचार गर्न सकिन्छ ।



अध्ययनमा रुचि भएका भगवतीप्रसाद ढकाल ५ फिट ५ इन्च अग्ला छन् । सहयोगी एवं मिलसार स्वभावका ढकाल बीएड दोस्रो वर्षका विद्यार्थी हुन् । गहुँगोरो वर्णका ढकाल २० वर्षका भए । उनी अरूको भावना बुझ्न सक्ने मित्रको खोजीमा छन् । उनलाई साथी बनाउन कामपा-१३ कालीमाटी, ताहाचल, घर नम्बर-१२६८-२३ मा पत्राचार गर्न सकिन्छ ।



लोककुमार बुढामगर विद्यालय अध्ययन सकेका १७ वर्षीय किशोर हुन् । नयाँ साथी बनाउने, भ्रमण गर्ने एवं नयाँ सूचना पाउन मेहनत गर्ने स्वभावका लोककुमार आजभोलि जागिरको खोजीमा छन् । यो फुर्सदिलो समयमा उनी बढीभन्दा बढी मित्र बनाउन चाहन्छन् । यो मित्रता लामो जीवनका लागि लाभदायी हुने उनको विश्वास छ । लोककुमारलाई ह्वामा-६ चोयबाङ, बेसरावाङ टोल (मगर बस्ती) रोल्पामा पत्रचार गर्न सकिन्छ ।



सुनिलकुमार चौधरी ५ फिट ५ इन्च अग्ला छन् । प्रवेशिका उत्तीर्ण चौधरीको अनुहार हसिलो छ । अविवाहित चौधरी हालसम्म बेरोजगार छन् । यति हुँदा पनि उनी जीवनमा निराश हुनुहुँदैन भन्ने मान्यताका पक्षपाती हुन् । उनलाई सुखमा मात्र होइन दुःखमा पनि साथ दिने साथी चाहिएको छ । चौधरीसँग मित्रता गाँस्न chaudharysunil@yahoo.com मा पत्रचार गर्न सकिन्छ ।



१८ वर्षीय हरिनारायण महतो ५ फिट ६ इन्च अग्ला छन् । शान्त एवं सहयोगी प्रकृतिका हरिले आई एडसम्मको अध्ययन पूरा गरेका छन् । दस वर्षपछि विवाह गर्ने योजना बनाएका महतो पहिले पत्रकारिता वा समाजसेवामा आफ्नो करियर बनाउन चाहन्छन् । देश निर्माणमा आफ्नो क्षमताले भ्याएसम्म सहयोग गर्न चाहने हरिलाई गौरीशंकर गाविस, श्रीनगर वडा नम्बर-७, सर्लाहीमा पत्रचार गर्न सकिन्छ ।



मित्रतालाई धनका दृष्टिले हेर्नुपर्छ भन्ने भावना भएका लक्ष्मण तामाङ अलि बोलक्कड छन् । संगीत र साहित्यमा रुचि भएका तामाङ्ले आई ए सम्मको अध्ययन गरेका छन् । ५ फिट ६ इन्च अग्ला लक्ष्मणले अहिलेसम्म धेरै साहित्य अध्ययन गरिसकेका छन् । स्वच्छ मित्रता गाँस्न उनलाई मोबाइल नम्बर ९८४१५६२४४८ मा सम्पर्क राख्न सकिन्छ ।

# जातीय आधारमा राज्य बनाउनु कति उपयुक्त हुन्छ ?

खासै नराम्रो हुन्छ जस्तो त लाग्दैन, राम्रै होला नि हौ पहिले बनाएर त हेरौं ...।

**सुबोध लामा, गोलबजार, सिरहा**

जातीय आधारमा राज्य बनाउनु शान्त देशमा जातिजातिको अन्तरद्वन्द्व निम्त्याउनु हो। देशलाई टुक्र्याएर तहसनहस पार्ने काम मात्र हो। त्यसैले यो रत्तिभर उपयुक्त हुँदैन।

**साँग्रिस मानन्धर** (२७), **स्याङ्जा**

जातीय आधारमा राज्य बनाउनु उपयुक्त छैन। त्यसले विखण्डन निम्त्याउँछ।

**विनोद दाहाल, त्रिचन्द्र क्याम्पस**

आफूलाई राजनीतिमा त्यति चासो नभएका कारण मलाई त थाहा भएन।

**शमशेर योन्जन, सिरहा**

नेपालमा जातीय आधारमा राज्य बनाउनु भनेको जातीय दंगा मच्चाउनु हो।

**उत्तम भट्टराई** (२०), **पाल्पा**

एकदमै राम्रो हुन्छ किनभने हाम्रो जिल्लामा त जातीय आधारमा राज्य बनिसक्यो।

**किस्मत चाम्लिङ** (१६), **दिक्तेल**

एउटा घरको परिवारमा बाबु, आमा र दुई सन्तानलाई टुक्र्याउँदा कस्तो हुन्छ ? हो त्यही अवस्था हुन्छ यदि हाम्रो देश नेपालमा जातीय आधारमा राज्य बनायो भने।

**अनुप प्रेमी, भीमढुंगा**

धेरै जातका नेता भएको ठाउँमा जातीय आधारमा राज्य बनाउनु उपयुक्त हुन्छ होला, तर तपाईंलाई मात्र सुटुक्क भन्छु योचाहिँ अवश्य हुन्छ भद्रगोल।

**नानु थापामगर** (२०), **तनहुँ**

मेरो विचारमा त राम्रै हुन्छ। अरूको विचारमा के हुन्छ, थाहा छैन।

**विराट लामा, गोलबजार, सिरहा**

जातीय आधारमा राज्य बनाउनु नै भोलि भारतमा गाभिनु हो जस्तो लाग्छ मलाई त।

**प्रवीण ज्ञवाली, करादी**

हरे राम... नेपालमा कति जातका मान्छे बस्छन् थाहा छ ? कहीँ यस्तो नसकिने कुरा पनि उपयुक्त हुन्छ, अचम्म छ बा...।

**राकेश श्रेष्ठ, पोखरा, लेकसाइड**

यो देश टुक्र्याउने मेलो भएकाले जातीय राज्यभन्दा हाम्रो सुन्दर, शान्त, विशाल एउटै नेपाल नै ठीक छ।

**विनोद खतिवडा, इनरुवा**

के को उपयुक्त हुनु नि ? मलाई त यो बेकारको कुरा लाग्छ।

**प्रणयल लामा** (१८), **सिरहा**

हुन्छ होला, नि किनभने कमरेडज्यूहरू त्यसै भन्दैछन्।

**आले भाइ सूर्य** (१९), **दमौली**

रामेछापलाई त ताम्सालिङ राज्यमा पारेका छन् क्यारे। आफ्नो त छुट्टै राज्य पनि छैन। फेरि आफूलाई यो विषय ठीक पनि लाग्दैन यसले विवाद झन् बढ्छ।

**सिर्जना सुनुवार** (१६), **रामेछाप**

उपयुक्त हुँदैन, किनभने यसले तल्लो जात र माथिल्लो जातबीच अझ फाटो सिर्जना गर्छ।

**टीकाराम अर्याल, गल्कोट, स्याङ्जा**

यो कुरा म निर्दोष विद्यार्थीलाई थाहा छैन, माओवादीहरूसँग सोध्नुहोस् न।

**महेश अवस्थी** (१९), **महेन्द्रनगर**

## • अब हाम्रो पालो •

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला। प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ। एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ।

१. कस्ता मान्छेले राजनीति गर्नुपर्छ ?
२. रोमान्टिक गीत राम्रा हुन्छन् कि ट्राजिक ? किन ?
३. नेपालले खेलकुदमा किन सधैं हार्छ ?
४. अश्लील भिडियोको बढ्दो चलनका सम्बन्धमा के भन्नुहुन्छ ?
५. तपाईं एक्लै हुँदा के सोच्नुहुन्छ ?
६. राजनीति राम्रो कि समाजसेवा ? किन ?
७. तपाईंले पछिल्लो पटक कहिले झूटो बोल्नुभयो ?
८. साप्ताहिकको ब्लो-अप तपाईंलाई कस्तो लाग्छ ? किन ?
९. के तपाईंलाई नेपालमा राजतन्त्र फर्किन्छ जस्तो लाग्छ ?
१०. नेपालबाट रूढिवाद र अन्धपरम्पराको अन्त्य किन नभएको होला ?



## • यौन जिज्ञासा र समाधान •



डा. राजेन्द्र भद्रा
यौन रोग विशेषज्ञ

**प्रश्न : म २६ वर्षीय विवाहित पुरुष हुँ। मेरो उचाइ ५ फिट ३ इन्च र तौल ६० किलोग्राम छ। मेरो विवाह भएको चार वर्ष भयो। मेरी एउटी छोरी पनि छ। मेरो लिंग ५ इन्च लामो र ४ इन्च मोटो छ, जबकि मेरी श्रीमतीको योनिको गोलाइ ६ इन्च छ। मेरो लिंगभन्दा श्रीमतीको योनि १ इन्च नै खुकुलो छ। यौनसम्पर्कमा श्रीमतीले सन्तुष्टि नपाएको महसुस गर्छिन्। शारीरिक सम्पर्कका बेला मेरी श्रीमतीको योनीबाट पाँच–पाँच मिनेटको अन्तरमा बढी मात्रामा तरल पदार्थ निस्कन्छ। मेरी श्रीमतीको उमेर २१ वर्ष र उचाइ ५ फिट २ इन्च तथा तौल ५५ किलोग्राम छ। उचाइ र तौल बढी भएर योनि ठूलो भएको हो कि ? शारीरिक सम्पर्कको बेला श्रीमतीको योनिबाट किन धेरै पानी आएको होला ? कतै यो रोग त होइन ? कि शारीरिक सम्पर्कका बेला योनिबाट बढी पानी बगेकाले श्रीमतीले यौनसम्पर्कमा सन्तुष्टि नपाएको अनुभव गरेकी हुन् कि ? यो पानी कम गर्न के गर्नुपर्छ ? योनि सानो बनाउने कुनै भरपर्दो औषधी भए बताइदिनुहोला। लिंगलाई ठूलो बनाउने भरपर्दो औषधी छ ?**

**एबीसी**

**उत्तर** : व्यक्तिअनुसार लिङ्ग वा योनिको नाप र आकारमा धेरै भिन्नता हुन्छ। कामसूत्रका लेखक ऋषि वात्सायनले पनि नापलाई आधार बनाएर लिङ्ग तथा योनिको वर्गीकरण गरेका छन्। उनले लिङ्गको नापअनुसार खरायो, वृष (साँढे) तथा अश्व (घोडा) र योनिको गहिराइअनुसार मृगी, घोडी र हस्तिनी गरेर तीन-तीन वर्गमा विभाजित गरेका छन्। बात्सायनका अनुसार खरायो पुरुषको मृगी, साँढेको घोडी तथा घोडाको हस्तिनीसगको मिलन समान अर्थात 'समरत' मानिन्छ। त्यसबाहेकका अन्य यौनसम्पर्कलाई 'विषमरत' भनिन्छ। विषमरतमा पनि पुरुषको लिङ्गको नाप नारी योनिको भन्दा ठूलो भएको स्थितिमा 'उच्चरत' भनिन्छ भने सानो भए 'नीचरत'। सामान्यतः उत्तेजित अवस्थामा लिंगको लम्बाइ यस्तै ५ दशमलव ९ (धेरैजसोको ५ दशमलव २५ देखि ६ दशमलव २५) इन्चको हुन्छ। योनि मांसपेशीले बनेको एकदमै लचिलो वा भनौं तन्कन सक्ने गुण भएको नली आकारको अङ्ग हो, जसको सामान्यतः लम्बाइ ३ देखि ४ इन्च हुन्छ।

तपाईंले कसरी योनिको नाप लिनुभयो र एक इन्च खुकुलो हुन्छ भन्ने कुरा थाहा पाउनुभयो, त्यसका बारेमा पनि लेखिदिनुभएको भए हुन्थ्यो। योनि नली आकारको अङ्ग भए पनि यसमा पाइपको जस्तो जतिखेर पनि प्वाल वा खाली ठाउँ रहेको स्थिति भने हुँदैन। सामान्य अवस्थामा योनिका भित्ताहरू एक-अर्कासँग टाँसिएको अवस्थामा हुन्छन्। त्यसैले योनिको नाप अर्थात् गहिराइ वा गोलाइको कुरा गर्दा योनिको संरचनाका बारेमा विशेष ध्यान दिनुपर्छ। योनि मांसपेशीले बनेको नली आकारको एक विशेष अङ्ग हो। यसमा निकै तन्कन र खुम्चन सक्ने गुण हुन्छ, तर लिङ्ग प्रवेश गर्दा यसले त्यसका लागि स्थान दिन्छ तर लिङ्गसँग यसको भित्ता टाँसिएको अवस्थामै हुन्छ।

**के नाप ठिक्क मिल्नैपर्छ ?**

व्यावहारिक जीवनमा लिङ्ग र योनिको नाप ठ्याक्कै मिलाएर मात्र यौन सम्पर्क राख्न कतिपय कारणले सम्भव हुँदैन। विवाहभन्दा पहिले यसको नाप लिने कुरा पनि व्यावहारिक रूपमा सम्भव छैन। शरीरको बाहिरी नापले यौनाङ्गको नापलाई प्रतिविम्बित गर्दैन। विषमरत स्थितिमा यौनसम्पर्क हुँदा अपनाउनुपर्ने यौन आसनका बारेमा पनि वात्सायनले चर्चा गरेका छन् र यसको व्यावहारिकता अझै छ। आसनमा विभिन्नता ल्याएर यसमा सुधार ल्याउन सकिन्छ। योनि खुकुलो लागेको स्थितिमा विशेष गरेर जाँघ फैलाइएको स्थितिभन्दा नजिक ल्याइएको स्थिति सहयोगी हुन सक्छ।

लिङ्गलाई ठूलो वा लामो बनाउने विभिन्न उपाय जस्तै लिङ्गको कसरत तथा हातैले तन्काउने विधि, तौल वा यन्त्रको सहायताले तन्काउने विधि, पम्प प्रयोग गर्ने विधिका बारेमा जनकारी होला नै, तर यी सबै विधिका दीर्घकालीन प्रभावकारितामा अनेक प्रश्न छन्। तपाईंमा परिवर्तन नआएको पनि यही कारणले हुनसक्छ। शल्यचिकित्सा अर्को महत्त्वपूर्ण उपाय हो, तर यसले नाप बढ्ने एवं यौन सक्षमतामा मिश्रित नतिजा आएका छन्। तपाईंले सोच्नुभएको जस्तो यो सजिलो भने नहुन सक्छ। अर्को बिर्सन नहुने कुरा, योनिको बाहिरी एक तिहाइ भाग यौन संवेदनशील हुन्छ, जुन यौन सुख दिन पर्याप्त छ र भगांकुर बाहिरतिर हुने कुरा त भन्नु पर्दैन होला।

**कसरी कसिलो बनाउने ?**

योनिलाई कसिलो बनाउन यौनाङ्ग क्षेत्रको मांसपेशीलाई बलियो बनाउनुपर्छ। यसका लागि गरिने कसरतलाई नै केगेल (Kegel) कसरत भनिन्छ। यसका लागि तपाईंले निम्न कुरा गर्नुपर्ने हुन्छ। सबैभन्दा पहिले pubococcygeus भनिने मांशपेशी समूहलाई पहिचान गर्नुपर्छ। यसका लागि पिसाब फेर्दा मांसपेशीको संकुचन गरेर पिसाब रोक्ने प्रयास गर्ने र यो प्रक्रिया दोहोर्‍याई-तेहेर्‍याई उक्त मांसपेशीको पहिचान गर्नुपर्छ। यही पिसाब रोक्न प्रयोग गरिने मांसपेशी नै उक्त मांसपेशी हो। यसले योनिद्वारलाई पनि घेरेर राखेको हुन्छ। अब यसको कसरत गर्न थाल्नुपर्छ। सुरुमा यस्तै १ सेकेन्डसम्म बेस्सरी खुम्च्याएर राख्ने र छाड्ने अर्थात् खुकुलो बनाउने। बिस्तारै यसलाई बढाएर ५ सेकेन्डसम्म पुर्‍याउने। बिस्तारै यो १० देखि १५ सम्म संकुचित गर्ने (खुम्च्याउने) र छोड्ने। यो क्रम बढाउँदै दिनभरिमा यस्तो गर्ने क्रम २० पल्टसम्म पुर्‍याउने। यस्तो ६ सातासम्म नियमित रूपमा गरे थाहा पाउने गरेर केही फरक देखिन्छ। यो मांसपेशी संकुचित गरेर यौन सम्पर्कका बेलामा तपाईंको लिङ्गलाई बेस्सरी समात्न प्रयोग गर्न सकिन्छ अनि खुकुलो भएको महसुस हुँदैन।

अत्यधिक रस आउँदा पनि खुकुलोपन महसुस हुन्छ। यो महिलामा यौन उत्तेजनाको संकेत हो। केही महिलामा यौन चरमसुख प्राप्त गर्ने बेलामा पनि त्यस्तो हुन सक्छ। अन्य केही कारण छन् भने विचार गर्नुपर्ने हुन्छ। अन्तमा, असन्तुष्टि भयो कि भनेर शंका गर्नुको सट्टा यस विषयमा श्रीमतीसँग राम्रोसँग कुराकानी गरेर समाधान खोज्नु उचित हुन्छ।

Language & Computer
English: Elementary, Intermediate & Advanced Courses
(Supervised by P. Swoveet, free books, cassettes, audio-visual/lab practice & interactive method..)
TOEFL/IELTS/SAT/GRE Pre.
(Free Books/ materials/ Lab & Online practice/ weekly tests)
Japanese/ Korean/German/Chinese
French/ Spanish/ Italian.. classes
Computer: Basic/Advanced/Accounting/Graphic.. courses
UNPOL SAT Preparation Classes are going on!
Our Products: Language books/Cassettes/CDs/Video DVDs ....
Easy Learning Language Book, Cassettes/CDs Basic to Advanced
Face to Face Language Videos Price: Rs. 160/-
Easy Way Prem Swoveet's best language books with Audio /Video DVDs has recently come in the market!
Upto date Essays for TOEFL/IELTS 201 Essays Rs.188/-
Boost Vocabulary Enhance word power Price: 50 & 60/-
-OLC's Publications, ph. 4-247897
O'seas Academy (OLC) Head office Bag Bazar, 4-268945
OLC Jamal-Branch, 4-244741
(Institute run by P. Swoveet! Other so called OLC don't belong to us!)

पासहुनेनैगरी पढ्न आउनुहोस्।
भर्ना खुल्यो - 2067
समय: बिहान/दिउँसो/बेलुका
माध्यम: अंग्रेजी/नेपाली
PRIVATE/OPEN REGULAR Tuition & Coaching
TEST/SLC/Exempted/पुरक परीक्षा
I.A, I.Com, B.A, M.A, M.P.A
SLC,PCL,+2, Bachelor & Master
गृहिणी/उमेर नाघेका/जागिर खाँदा खाँदै पढ्ने इच्छा भएका समेत बेलैमा शैक्षिक परामर्शकासाथ अभिभावक-विद्यार्थी-अनुभवी शिक्षकहरूको प्रयासबाट छोटो समयमै पासहुनेगरी Capsule कक्षामा पढ्न आउनुहोस्।
प्राइभेट एकेडेमी
पुतलीसडक, काठमाडौं, 01-4422105

बेदाग गोरो बनाउने आयुर्वेदिक
रूपअमृत
Rs. 1650/- मात्र
Anti Pimple (Rose Sunscream Free)
*मुहारको दाग धब्बा पोतो हटाउने Dr. Japan - Rs.350/-
*मुहारको चाउरीपन हटाउने Cream - Rs.1250/-
*स्तन घटाउने तथा बढाउने Cream - Rs.1650/-
*शरिरको Weight घटाउने Dr. Slim Tea - Rs.1250/-
शरीरको तौल + उचाई बढाउने
जाँड-रक्सीको कुलत बाट छुटाउने
No side effect 100% Garantee
सफल आयुर्वेदिक प्राकृतिक उपचार
केश
झर्न तुरुन्तै रोकी उमार्ने तेल
Harbal 44 Rs. 750/-
आस्था हेल्थ केयर
काठमाडौं, माइतीघर (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 9841330144
9845275046 Chitwan, 9842083409 इटहरी

100% फिट्नेस
जाँड-रक्सीको कुलत छुटाउने
"डिफ्यूज-एल" हर्बल चूर्ण
विशुद्ध किफायती ब्रान्डेड प्राडक्ट
स्तन घटाउन तथा बढाउन
Elevation Bust Cream
गुप्ताङ्ग टाईट महिला यौन ईच्छाजागृत
शरीरको मोटोपना घटाउन/तौल बढाउन
ग्यारेण्टी कपाल झर्न रोक्ने SBI, तेल
उत्तेजना तथा लिङ्गको विकास गर्न
Kirtipur 01-4336701 9803502259
Kalimati 01-4276068 9841981976
Free Home Delivery

100% Guarantee
यौन समस्या, यौनाङ्ग विकास, गुप्त रोगको समस्या
अनुहार कालोपोतो, चाँया, डण्डीफोर हटाउन
चाहेजति शारिरिक तौल घटाउन बढाउन
जाँड-रक्सीको कुलत छुटाउन
Breast घटाउन बढाउन टाइट गर्न, मधुमेह, ग्याष्ट्रिक, दम बाथ एलर्जी
सम्पर्क: महारुद्र आयुर्वेद
With Home Delivery
2291316, 9851115833
9849117597, 9751011098

हाईट बढाउने ?
३ महिनामा ४" उचाई बढाउने
केश झर्न तुरुन्तै रोकी उमार्ने
१ महिनामा चाहेजती ब्रेष्ट बढाउने र घटाउन
जस्तो सुकै उमेर अनुसार चाउरीपन हटाउन
तीलकोठी, डण्डीफोर, चायापोतोको लागि
१ महिनामा ६ देखि १० किलो मोटोपन घटाउन
प्रेशर, सुगर, ढाड दुखाईको लागि (आयुर्वेदिक उपचार)
नेचुरल हेल्थ केयर
ललितपुर, लगनखेल, (पाटन हस्पिटल अगाडी)
फोन : 5004046, 5550195
मोवाइल : 9851112675


## बाटो पत्ता लगाउनुहोस्



## दिउँसो जन्मिएको शिशु दीर्घजीवी हुने

दिउँसो शिशु जन्माउने चाहना कतिपय आमाहरूलाई नहुन सक्छ, तर नेदरल्यान्डका एक अनुसन्धानकर्ताले रातिभन्दा दिउँसो जन्मिएका शिशु दीर्घजीवी हुने बताएका छन् । नेदरल्यान्डमा सन् २००० देखि २००६ सम्म जन्मिएका ७ लाख शिशुमध्ये दिउँसोभन्दा राति जन्मिने शिशुहरूको मृत्युदर बढी भएको ती अनुसन्धानकर्ताले बताए । उक्त अवधिमा गरिएको अनुसन्धानका क्रममा के तथ्य देखियो भने दिउँसोभन्दा राति जन्मिने शिशुहरूको मृत्युदर ४७ प्रतिशतले बढी थियो । यही आधारमा ती अनुसन्धानकर्ताले सकेसम्म दिउँसो नै शिशु जन्माउन गर्भवती महिलाहरूलाई सुझाव दिएका छन् ।

## साप्ताहिक कोठेपद




**दायाँ**

१. अष्टबुद्धमध्ये एक (४)
२. नीति शतकका रचयिता (४)
३. हल्का पानी पर्नु (४)
५.उपद्रो बठ्याइँ (३)
८. कवितामा लेखिएको कथा (४)
९. संसद्, कानुन बनाउने ठाउा (५)
१०. ऐन-नियमहरूको स्रोत (३)
१२. दसैंको प्रसाद (३)
१४. सम्झौता (३)
१५. योग्य (३)
१६. सुन (३)
१७. काठमाडौंको एक ठाउा (६)
२०. बानी, व्यसन (२)
२२. लागूपदार्थको नशा (२)
२३. माछा खाने चरा (३)
२५. घोडा बाँध्ने ठाउा (३)
२६. एक हिमश्रृंखला (४)
२७. छोराको नाति (३)

**तल**

१. मध्यवर्ती समयको, कामचलाउ (४)
२. अचानक घट्ने घटना (४)
३. अश्वारोही सेना (३)
४. बौद्ध धर्मको एक शाखा (४)
६. माछा-मासु नखाने एक वर्ग (४)
७. भीमद्वारा मारिएको राक्षस (४)
८. मदिरा पाइने ठाउा (४)
९. बाधा-अवरोध (४)
११. द्रव्य शाहका दाजु (४)
१२. सीताका पिता (३)
१३. नेपालको ठूलो ताल (२)
१४. थोरै, धेरैको उल्टो (२)
१५ लाभ प्राप्त गर्ने व्यक्ति (४)
१६. मसिन, यन्त्र (२)
१८. नेपालको एक जिल्ला (४)
१९. चलिआएको प्रथा (४)
२१. एक प्रकारको बाजा (३)
२४. हात र शरीर जोडिएको ठाउा (२)

## पत्याउनु हुन्छ ?



फिल लिकले लगातार १ सय १५ घण्टा पोर्कर खेलेर नयाँ कीर्तिमान कायम गरेका छन् । यसअघि ७२ घन्टाको कीर्तिमानलाई उनले भंगमात्र गरेनन्, पोर्कर खेलेर ६ हजार ७ सय ६६ डलर आम्दानीसमेत गरे ।



लन्डनमा वार्षिक रूपमा निट्ली इटिङ वर्ल्ड च्याम्पियनसिप हुन्छ । सिस्नुको पात खाने यो प्रतियोगिताकी विजेताले यसपटक ७४ फिट बराबर पात खाएकी थिइन् ।


जर्मनीको ह्यामबर्गमा सम्पन्न माटो ओलम्पिक प्रतियोगितामा ४ सय प्रतियोगीले सहभागिता जनाएका थिए । हिलोमा खेलाइने यो ओलम्पिकमा फुटबल, भलिबल तथा साइकल रेस सम्पन्न गरिएका थिए ।



भारतका ११ वर्षीय पृथ्वीराज पटेललाई वेरिवोल्फ रोगको समस्या छ । ५० किसिमका वंशाणुगत समस्यामध्ये उनलाई लागेको समस्या एक हो । यो समस्या भएका मानिसको शरीरमा अत्याधिक रौं उम्रन्छ ।



## १० वटा फरक खोज्न सक्नुहुन्छ ?



## कुरा बुझ्नु भो त !

प्रस्तुती : योगेश खपाङ्गी





# आमाहरू सौतेनी हुँदैनन्

● **त्रिभुवन पौडेल**

'बैंस मलाई पनि आयो' भर्खरै ५१ वर्षमा टेकेका पोखरेली कवि तीर्थ श्रेष्ठले भने- 'तर काममा यति व्यस्त भइयो कि, बैसले आक्रमण गर्नै पाएन ।' कताकति आँखा जुध्यो होला तर धित मर्ने गरी प्रीति लाउने फुर्सद भएन ।

बुढेसकाल लागेन ? कुराकानीको उठान गर्दा उनले आफू अझै केटाकेटी जस्तो भएको बताए । माधव घिमिरे, सत्यमोहन जोशी र डायमण्ड शमशेरहरू अझै क्रियाशील रहेको देख्दा आफूलाई केटाकेटी नै रहेको भन्न रुचाए उनले । आफ्नो ज्यानको कपिराइट उनी आफैलाई छ तसर्थ उनलाई बूढो भन्न पनि भएन । बरु अझ जवानी कस्तो थियो, जान्न मन लाग्यो । अझ रोमान्टिक बन्न थाले तीर्थ-

*'जिन्दगीको गोधूलिमा*
*एउटा प्यास छ अझै*
*सबै गुमाए पनि रात काट्न यौटा*
*वास छ अझै*
*निराशाको बादलले जति ढाके पनि*
*मनमा पहिलो पटक वास बस्नेको*
*यौटा आश छ अझै'*

बस, के चाहियो अब । नातिका हजुर बाउ भैसकेका तीर्थले यस्तो कविता सुनाएपछि उनको अझै बाँकी रहेको बैसले मागेका कुरा सोधिएन । पहिले-पहिले हाम्रो उमेर नेपालीको सरदर आयु हुन्थ्यो, अहिले त त्यो पनि बढेको छ । उनी आफूलाई अझै केही गर्ने सोच भएको व्यक्तिका रूपमा उभ्याउने प्रयास गर्दैछन् । माथि उल्लेखित मुक्तक उनका एकजना साथीले जन्तर बनाएर घाँटीमा लगाएको अचम्मको कुरा सुनाए । हाल क्यानाडामा रहेका साथीले कागजमा मुक्तक लेख्न लगाएछन् । पछि थाहा भयो, त्यो टुक्रालाई उनले जन्तर लगाएर हिंडेछन् ।

२७ वर्षको झिल्के उमरमै पोखरा नगरको उपप्रधानपञ्च भएका तीर्थमा कवि मन जाग्न थालेको स्कुले हुँदैखेरी हो । पिताजीका तीन दाजु-भाइ, पिताजी र ठूला बा व्यापारमा । कान्छा बा कलेज पढ्थे । त्यही बेलाको कुरा हो । कान्छा बाको कोठामा लक्ष्मीप्रसाद देवकोटाको भिखारी र निरविक्रम प्यासीको कविता पढेपछि, एकाएक तीर्थमा कवि बन्ने रन्को चढ्यो । रन्को चढेपछि, कसले छेक्ने ? तीनै कविताको नक्कल गरेर कविता कोर्न थाले उनी ।

फुरेका कविता मकैको ठेउला जस्ता पो भए, 'नक्कल गरेको नि त्यही भएर' उनले स्कुले विद्यार्थी हुँदाको क्षण सम्झिए- 'स्कुल पढ्ने बेलामा गुरु पुष्प श्रेष्ठले भित्तेपत्रिका निकाल्न थालेपछि, अलिअलि कवि हुन थालियो ।' त्यसपछि बसेको रसले उनलाई साँच्चिकै कविका रूपमा देशभर चिनायो ।

**राजनैतिक यात्रा**


पोखराका रैथाने नेवारहरू प्राय: कांग्रेसी । उनले पनि स्कुले जीवनदेखि नै सुरु गरे राजनीति । राजनीतिबाट तिमी जति टाढा हुन खोजे पनि सक्दैनौ भन्ने उक्तिले उनलाई पनि छाडेन । विक्रम सम्वत् २०४३ सालको कुरा । स्वर्गीय गणेशमान सिंह पञ्चायत समाप्त गर्नुपर्छ भन्थे । गिरिजाप्रसाद कोइराला राजाको विकास गर्ने सदिक्षालाई सहयोग पुऱ्याउनुपर्ने मान्यतामा । कास्की कांग्रेसका अग्रजहरू मीनबहादुर गुरुङ, तारानाथ रानाभाट र करुणानिधिहरूले तीर्थका बाबु धर्मप्रसादसँग छोरालाई राजनीतिमा लाग्न हामीलाई दिनुहोस् भने । बाबुले इन्कार गरेनन् । २७ वर्षकै उमेरमा पोखरा नगरको उपप्रधानपञ्चमा उम्मेदवारी दिएका तीर्थले निर्वाचन जिते । प्रधानपञ्चमै उठेका कांग्रेसी उम्मेदवार केशवराज पराजुलीले ३५ सय भोट ल्याएर हारे, तीर्थको भने ७५ सय मत आयो । मलाई सबै क्षेत्रका मानिसले माया गर्छन् भन्ने बुझे तीर्थले, मनै कवि । उपप्रधानपञ्च भएकै बेला भानु जयन्तीका बेला खुला कविता प्रतियोगिता र सास्वत भन्ने साहित्यिक पत्रिका पनि प्रकाशन गरे नगर पञ्चायतबाटै । २०४६ सालमा बहुदल आएपछि, फुस्कियो उपप्रधानपञ्चको पद । त्यसपछि पनि केही समय सक्रिय रहे कांग्रेसको राजनीतिमा । पोखरा उपमहानगरपालिका भैसकेपछि पहिलो लेखा समितिका संयोजक उनै हुन् । अहिले चासोमात्र बाँकी छ राजनीतिको ।

तीन वर्षको उमेर हुँदा जन्मदिने आमा गुमाएका तीर्थले फेरि अर्की आमा पाए । उनलाई ती आमा कहिल्यै सौतेनी लागिनन् । बरु ती आमाले छोरा जस्तै पालेर राखिन् जन्म दिने आमाको मायाको अनुभव उनले कान्छी आमाबाट पाए । अनि उनलाई लाग्यो-

*'आमाहरू सौतेनी हुँदैनन्*
*सौतेनीहरू आमा हुँदैनन् ।'*

कवि र रक्सी । दुवै शब्द एक-अर्कालाई खुब माया गर्छन् । कवि तीर्थलाई पनि रक्सीको खुब माया लाग्छ । अनि माया गर्ने चीजले आफूलाई खानेगरी खान नहुने उनको तर्क छ । 'रक्सीले आफूलाई खाने होइन, हामीले रक्सी खाने हो ।' तीर्थ भन्छन्- 'रक्सी खाएकै बेलामा सिर्जनशील कुराहरू आउँछन्, जस्ता सँग बसेर खायो रक्सीले त्यस्तै प्रतिफल दिन्छ ।' अम्बर गुरुङ र केदारमान व्यथित जस्ता अग्रजहरूसँग बसेर रक्सी खाँदा गौरवान्वित हुन्छन् तीर्थ ।

पोखरामा संस्कृतिकर्मी भनेपछि सर्वज्ञमान प्रधानाङ्गपछि तीर्थकै नाम आउँछ । सरुभक्तका बालसखा हुन् तीर्थ । तीर्थले केही महिनाअघि पोखरामा एकल कविता वाचन पनि गरे आफ्नो जन्मदिन पारेर । प्राय: पोखरामै रम्ने तीर्थ अहिले सिर्जना र आफ्नै व्यापारमा व्यस्त छन् तर साहित्यिक भेटघाटमा उनको उपस्थिति भैरहन्छ । पोखरा र काठमाडौंमा आफ्नो एकल कविता वाचन गरेका तीर्थ भन्छन्- 'कविताका पाठक र श्रोता मात्र होइन, दर्शक पनि बढेका छन् ।'



**२०४६ सालमा बहुदल आएपछि, फुस्कियो उपप्रधानपञ्चको पद। त्यसपछि पनि केही समय सक्रिय रहे कांग्रेसको राजनीतिमा। पोखरा उपमहानगरपालिका भैसकेपछि पहिलो लेखा समितिका संयोजक उनै हुन्। अहिले चासोमात्र बाँकी छ राजनीतिको।**

# मैले यसरी गरें

## कलाकार सुष्मा राजभण्डारी



वि.सं २०२५ साल असोज ९ गते काठमाडौंको लगनटोलमा पिता शुकदेव राजभण्डारी तथा माता कृष्णप्यारी राजभण्डारीको कोखबाट जन्मिएकी नेपालकै स्थापित महिला कलाकारको नाम हो सुष्मा राजभण्डारी । ललितकला क्याम्पसबाट स्नातक तथा त्रिचन्द्र क्याम्पसबाट स्नाकोत्तरसम्मको औपचारिक शिक्षा हासिल गरेकी सुष्मा सिद्धार्थ वनस्थली तथा सौरदीप स्कुलमा कला शिक्षिकाका रूपमा कार्यरत छिन् । कलाकार सुष्मा राजभण्डारीले कलाकारिताकै सिलसिलामा जापान, कोरिया, भारत, अमेरिका आदि विभिन्न देशमा गएर एकल तथा सामूहिक चित्रकला प्रदर्शनी गरी नेपाललाई चिनाउने काम गरिसकेकी छिन् । बालपत्रिका मुना, साहित्यिक पत्रिका नव-प्रज्ञापनजस्ता दर्जनौं पत्रपत्रिकामा भित्री तथा आवरण चित्र कोरिसकेकी सुष्माका दर्जनौं सामूहिक चित्रकला प्रदर्शनी तथा नवौं एकल चित्रकला प्रदर्शनी भैसकेको छ । चित्रकलामार्फत नै नाम र दाम कमाएकी, चित्रकलामार्फत नै स्तरीय जीवन जिउन सकिन्छ भन्ने उदाहरण बनेकी सुष्मा राजभण्डारी कसरी चित्रकलामा स्थापित भइन् ?

हण्जुरबाकै पालादेखि मेरो घरमा धेरै पुराना चित्र थिए । ती चित्र कसरी बनेका होलान् ? क-कसले बनाएका होलान् ? भन्ने खुल्दुली भैरहन्थ्यो । मेरो बालमस्तिष्कमा ती चित्रको गहिरो छाप बस्यो । ती चित्रका बारेमा खुल्दुली चलिरहँदा नै म चित्रकलातर्फ डोरिँदै गएँ । चित्र मोहकै कारण पढाइका साथसाथै चित्रकलामा पनि ध्यान दिन थालें । यो कुरा मैले आफ्ना पितालाई पनि भनें । मेरो चाहना बुझेर मेरा पिताले मलाई वरिष्ठ कलाकार गोविन्द डंगोलकहाँ पुऱ्याइदिनुभयो ।

मलाई यो क्षेत्रमा अझै पृथक् बनाउने काम पौभा चित्रकला (नेवारी थान्का) को परम्परागत शैलीले गरायो । सुरुमा मैले पौभा चित्रकलामा लोकचित्रकार, त्यसपछि प्रेममान चित्रकार र अन्तमा अमिरमान चित्रकारबाट शिक्षा लिएँ । त्यसपछि मैले आफ्नै छुट्टै पहिचान बनाउन सामूहिक चित्रकला प्रदर्शनीहरूमा भाग लिएँ । बिस्तारै पौभा चित्रलाई पनि नव-परम्परागत शैलीमा लानुपर्छ भन्ने सोच ममा आयो र मैले पौभा चित्रकलालाई नव-परम्परागत शैलीमा लाने आँट गरें । मेरो पहिलो चित्रकला प्रदर्शनीमा देखाइएको प्रयोग सुरुमा अनौठो देखिए पनि आखिरमा अध्ययन र सन्दर्भका आधारमा ती चित्रले सबै कलाप्रेमीको मन जित्यो ।

म विभिन्न पत्र-पत्रिकामा कार्टुन चित्रहरू पनि बनाउँथें । साथीहरूको समूह मिलेर चित्र बनाउन गाउँ-गाउँ जान्थ्यौं र त्यहाँको परिवेश, परिस्थिति हेरेर चित्र बनाउँथ्यौं । यसरी मैले चित्रकलामै समय बिताउन थालें । खुब ध्यान दिएर अन्य चित्रकलाहरू पनि हेर्थे । कसरी आफूलाई पृथक् बनाउन सकिन्छ भनेर सोचिरहन्थें । चित्रकलामै खान्थें, चित्रकलामै सुत्थें, चित्रकलामै उठ्थें । पछि मैले आफ्नो पहिचान पृथक् बनाउन गणेश र तेस्रो नेत्रलाई जोड दिएर चित्र बनाउन थालें । अहिले पनि म यसकै बारेमा खोज गरी चित्र कोर्दै छु । यसरी गरेको मेहनतको फल आज मैले राम्रोसँग पाएकी छु । चित्रकला प्रदर्शनीबाटै कैयौं चित्र बिक्री हुन्छन् । घरमा पनि खोज्दै आइपुग्छन् । यसकै माध्यमबाट मैले आफ्नो राम्रो पहिचान बनाउन सकेको छु ।

साथीहरू सहयोगी हुनुपर्छ । आफ्नो पेन्टिङका बारेमा राम्रोसँग चिन्न-चिनाउन सक्नुपर्छ । विभिन्न संघ, संस्था, व्यपारी, विदेशीहरूसँग समन्वय र सम्बन्ध पनि बढाउँदै लानुपर्छ । यसो गरे आफ्नो पेन्टिङलाई राम्रो स्थानमा पुऱ्याउन सकिन्छ, तर मेहनतचाहिँ गर्नैपर्छ । आफ्नै छुट्टै पहिचान बनाउन लागिपर्नुपर्छ । अहिले त स्कुलहरूमा पनि कला शिक्षकहरूको राम्रो स्थान र माग छ ।

मैले सिद्धार्थ वनस्थलीबाट प्रवेशिका गरें । त्यसपछि त्रिचन्द्र कलेजमा विज्ञान विषय लिएर अध्ययन गर्न थाले तर मलाई कता-कता के अपुग भएको, के नमिलेको जस्तो लाग्यो । पछि मैले बुझें, म त कलाको विद्यार्थी पो हुँ, विज्ञानको होइन । यही महसुस गरेर मैले ललितकला क्याम्पसबाट स्नातकसम्मको अध्ययन पूरा गरें ।

**-यशु श्रेष्ठ**

# सोदोपोखरी, फुङफुङे, तोक्पेगोला महोत्सव



ताप्लेजुङ– नेपाल पर्यटन वर्ष २०११ को पूर्वसन्ध्यामा पर्यटन प्रवर्द्धनका लागि जिल्लाको पश्चिमी दुई गाविसमा साँवा र पापुङ गाउँ विकास समितिस्थित पर्यटकीय स्थलको प्रचार-प्रसार तथा पर्यटक प्रवर्द्धनका लागि महोत्सवको आयोजना गरिएको छ। महोत्सव एउटै क्षेत्रमा रहेका पर्यटकीय स्थलहरू फुङफुङे झरना, सोदो पोखरी र तोक्पेगोलाको प्रचारका लागि साउन २७ देखि २९ गतेसम्म तीन दिन चल्नेछ। तोक्पेगोलावासीहरूको ऐतिहासिक पर्व ठुक्पाछेसिको अवसरमा यो महोत्सवको आयोजना गरिएको हो।

डण्डु शेर्पाका अनुसार महोत्सवमा छोतोङवो परिक्रमा, तोक्पेगोलाका स्थानीय खेल ताक्सु, हर्तो तथा भलिबल प्रतियोगिता सम्पन्न हुनेछन् भने सांस्कृतिक कार्यक्रमअन्तर्गत तोक्पेगोलाका शेर्पा महिलाहरूको स्याब्रु नाच, धुञ्ज्याङ र अन्य कला प्रदर्शनी गरिनेछ। यसका अतिरिक्त अन्य सांस्कृतिक झाँकी पनि प्रदर्शन गरिनेछ।

स्थानीय उत्पादनका सामग्री यार्चागुम्बा, उवाको पीठो तथा गलैंचाको प्रदर्शनी एवं बिक्री गरिनेछ। यात्राका क्रममा प्रसिद्ध झरना र विशाल पोखरीको अवलोकन गराइनेछ। सदरमुकामबाट २५ कोसको दूरीमा स्थित तोक्पेगोला पुग्न दुईदेखि तीन दिन लाग्छ। पर्यापर्यटनको राम्रो सम्भावना भएर पनि ओझेलमा परेको यो क्षेत्रमा पर्यटकको संख्या वृद्धि हुने अनुमान महोत्सव आयोजकहरूको छ। महोत्सवकै अवसरमा भने ५० हजार पर्यटक भित्र्याउने उद्देश्य छ। जिल्लाको पश्चिमी क्षेत्रमा आयोजना गरिएको यो पहिलो महोत्सव हो।

–आनन्द गौतम

# पोखरामा बोलबमको रौनक



पोखरा- यतिबेला बोलबम-बोलबमको आवाज जताततै गुन्जिएको छ। पोखरामा बोलबमको रौनक नै बेग्लै छ।

बोलबमका अवसरमा केदारेश्वर महादेवमणि संरक्षण एवं बोलबम समिति पोखराले पञ्चैबाजासहित पोखरामा बोलबम र्‍याली प्रदर्शन गर्‍यो। गेरुवस्त्र धारण गरेका र्‍यालीका सहभागीहरूले भगवान् शिवको महिमासम्बन्धी भजनकीर्तन र नाचगान गरी रमाइलो गरेका थिए।

बगरको गाईघाटस्थित शुक्लागण्डकीबाट जल लिई भक्तजनहरू पैदलयात्रासहित र्‍यालीमा निस्किएका हुन्। अविरल वर्षाको कुनै पर्वाह नगरी भक्तहरूले पैदलयात्रासहित वैदामस्थित केदारेश्वर मन्दिरमा पुगेर शिवलिङ्गमा जलार्पण गरे। बोलबमका अवसरका मन्दिर परिसरमा दिनभरजसो भजनकीर्तन चलेको थियो। यसअघि बिहान साढे ७ बजे सुरु भएको र्‍याली ट्याक्सीचोक, विन्ध्यबासिनी, पालिखेचोक, महेन्द्रपुल, चिप्लेढुंगा, सभागृहचोक, सिर्जनाचोक, रत्नचोक हुँदै मन्दिरमा पुगेको हो।

'बोलबमको ध्वनिले, शान्ति पाऊन् साराले' भन्ने मूल मन्त्रका साथ सात वर्षदेखि पोखरामा आयोजना हुँदै आएको यो कार्यक्रम यसपटक साउनको पाँचैवटा सोमबार चल्नेछ, जसअनुसार आगामी साउनको १०, १७, २४ र ३१ गतेका सोमबार पनि भक्तहरूले शुक्लागण्डकीदेखि जल लिएर बाजागाजा र नाचगान गर्दै केदारेश्वर मन्दिरमा एवं रीतले जल चढाउने कार्यक्रम रहेको केदारेश्वर मन्दिर संरक्षण एवं बोलबम समितिका अध्यक्ष सुर्यनाथ अधिकारीले जानकारी दिए।

## बोलबम भजन सिडीमा

धरान- साउन महिनाभर लाग्ने बोलबमको अवसर पारेर धरानमा 'बोलबम भजन' शीर्षकको गीति सिडीको विमोचन सम्पन्न भएको छ। धरान मनिहारी तथा उपहार व्यापार संघ, सुनसरीको प्रस्तुति रहेको उक्त सिडीको विमोचन वरिष्ठ लोकगायक एलपी जोशीले गरेका हुन्। आठवटा भजनको यो संग्रहमा विजय श्रेष्ठ, सन्दीप प्रधान, सिम्पल श्रेष्ठ तथा सम्झनाको स्वर सुन्न सकिन्छ भने शब्द-संगीत विजय श्रेष्ठले तयार पारेका छन्। म्युजिक मिडिया धरानमा रेकर्ड गरिएका भजनहरूको सो संग्रह पुर्वेली क्यासेट सेन्टर, धरानले बजारमा ल्याएको हो।

# नमस्ते अमेरिकाको सांगीतिक यात्रा

**साप्ताहिक समाचार**

काठमाडौं– झन्डै आधा दर्जन नेपाली कलाकार यति बेला अमेरिकाका विभिन्न सहरको सयर गरिरहेका छन्। सांस्कृतिक कार्यक्रम प्रस्तुत गर्न झन्डै दुई साताअघि अमेरिका पुगेका कलाकारहरूको यो समूहले नेपालीहरूको बाक्लो बसोबास भएका सहरमा कार्यक्रम प्रस्तुत गरिरहेको छ।

करिब डेढ महिना लामो यात्राका क्रममा अमेरिका पुगेको 'नमस्ते अमेरिका' समूहमा गायिका अञ्जु पन्त, गायक जगदीश समाल तथा नायिका रञ्जना शर्मा मुख्य आकर्षण बनिरहेका छन्। यी तीनै जनाले पहिलो पटक अमेरिका पुगेकाले पनि दर्शकहरूको साथ पाइरहेका छन्। त्यसो त कलाकारको समूहमा गायिका पन्तका गायक श्रीमान् मनोजराज, कोरियोग्राफर हिम टासी, नृत्यांगनाद्वय बिन्दु तामाङ तथा आशा कार्की पनि सहभागी छन्। एटलान्टास्थित एभरेस्ट इन्टरटेन्मेन्टको संयोजनमा यो समूहले न्युयोर्कबाट सांस्कृतिक कार्यक्रम प्रारम्भ गरेको हो। यो समूहले बोस्टन, बाल्टिमोर, लसएञ्जलसमा समेत कार्यक्रम प्रस्तुत गरिसकेको छ।





अमेरिकामा रहेका पत्रकार गौतम दाहालका अनुसार हरेक सहरमा स्थानीय आयोजकलाई कार्यक्रम व्यवस्थापनको जिम्मेवारी सुम्पिइएको छ। हरेक सहरमा कलाकारले सम्मानसमेत ग्रहण गरिरहेका छन्। यसक्रममा बाल्टिमोरको कार्यक्रम आयोजना गर्ने ग्लोब नेपाल डटकमले कार्यक्रम सफल भएको जनाएको छ। गत आइतबार नमस्ते अमेरिकाको समूहले क्यालिफोर्नियाको सनफ्रान्सिस्कोमा कार्यक्रम प्रस्तुत गर्‍यो। शनिबार लस एञ्जलसमा कार्यक्रम सम्पन्न गरी आइतबार नै सनफ्रान्सिस्को पुगेको टोलीको अहिलेसम्मको उत्कृष्ट कार्यक्रम नै सनफ्रान्सिस्कोमा भएको कलाकारहरूले बताएका छन्। समूहमा सहभागी नायिका रञ्जना शर्माका अनुसार सनफ्रान्सिस्कोको कार्यक्रम उनैले सञ्चालन गरेकी थिइन्।

## छानिए तीस जना

काठमाडौं- मोडलिङमा करियर बनाउने लक्ष्य लिएका राजधानीका ३० जना युवा-युवती एउटा मोडलिङ प्रतियोगितामा सहभागी भैरहेका छन्। एक्सपोज नेपाल डट कमले आयोजना गर्न लागेको 'मिस्टर एन्ड मिस काठमाडौं-२०१०' को गत सोमबार राजधानीमा सम्पन्न अडिसन चरणमा १५ जना महिला तथा १५ जना पुरुष मोडल प्रतिस्पर्धाका लागि छनौट भएका हुन्। सुन्धारास्थित धरहरा पार्टी प्यालेसमा आयोजित अडिसनमा निर्णायकले मोडलहरूको हाउभाउ, क्याटवाक, उचाइ तथा फिजिकल फिटनेसका आधारमा ३० जना प्रतिस्पर्धी छनौट गरेका हुन्। निर्णायक प्रतिस्पर्धा आगामी भदौ २५ गते प्रज्ञा भवनमा हुनेछ।

# चमत्कार अतिथिको



**साप्ताहिक समाचार**

उनी अहिले तीन वर्षकी भइन्, तर उनको गायनयात्रा दुई वर्षको उमेरदेखि नै प्रारम्भ भएको हो। गत आइतबार नेपाल पर्यटन बोर्डको डबलीमा संगीतकर्मीहरूका माझ लाइभ सांगीतिक प्रस्तुति दिंदा उनमा देखिएको आत्मविश्वास र विलक्षण प्रतिभाको मुक्तकण्ठले प्रशंसा गर्नेहरू बाक्लै भेटिए। तीन वर्षकी उनले लाइभ सांगीतिक प्रस्तुति दिइरहँदा फोटो पत्रकार र भिडियो क्यामेराको लेन्स उनैमाथि केन्द्रित थियो। उनी थिइन्– तीन वर्षीया बालिका अतिथि केसी। संसारकै सबैभन्दा कम उमेरकी गायिकाका रूपमा गिनिज बुक अफ वर्ल्ड रेकर्डमा आफ्नो नाम दर्ता गर्न दाबेदारी दिएकी यी प्रतिभाशाली गायिकाको पहिलो सांगीतिक एल्बमको विमोचन गत आइतबार सम्पन्न भएको छ।

अतिथिको एकल आवाज रहेको अतिथि शीर्षकको उक्त एल्बमको विमोचन वरिष्ठ संगीतज्ञ एवं संगीत नाट्य प्रतिष्ठानका कुलपति अम्बर गुरुङले गरेका हुन्। उक्त अवसरमा एल्बममा संग्रहित रंगपत्रकार डब्बु क्षेत्रीद्वारा निर्देशित एउटा गीतको म्युजिक भिडियो पनि प्रदर्शन गरिएको थियो। सोही अवसरमा क्षेत्रीद्वारा निर्देशित अतिथिको सांगीतिक यात्रासम्बन्धी वृत्रचित्रको केही अंश पनि देखाइएको थियो।

फुच्ची गायिका अतिथिको 'अतिथि' एल्बममा एउटा नेपाली राष्ट्रिय गानबाहेक अन्य आठवटा गीत समेटिएका छन्। ती गीतमा घनश्याम खड्का, अर्जुन पराजुली, उद्धव केसी तथा विनोद रोक्काका शब्द छ भने जुगल डंगोलले संगीत भरेका छन्। एउटा गीतमा भने रामकृष्ण दुवालको संगीत रचना छ।

विमोचन समारोहमा गिनिज बुक अफ वर्ल्ड रेकर्डको तथ्यांक अध्ययन गर्दासमेत यति सानो उमेरदेखि गीत गाएर गीतिसंग्रह तयार परेको प्रमाण फेला पार्न नसकेको जानकारी गराइयो। आफ्नै दिदी ऊष्णा केसीले गीत गाएको देखेपछि अतिथिले दुई वर्षको उमेरदेखि नै गीत गाउन थालेकी हुन्।

# चलचित्रमा विमोचनको लहर

काठमाडौं– चलचित्रको प्रदर्शनअघि गीतिसंग्रह सार्वजनिक गर्न भव्य समारोह आयोजना गर्ने शैलीले गति लिएको छ। पछिल्लो एक सातामा चारवटा नयाँ चलचित्रका गीतिसंग्रह सार्वजनिक गर्न छुट्टाछुट्टै कार्यक्रम सम्पन्न गरिएका छन्। यसअघि चलचित्रको प्रदर्शनमा मात्र ध्यान दिनु चलचित्रका निर्माताहरू अचेल चलचित्र प्रदर्शन हुनुअघि नै गीतिसंग्रहलाई श्रोतामाझ पुर्‍याउने उद्देश्यले गीतिसंग्रह सार्वजनिक गर्न थालेका हुन्।

निरुता सिंह, अरुणिमा लम्साल, राजबल्लभ घिमिरे, जीवन लुइटेलले 'नाइ नभन्नु ल' को गीतिसंग्रह संयुक्त रूपमा विमोचन गरेको दुई दिनपछि नै नायिका करिश्मा मानन्धरले दीपक रायमाझीको नयाँ चलचित्र 'लभ स्टोरी-२०६६' को गीतिसंग्रह सार्वजनिक गरिन्। दुई भिन्न स्थानमा सम्पन्न ती समारोहमा चलचित्रकर्मीको उपस्थिति बाक्लो देखिन्थ्यो। 'नाइ नभन्नु ल' का संगीतकार महेश खड्का हुन् भने लभ स्टोरी-२०६६ का संगीतकार चेतन सापकोटा हुन्।

म्युजिक डटकमले निर्माण गरेको नयाँ चलचित्र 'कोही मेरो' को विमोचन समारोहमा पनि चलचित्रकर्मीहरू भेला भए। नायिका झरना बज्राचार्यसहित आधा दर्जन चलचित्रकर्मीले आलोक नेम्वाङद्वारा निर्देशित 'कोही मेरो' को गीतिसंग्रह सार्वजनिक गरे। समारोहमा चलचित्रका छवटै गीतका भिजुअलसमेत प्रदर्शन गरिएको थियो। सुरेश अधिकारी, सुरेश राई तथा वसन्त सापकोटाले चलचित्रका गीत संगीतबद्ध गरेका हुन्। दीपक लिम्बू, अञ्जु पन्त, शिव परियार तथा सत्य-स्वरूपराज आचार्यले चलचित्रका गीत गाएका छन्।



तुलसी घिमिरेको पछिल्लो चलचित्र 'देश' को गीतिसंग्रह पनि यसै साता सार्वजनिक भएको छ। शम्भुजित बास्कोटाद्वारा संगीतबद्ध यो चलचित्रका गीतहरूको संग्रहको पत्रकार महासंघका अध्यक्ष धर्मेन्द्र झाले विमोचन गरेका हुन्। चलचित्रका चारवटा गीतमा उदितनारायण झा, दीपा झा, नरेन्द्र प्यासी, अञ्जु पन्त, दीपक लिम्बु, श्रवण घिमिरे, चाँद सिंह तथा इन्द्रजित मिजारको स्वर सुन्न पाइन्छ।

## एन्जल-२०१० को
# मुकुट सन्नीलाई



● **कृष्ण भट्टराई**

काठमाडौं- उमेर १७ वर्ष, उचाइ ५ फिट २ इन्च, शिक्षा ए लेभल अध्ययनरत। ललितपुरकी स्थायी बासिन्दा सन्नी अमात्यको गत शनिबारसम्मको सामान्य परिचय यति नै थियो। शनिबार साँझ सोल्टी होटलमा सम्पन्न प्रतियोगितामा होम टिभी एन्जल-२०१० को मुकुट पहिरिएपछि उनको परिचय तथा व्यस्तता अचानक बढेको छ। ह्वाइट हर्ष मिडियाले पहिलो पटक आयोजना गरेको यो प्रतियोगितामा विजयी भएपछि सन्नीले नगद १ लाख रुपैयाँ, एउटा स्कुटर, बैंकक भ्रमण, एउटा मोबाइल, नयाँ चलचित्रमा नायिकाको भूमिका निर्वाह गर्ने अवसर तथा होम टिभीको सेवा जितिन्।

सोल्टी क्राउन प्लाजाको मेघा मल्हार हलमा सम्पन्न प्रतियोगितामा सन्नीले प्रतिस्पर्धी २० सुन्दरीलाई पाखा लगाएकी थिइन्। कान्तिपुर टेलिभिजनबाट प्रत्यक्ष प्रसारण गरिएको यो प्रतियोगितामा केही टेलिशृंखलामा अभिनय गरिसकेकी ललितपुरकै २० वर्षीया आरती आचार्यले फस्ट रनर्स अपको उपाधि जित्दै नगद ५० हजार रुपैयाँ हात पारिन्। उनले एउटा मोबाइल तथा होम टिभीको सेवासमेत जितिन्। सेकेन्ड रनर्सको उपाधि वीरगन्जकी काश्या अधिकारीले जितिन्। उनले नगद ३० हजार रुपैयाँका साथै एउटा मोबाइल तथा होम टिभीको निःशुल्क सेवा प्राप्त गरिन्।

यसअघि बेलिजा क्लोथ, रेज, बैभव बुटिक, आरजु क्रिएसन तथा बिना थापाले डिजाइनर गरेका सेतो रंगका गाउनमा सजिएर २१ प्रतिस्पर्धिले आकर्षक क्याटवाकसँगै कार्यक्रम प्रारम्भ भएको थियो। कोरियोग्राफर प्रभा अमात्यबाट झन्डै एक महिना लामो क्याटवाक प्रशिक्षण पाएका सुन्दरीहरूले क्याटवाकपछि पालै-पालो आफ्नो परिचय दिए।

पूर्वमिस नेपाल रुबि राणा निर्णायकका रूपमा सहभागी यो प्रतियोगितामा पछिल्लो मिस नेपाल जेनिशा मोक्तान उद्घोषकका रूपमा कार्यक्रममा सहभागी थिइन्। परिचयात्मक चरणपछि सहभागी सबै सुन्दरी बेस्ट ड्रेस चरणमा आफ्नो रोजाइका फेन्सी पहिरन लगाएर ऱ्याम्पमा प्रस्तुत भए। यही सिक्वेन्सको अन्त्यमा उद्घोषक सुरज सिंह ठकुरी तथा जेनिशा मोक्तानले टप टेन सुन्दरीको घोषणा गरे। सेमिफाइनलमा प्रवेश गरेका सुन्दरीहरूलाई निर्णायकले एक-एकवटा प्रश्न सोधे। जसको जवाफका आधारमा निर्णायक चरणका लागि उत्कृष्ट पाँच सुन्दरीको छनौट गरियो, जसमा सन्नी अमात्य, आरती आचार्य, काश्या अधिकारी, मलिना जोशी तथा एलिना गुरुङ छनौट भए। अन्तिम चरणमा पुगेका प्रतिस्पर्धी निर्णायक प्रश्नको जवाफ दिनुअघि सौराहा भ्रमणका क्रममा गरेका अनुभव एक-एक मिनेटमा सुनाए। त्यसपछि पर्यटन व्यवसायी भोला थापाले नेपाल भ्रमण वर्ष-२०११ को सन्दर्भमा एउटा प्रश्न सोधे। सोहीको प्रश्नको जवाफका आधारमा निर्णायकले सन्नी अमात्यलाई एन्जल-२०१० को हकदार बनाए।

करिब साढे दुई घन्टा लामो प्रतियोगिताको क्रममा गायक सुगम पोखरेलले सबै प्रतियोगीलाई नचाउँदै एउटा रमाइलो गीत गाए। चार जना नृत्यांगनाको साल्सा नृत्य पनि मनोरञ्जक रह्यो।

| विजेता | एन्जलहरु |
|---|---|
| एन्जल २०१०: | सन्नी अमात्य |
| फस्ट रनर्स अप: | आरती आचार्य |
| सेकेन्ड रनर्स अप: | काश्या अधिकारी |
| एन्जल विद ब्युटिफुल हेयर: | विद्या खरेल |
| एन्जल ओ' ग्लो: | मन्दिता चम्लागाईं |
| कन्जेनियल एन्जल: | बबिता सुब्बा |
| एन्जल विद बेस्ट क्याटवाक: | एलिना गुरुङ |
| एन्जल ओ'ग्रेस: | काश्या अधिकारी |
| फोटोजेनिक एन्जल: | रुमी गुरुङ |
| पपुलर एन्जल: | रिया श्रेष्ठ |
| एन्जल विद चार्मिङ स्माइल: | अभिलाषा रायमाझी |
| एन्जल्स विद पर्फेक्ट फिगर: | सन्नी अमात्य |
| एन्जल ओ'इन्टेलेक्ट: | मलिना जोशी |
| एन्जल ओ'कन्फिडेन्स: | आरती आचार्य |
| एन्जल ओ'ट्यालेन्ट: | सबोना लिम्बु |
| बेस्ट डिजाइनर: | एजएफडिइएम, बेलेजा क्लोथ्स |





## सन्नीसँग छ प्रश्न

**एन्जल-२०१० को उपाधि जितेपछि कस्तो अनुभव गर्नुभयो ?**

सोच्दै नसोचेको कुरा पाए जस्तो लाग्यो। टप फाइवसम्म पुगेपछि पनि विजयी हुन्छु भन्ने सोचेकी थिइन्।

**के कुराले तपाईंलाई विजयी बनायो ?**

मेरो आत्मविश्वासले। म जे बोल्छु, आत्मविश्वासका साथ बोल्छु। निर्णायकलाई मेरो यही खुबी मन परेको हुनुपर्छ।

**जीवन के हो ?**

एउटा साहसिक यात्रा हो, जहाँ असल र मेहनतीहरू मात्र सफल हुन्छन्।

**जीवनको लक्ष्य ?**

सफल व्यक्ति बन्ने।

**सुन्दरता के हो ?**

आफूभित्र हुने सबैभन्दा आकर्षक कुरा।

**राम्रो मोडलमा के हुनुपर्छ ?**

ब्रेन विद ब्युटि

# पोखरामा जम्यो ग्रिन डान्सपार्टी



पोखरा- लेकसाइडस्थित क्लब एसियाना शनिबार राति निकै गर्मागर्म थियो। युवायुवतीहरू असिनपसिन हुँदै कम्मर भाँच्न मग्न देखिन्थे। हरियो महिनाका रूपमा चिनिने साउन महिनालाई मध्यनजर गरेर आईईसी फेसन सेन्टरद्वारा आयोजित ग्रीन डे डान्सपार्टीमा तन्नेरीहरू झुम्मिएका थिए।

'प्रदूषण रोकौं, हरियाली जोगाऔं' भन्ने सन्देश बोकेको डान्सपार्टिमा युवतिहरू हरियो चुराका साथ हरियै वान पिस पहिरनमा सजिएर आएका थिए। केही युवा भने आफु अनुकूलका पहिरन लगाएर डान्सपार्टिमा सामेल भए पनि अधिंकाश हरियो पहिरनमै देखिन्थे। फेसन डिजाइनर नवीन पाखिन पनि हरियो पहिरनमै झुल्किए।

'रमाइलो संग हरियाली जोगाउने सन्देश प्रवाह गर्न यस्तो पहिरनमा आएको हुँ कम्मर भाच्दै पाखिनले भने, 'बढ्दो प्रदूँषण रोक्न सबैतिर हरियाली बनाउन युवाहरू जाग्नुपर्छ।'सधैं रात परेपछि तात्ने लेकसाइडको डान्सपार्टी यसपालि भने दिउँसैदेखि जम्न थालेको थियो।

मध्याह्नतिर प्रारम्भ भएको डान्सपार्टीमा युवायुवतीहरू लगातार राति १० बजेसम्म असिनपसिन हुँदै एकोहोरो नाँच्दा वातावरण नै बेग्लै भएको थियो। झिलीमिली वत्तिको प्रकाश र डिजेले छानेका गीतमा नमच्चिने युवायुवती कमै थिए।

लेकसाइडको रंगीत रातलाई थप रंगीन वनाउन युवायुवतीहरूले कुनै कसर बाँकी राखेनन्। यसरी नाच्नेमा फेसन डिजाइनर तथा कलेज पढ्ने युवायुवतीहरूको बाहुल्यता थियो।

**– शिव शर्मा**

# प्रशिक्षणमा मिस लिटिल आइडल

**साप्ताहिक समाचार**

बालबालिकासम्बन्धी सुन्दरता र प्रतिभा मापनसम्बन्धी प्रतिस्पर्धा आयोजना हुने क्रममा ८ देखि १३ वर्ष उमेर समूहका बालिकाहरूबीच आइडल चयन गर्ने कार्यक्रममा मिस लिटिल आइडल- २०१० शीर्षकको प्रतियोगिताले गति लिएको छ। एक्सन इन्टरटेनमेन्ट प्रालिको आयोजनामा सम्पन्न हुने यो प्रतियोगिताका सहभागी ४८ जना बालिकाको प्रशिक्षण आरम्भ भएको छ। अगामी साउन २९ गते प्रज्ञाभवनको डबलीमा मिस लिटिल आइडल विजेता छनोट गरिने यो प्रतियोगिताको कोरियोग्राफी रोजिन शाक्यले गर्नेछन्।

# रेश्माको म्युजिक भिडियो धरानमा



धरान- गायिका रेश्मा सुनुवारको नयाँ एल्बम 'लेनमार्क-सिक्स' का दुई गीत धरानमा छायांकन भएका छन्। एल्बमको चर्चित गीत 'एउटा फुल थुङ्गा हजुर....' र 'साँघु तऱ्यौ मलाई बिर्सियौ....' को छायांकन धरान, धनकुटा तथा भेडेटारका विभिन्न ठाउँमा सम्पन्न भएको छ।

धरानका निर्देशक तथा भिडियो सम्पादक रञ्जित सिंहले आफ्नै लगानी एवं निर्देशनमा निर्माण गरेका यी म्युजिक भिडियो यही साउनको अन्तिम सातादेखि बजारमा आउनेछ। ती दुई म्युजिक भिडियोमध्ये एउटा फूल...मा सन्देश र रोजिना राईले अभिनय गरेका छन् भने साघु तऱ्यौ...मा निशा लिम्बू र जीवन चेम्जोङले अभिनय गरेका छन्। जम्मा १ लाख ४० हजार खर्च भएको बताइएको म्युजिक भिडियो आफूले मोफसलमै बसेर पनि काठमाण्डौंका कलाकारसँग काम गर्न सकिन्छ भन्ने देखाउन निर्माण गरेको सिंहले बताए।

# एकैसाथ तीन म्युजिक भिडियो



केही समयअघि साप्ताहिकको प्रस्तुतिमा महत्त्वाकांक्षी गीतिसंग्रह 'दर्शन नमस्ते' बजारमा ल्याएका गायक राजेश पायल राईले एकैपटक तीनवटा म्युजिक भिडियो सार्वजनिक गरेका छन्। गत मंगलबार दरबारमार्गस्थित मालिंगो रेस्टुराँमा आयोजित कार्यक्रममा दर्शन नमस्तेमा समाविष्ट तुवाँलो तथा सेली आई लभ यूको भिडियो प्रदर्शन गरिएको थियो। प्रमुख अतिथि 'साप्ताहिक' तथा 'नारी' का सम्पादक सुवास ढकालले डिजिटल प्रविधिद्वारा म्युजिक भिडियो प्रदर्शन कार्यक्रम शुभारम्भ गरेका थिए। चर्चित नायिका रेखा थापाले उक्त भिडियोको डिभिडी संस्करण सार्वजनिक गरेकी थिइन्। दुई दशकयता निरन्तर गायनक्षेत्रमा सक्रिय भर्साटाइल गायक राजेशपायल राई पार्श्वगायनमा पनि नम्बर एक गायक हुन्।

दर्शन नमस्तेमा समाविष्ट तुवाँलो गीतको संगीत गायक स्वयं राईको हो भने म्युजिक भिडियो निर्देशन आरजे भिजे सुरज श्रेष्ठले गरेका हुन्। गोदावरीमा छायांकन गरिएको यो भिडियोको मुख्य आकर्षण भारतीय अभिनेता राहुल रायको अभिनय हो। भिडियोमा आशिकी हिरो राहुल रायले नेपाली शैलीमै अभिनय गरेका छन्।

त्यस्तै दर्शन नमस्तेकै अर्को लोकप्रिय गीत सेली आई लभ यूको छायाकंन कतारमा गरिएको हो। समुद्री तटमा मोडल एलिजा गिरीको आकर्षक अभिनय यो भिडियो राम्रो पक्ष हो। भिजे संगीता श्रेष्ठले निर्देशन गरेको यो भिडियोमा गायक स्वयंले अभिनय गरेका छन्। यस्तै गायक राईको लोक फ्लेभरको गीतिसंग्रह जदौ भाग दुईमा समावेश 'बल्लबल्ल भेट भो' गीतको म्युजिक भिडियो पनि सोही अवसरमा प्रदर्शन गरियो। सुरज श्रेष्ठकै निर्देशन रहेको यो म्युजिक भिडियोमा लिम्बू संस्कृति झल्काइएको छ। यो भिडियोमा राई इज किङको पगरी गुथेका गायक राई किराँती राजाका रूपमा समेत देखिएका छन्। धरानका विभिन्न स्थानमा छायांकन गरिएको भिडियो पनि आकर्षक छ।

# बाईबाई विश्वकप










विश्वकप खेल्ने सपना सबै फुटबल खेलाडीको हुन्छ। त्यसमा पनि धेरैको सपना त विश्वकप जित्ने नै हुन्छ। दक्षिण अफ्रिकामा सम्पन्न १९ औं विश्वकप फुटबलमा ३२ राष्ट्रका सबै खेलाडीले विश्वकप जित्ने नै लक्ष्य राखेका थिए। त्यसमध्ये स्पेनको मात्र सपना साकार भयो, तर पनि आफ्नो व्यक्तिगत खेलक्षमताले मोहित पार्न सफल केही खेलाडीले यही विश्वकपलाई आफ्नो खेल करिअरको अन्तिम विश्वकप पनि सम्भिmए। केही यस्ता खेलाडी छन् जो ब्राजिलले सन् २०१४ मा आयोजना गर्ने २० औं विश्वकपमा देखा पर्ने छैनन्।

**काउथेमोक ब्ल्यांको – मेक्सिको**

सन् २०१४ को विश्वकपमा ब्ल्यांको ४१ वर्षका हुनेछन्। मेक्सिकन फुटबलमा आफ्नो अलग्गै पहिचान बनाउन सफल ब्ल्यांकोले आफ्नो राष्ट्रिय टिममा आफ्नै शैलीको ब्ल्यांको ट्रिकलाई भित्र्याएका थिए।

**डिएगो फोर्लान – उरुग्वे**

डिएगो फोर्लान दक्षिण अफ्रिकामा सम्पन्न विश्वकप फुटबल प्रतियोगितामा सर्वोत्कृष्ट ५ फरवार्डमध्ये एक हुन्। उत्कृष्ठ खेल कौशलले उनलाई विश्वकपमा गोल्डेन बलसमेत दिलायो। एट्लेटिको म्याड्रिड क्लबबाट सेन्टर फरवार्डमा खेल्ने फोर्लान अहिले ३१ वर्षका भए। खेल पोजिसन र उमेरका कारण उनी सम्भवतः आगामी विश्वकपमा देखिने छैनन्।

**थिएरी हेनरी, निकोलस एलेन्का, विलियम गालास– फ्रान्स**

बार्सिलोना क्लबसँग आबद्ध थिएरी हेनरीले यसपटक विश्वकपमा आफ्नो टिमका तर्फबाट कुनै चमत्कार देखाउन सकेनन्। पहिलो पटक सन् १९९८ को विश्वकप खेलेका हेनरीले उक्त विश्वकपमा टिमका तर्फबाट सर्वाधिक गोल गरेका थिए। सन् २००६ को विश्वकपको उपविजेता हुनुको गौरव बोकेर दक्षिण अफ्रिका पुगेको फ्रेन्च टिमले यो विश्वकपमा कुनै चमत्कार देखाउन सकेन, जसका कारण फ्रान्स पहिलो चरणबाटै बाहिरियो। विश्वकपलगत्तै थिएरी अमेरिकन मेजर लीग सकरको न्यूयोर्क रेड बुल क्लबसँग आबद्ध भए। आफूलाई युरोपियन क्लबमा टिकाउन गाह्रो हुने देखिएपछि थिएरीले अन्तर्राष्ट्रिय फुटबलबाट सफल अवतरण गर्ने प्रयासअन्तर्गत यो पछिल्लो निर्णय गरेका हुन्। फ्रेन्च टिमका तर्फबाट पहिलो पटक सन् २००२ को विश्वकपमा उत्रिएका निकोलास एलेन्का यसपटक विश्वकपमा फ्रेन्च टिम बाहिरिनुअघि प्रशिक्षकसँग झगडा गरेका कारण निष्कासनमा परेर घर फर्किए। हाल इंगलिस प्रिमियरमा चेल्सीबाट खेलिरहेका एलेन्का सम्भवतः अर्को विश्वकपसम्म ३५ वर्षका हुनेछन्।

३३ वर्षीय विलियम गालासका लागि दक्षिण अफ्रिकामा सम्पन्न विश्वकप जीवनकै अविस्मरणीय सावित भयो। मार्सेल र चेल्सीका सेन्टर ब्याक गालामले आफ्नो टिमलाई पहिलो चरण समेत पार गराउन सकेनन्। आगामी विश्वकपमा उनी ३७ वर्षका हुनेछन् र त्यो उमेरमा सम्भवतः उनले अन्तर्राष्ट्रिय प्रतियोगिताबाट संन्यासको घोषणा गरिसकेका हुनेछन्।

**हुवाँ सेबेस्टियन भेरोन, वाल्टर स्यामुयल– अर्जेन्टिना**

लाजियो, म्यानचेस्टर युनाइटेड र चेल्सीमा प्लेमेकरका रूपमा प्रोफेसनल फुटबल खेलेका भेरोन यसपटक नै टिमका पाका खेलाडी थिए। प्रशिक्षक डिएगो म्याराडोनाले भेरोनलाई ३५ वर्षको उमेरमा पनि टिममा समावेश गरेका थिए। सम्भवतः अर्को पटक भेरोन अर्जेन्टिनाको राष्ट्रिय टिममा पर्नेछैनन्।

इन्टरबाट खेलिरहेका स्यामुयल रक्षापंक्तिका भरपर्दा खेलाडी मानिन्छन्। जर्मनीसँग नराम्रो पराजय भोग्दा उनको रक्षापंक्ति चुक्यो। हाल ३२ वर्षका स्यामुयल पनि अर्को विश्वकपमा अर्जेन्टिनाको राष्ट्रिय टिममा देखिनेछैनन्।

**लि वान जे– दक्षिण कोरिया**

सन् २००२ को विश्वकपमा दक्षिण कोरियालाई सेमिफाइनलसम्मको यात्रा गराउन महत्वपूर्ण भूमिका निर्वाह गरेकै कारण लि वानलाई यसपटक ३७ वर्षको उमेरमा पनि राष्ट्रिय टिममा समावेश गरिएको थियो। दक्षिण कोरियाको घर फिर्तीसँगै लि वानको पनि राष्ट्रिय टिमका तर्फबाट अन्तराष्ट्रिय प्रतियोगिता खेल्ने अवसर समाप्त भएको छ। उनी अर्को पटक दक्षिण कोरियाको राष्ट्रिय टिममा देखिनेछैनन्।

**स्टेभन गेरार्ड, फ्र्यांक लाम्पार्ड जिम्मी कारागेर– इंग्ल्याण्ड**

क्लब लेभलको फुटबलमा स्टेभन गेरार्ड र फ्र्यांक लाम्पार्ड विश्वकै सर्वोत्कृष्ट मिडफिल्डर मानिन्छन्। दक्षिण अफ्रिकामा सम्पन्न विश्वकप आफ्नो पक्षमा पार्ने महत्वकांक्षासहित गएको इंग्ल्याण्ड प्रिक्वाटर फाइनलबाटै घर फर्कियो। अहिले गेरार्ड ३० वर्षका भए भने लाम्पार्ड ३१ वर्षका छन्। यो उमेरमा पनि उनीहरूको केही नचलेको अवस्थामा चार वर्षपछि हुने विश्वकपमा उनीहरुले कुनै चमत्कार देखाउलान् भनेर आशा गर्न सकिने अवस्था छैन।

इंग्ल्यान्डको राष्ट्रिय टिमबाट संन्यासको घोषणा गरिसकेका जिम्मीलाई प्रशिक्षक फाबियो कापेलोले आफ्नो विश्वकप जित्ने ड्रिम टिमको सदस्य बनाए। उमेरले ३२ वर्ष पुगेका जिम्मी अर्को पटक इंग्ल्यान्डको टिममा देखिनेछैनन्, किनभने उनी अर्को विश्वकप प्रतियोगिता आयोजना हुँदा ३६ वर्षका हुनेछन्।

**हेरी केवेल– अस्ट्रेलिया**

अस्ट्रेलियाली राष्ट्रिय फुटबल टिमका मुख्य आधार हेरी केवेल अस्ट्रेलियालाई विश्वकपको फाइनलमा पुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गरेकै कारण चोटग्रस्त अवस्थामा पनि मैदानमा उत्रिए। ३१ वर्षीय केवेल पनि सन् २०१४ को विश्वकपमा अस्ट्रेलियाली टिममा देखिनेछैन।

**जियोभानी भान ब्रोन्क्रोफ– नेदरल्यान्ड**

विश्वकपलगत्तै नेदरल्यान्डको राष्ट्रिय फुटबल टिमबाट संन्यासको घोषणा गर्ने बताएका जियोभानीले आफ्नो टिमलाई सम्मानजनक स्थानमा पुऱ्याए। आर्सनल र बार्सिलोनाका लेफ्ट ब्याक विङ्गर जियोभानीले ३५ वर्षको उमेरमा पनि आफ्नो टिमका लागि स्तरीय कप्तानको भूमिका निर्वाह गरे। अब उनी आगामी विश्वकपमा नेदरल्यान्डको राष्ट्रिय टिममा देखिनेछैनन्।

**फाबियो कानाभारो, गेनार्डो गाट्टुसो, जियानलुका जाम्ब्रोटा–इटाली**

सन् २००६ मा इटालीले विश्वकप फुटबल प्रतियोगिता जित्दा टिमको सदस्यका रूपमा रहेका फबियो कानाभारोले राष्ट्रिय टिमका तर्फबाट संन्यासको घोषणा गरिसकेका थिए। क्लब लेभलको फुटबल प्रतियोगिताबाट पनि आधा संन्यासको घोषणा गरेका फाबियोको खेल यो विश्वकपपछि अब कमै देखिन पाइनेछ।


औं संस्करणको विश्वकप जित्दा टिममा नरहे पनि गेनार्डोले यसपटक टिममा रहेर सफलता दोहोऱ्याउने सोच बनाएका थिए। पहिलो चरणबाटै घर फर्किएको इटालीसँगै गेनार्डोले पनि आफ्नो राष्ट्रिय टिमबाट अन्तर्राष्ट्रिय प्रतियोगिता समाप्त हुने घोषणा गरिसकेका छन्। हाल ३३ वर्षका जियानलुका इटालीयन टिमको रक्षापंक्तिका मुख्य खेलाडी हुन्। उनी पनि अर्को पटक इटालीको राष्ट्रिय टिममा देखा पर्नेछैनन्।

**डिडियर ड्रोग्बा– आइभोरिकोस्ट**

क्लब फुटबलमा ख्याति कमाएका आइभोरिकोस्टका डिडियर ड्रोग्बाले चोटका कारण विश्वकपमा ठूलै पीडा भोग्नुपऱ्यो। उनले आफ्नो नामअनुसारको खेल देखाउने अवसर पाएनन्। उनको यो सपना अर्को विश्वकपमा पनि पुरा हुनेछैन, किनभने त्यो बेला ड्रोग्बा ३६ वर्षका हुनेछन्।

**डेको–पोर्चुगल**

बार्सिलोनाका पूर्व मिडफिल्डर डेकोले दक्षिण अफ्रिकामा पोर्चुगलका तर्फबाट अपेक्षाअनुसार खेल्ने अवसर कमै पाए। हाल ३२ वर्षका डेकोको क्लब लेभलको फुटबलमा पनि स्तर खस्किएको गुनासो आउन थालेपछि सम्भवतः अर्को विश्वकपमा उनलाई देखिने सम्भावना पनि कमै छ।



## मेस्सी आफ्नै ब्राण्डमा

अर्जेन्टेनियन स्ट्राइकर लियोनल मेस्सी आफ्नो अलग्गै ब्रान्डका पुरुष पहिरनहरू अन्तर्राष्ट्रिय बजारमा उतार्ने सोचमा छन्। प्रि-क्वाटरफाइनलमा जर्मनीसँग पराजित भएर घर फर्किएका मेस्सीले आफ्नी प्रेमिका एन्टोनेला रोकुजोसँग ब्राजिलको रियो दि जेनेरियोको समुद्री तटमा छुट्टी मनाइसकेका छन्। आफ्नो घनिष्ठ मित्रकी बहिनीसँग प्रेम गरिरहेका मेस्सीले विद्यालयस्तरको अध्ययन त्यागेर फुर्सदमा रहेकी प्रेमिकालाई व्यस्त बनाउन पनि यो सोच बनाएका हुन्।

बार्सिलोना क्लबका स्ट्राइकर मेस्सीले आफ्ना फुटबलर साथीहरूलाई लिएर उक्त ब्रान्डको प्रचारप्रसार गर्ने सोच बनाएका छन्, जसमा उनले खेलाडी, चलचित्रका

## मैदान बाहिर

कलाकार तथा संगीतमा आबद्ध हस्तीहरूलाई साथ लिने भएका छन्। मेस्सी भन्छन्- मैले विगत केही महिनादेखि यो क्षेत्रमा काम गर्ने सोच बनाएको हुँ। बार्सिलोनामा म आफैं काम गर्छु भने बाह्य रुनीले म्यानचेस्टरमा सहयोग गर्नेछन्। फ्यांक लाम्पार्टले लन्डनमा र कोलिनले डब्लिनमा ब्रान्ड एम्बेसडरको कार्य गर्नेछन्। यसबाहेक सांगितिक समूह जे-जेडले न्युयोर्कमा, डेभिड बेकह्यामले लसएन्जलसमा, एलेस्यान्ड्रो नेष्टाले मिलानमा एवं ऱ्यापर लुपी फियास्कोले शिकागोमा ब्रान्डको प्रमोसन गर्नेछन्। मेस्सी भन्छन्– पुरुषहरूले लगाउने विशिष्ठ गुणस्तरका पहिरन उत्पादन गर्ने सोचमा छौं। मेस्सीले सोचेजस्तो किसिमले काम हुँदै गए यो पुरुषहरूका लागि लोकप्रिय ब्रान्ड हुने पक्का छ।

एउटी प्रेमिका हुँदाहुँदै अर्कै युवतीमार्फत शिशु जन्माएर आमाको पहिचान गोप्य राखेका पोर्चुगलका स्ट्राइकर क्रिस्टियानो रोनाल्डोले कुन महिलामार्फत शिशु जन्माएका हुन् भन्ने कुराको खोजी अझै भैरहेको छ। रोनाल्डोका हितैषीहरूका अनुसार ती महिला लसएन्जलसको रेस्टुराँमा काम गर्ने गरिब वेट्रेस हुन्। लसएन्जलसको भ्रमणका क्रममा रोनाल्डोले ती बेट्रेसलाई पहिलो हेराइमै यौनसम्पर्कको प्रस्ताव राखेका थिए। रोनाल्डोको भाषा नबुझेका कारण ती बेट्रेसले के भनेको बुझिनँ भनिन्। त्यसपछि रोनाल्डोले तिमी र म चुम्बन गरौं भनेर केही पैसा दिए। उनको यो प्रस्तावपछि ती महिलाले एक रात रोनाल्डोसँग बिताइन्। सोही एक

## एक रातको गल्ती

रातको रोमान्सले रोनाल्डोलाई बाबु बनायो। ती बेट्रेसले आफू गर्भवती भएको जानकारी रोनाल्डोका निजी सचिवमार्फत रोनाल्डोलाई गराइन्। रोनाल्डोले उक्त घटना आफ्नी आमा र दुई दिदीलाई सुनाए। उनीहरूको घर सल्लाहअनुसार ती महिलाको गर्भावस्थाको सम्पूर्ण हेरचाह गर्ने। शिशु जन्मिएपछि रोनाल्डो र ती बच्चाको डीएनए परीक्षण गर्ने। डीएनए मिलेको खण्डमा रोनाल्डोले पिताको अभिभारा निर्वाह गर्ने तर ती युवतीले दिएर सार्वजनिक नहुने सर्त राखेका थिए। रोनाल्डोका हितैषीहरूका अनुसार डीएनए परीक्षणको रिर्पोट ढिलो आएका कारण रोनाल्डो बाबु बनेको समाचार पनि ढिलो सार्वजनिक भएको हो।



### नेपाली टिम

पारस खड्का (कप्तान), ज्ञानेन्द्र मल्ल (उपकप्तान), शक्ति गौचन, शरद भेषवाकर, महेश क्षेत्री, अनिलकुमार मण्डल, अमृत भट्टराई, वसन्त रेग्मी, विनोद दास, सञ्जम रेग्मी, राहुल विक, महबुब आलम, प्रदीप ऐरी तथा मञ्जित श्रेष्ठ।

वैकल्पिक : नरेशबहादुर बुढाऐर, विनोद भण्डारी, भुवन कार्की तथा पुष्प थापा।

## वर्ल्ड क्रिकेट लिग डिभिजन-४

# नेपाललाई गाह्रो



### नेपालको खेल

| मिति | प्रतिद्वन्द्वी | स्थान |
|---|---|---|
| २९ साउन | अमेरिका | पियनोरा |
| ३० साउन | इटाली | पियनारा |
| १ भदौ | ताञ्जानिया | मेडिसिना |
| २ भदौ | अर्जेन्टिना | बोलोग्ना |
| ४ भदौ | केमन द्वीप | मेडिसिना |

●राजु घिसिङ

काठमाडौं- ठीक तीन सातापछि इटालीमा सुरु हुने वर्ल्ड क्रिकेट लिग डिभिजन-४ नेपालका लागि सन् २०१५ को विश्वकप क्रिकेट खेल्ने आशा कायमै राख्ने राम्रो अवसर हो, तर विश्वकपको अन्तिम छनोट चरणमा प्रवेश गर्ने बाटो भने सहज छैन।

युरोपेली मुलुक इटालीको पियनारा, मेडिसिना तथा बोलोग्नामा हुने प्रतियोगितामा नेपाल कठिन स्थितिबाट गुज्रने लगभग निश्चित छ। नयाँ भूमि, भिन्न मौसमको बिल्कुलै फरक वातावरणमा नेपालले साउन २९ देखि भदौ ५ गतेसम्म हुने प्रतियोगितामा चुनौती दिनेछ। इटालीको कृत्रिम पिचले पनि नेपाललाई साथ दिनेछैन, अर्थात् इटालीको पिच नेपाली टिम सुहाउँदो छैन। प्रतियोगिताका सबै खेल आर्टिफिसियल टर्फ अर्थात् 'एस्ट्रो पिच' मा सञ्चालन हुनेछ।

सन् २००२ मा क्यानडामा भएको आईसीसी ट्रफीयता नेपालले यस्तो पिचमा खेलेको छैन। सम्भवत् पूर्वकप्तान विनोद दास एस्ट्रोमा खेलेको अनुभव भएका नेपाली टिमका एक्लो सदस्य हुन्। बाँकी नेपाली क्रिकेटरका लागि एस्ट्रो पिचको प्रतिस्पर्धा नौलो अनुभव हुनेछ। विकेट बनाउन नसकेको स्थितिमा मैदानमा कार्पेट ओछ्याएर बनाइने पिच नै 'एस्ट्रो पिच' हो।

इटालीको क्रिकेट मैदान अहिलेसम्म विकेटविहीन छ। त्यसैले विकेट बनाउन सम्भव नभएकाले अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) ले एस्ट्रो पिचमा प्रतियोगिता सञ्चालन गर्ने निर्णय गरेको थियो। नेपाली क्रिकेटर नेट अभ्यास गर्ने क्रममा मात्र कार्पेट ओछ्याइएको पिचमा खेल्ने गरेका छन्। त्यसैले वर्ल्ड क्रिकेट लिग डिभिजन-४ लाई ध्यानमा राखेर केही दिनमै एस्ट्रो पिचका लागि कार्पेट काठमाडौं आइपुग्ने नेपाल क्रिकेट संघले जनाएको छ।

नेपाली क्रिकेटले अहिलेसम्म हात पारेका उपलब्धिको आधार स्पिन बलिङ हो। एस्ट्रो पिचमा स्पिनरलाई बलको जादु देखाउन निकै गाह्रो हुन्छ। एस्ट्रो पिचमा बल निकै कम स्पिन हुन्छ। पिचबाट बल भित्र आउने र बाहिर जाने मुभमेन्ट हुँदैन। एकदमै साँघुरो लाइन र लम्बाईमा बल फाल्न सक्ने बलर मात्र एस्ट्रोमा चम्कन सक्छन्।

नेपालले सम्भवतः एक स्पिनरलाई मात्र प्रयोग गर्न सक्छ। शक्ति गौचन अलराउन्डर हुन्। उनी लाइनमा बल फाल्छन्। अर्का स्पिनर राहुल विश्वकर्मा, जसले फाइनलमा सात विकेट लिएपछि नेपाल अमेरिकालाई हराएर वर्ल्डकप डिभिजन-५ च्याम्पियन भएको थियो। शक्ति र राहुल दुवैलाई मैदानमा एकैपल्ट पनि उतार्न सकिनेछ। १४ सदस्यीय टिममा रहेका सञ्जम रेग्मी पनि स्पिनर नै हुन्।

तीव्र गतिका बलरलाई एस्ट्रोमा गाह्रो हुन्छ। किनभने एस्ट्रोमा बल कहाँ आउँछ भनेर ब्याटसम्यानले बुझ्न सक्छन्। त्यसैले डिभिजन-४ का खेलमा रनको वर्षा अर्थात् उच्च योगफल पनि बन्ने सम्भावना छ। एस्ट्रो पिचले ब्याटसम्यानलाई फाइदा पुऱ्याउँछ। यो फाइदा लिन पनि नेपाललाई गाह्रो छ। किनभने नेपालको परम्परागत कमजोरी नै ब्याटिङ हो। अहिलेसम्म नेपाली टिम ब्याटसम्यानमा पूरै भर पर्ने स्थिति छैन। त्यसैले नेपाली टिमलाई अलराउन्डर चाहिएको छ। धेरै अलराउन्डर हुँदा प्रशिक्षकलाई राम्रो प्रदर्शन गर्ने खेलाडी रोज्ने विकल्प धेरै हुन्छ।

पहिलोपल्ट राष्ट्रिय टिममा छनोट भएका प्रदीप ऐरी प्रशिक्षकका लागि राम्रो रोजाइ हुन सक्नेछन्। उनी राम्रो फर्ममा छन्। पाँच वर्षपछि पुनरागमन जनाएका मञ्जित श्रेष्ठले पनि टिमलाई राम्रो बाटोमा डोऱ्याउन सक्छन्। नेपालको ब्याटिङ ओपनर जोडी महेश क्षेत्री र अनिल मण्डलमा भर पर्नेछ। उनीहरूले राम्रो सुरुवात दिन सके वा पिचमा टिक्न सके नेपाल बलियो योगफलतर्फ लम्कन सक्छ।

अलराउन्डर कप्तान पारस खड्का, ब्याटसम्यान ज्ञानेन्द्र मल्ल तथा शरद भेषवाकर नेपालको भाग्य चम्काउन सक्ने खेलाडी हुन्। राहुल र सञ्जम मात्र पूर्ण बलर हुन्। बाँकी खेलाडी पनि बल र ब्याटको कमाल देखाउन तयार छन्। डिभिजन-५ सकिएको केही समयपछि नै नेपालले तयारी सुरु गरेको हो। लामो तयारी टिमका लागि सधैं राम्रो हुन्छ। अलराउन्डरले भरिएको नेपाली टिममा अन्तर्राष्ट्रिय प्रतियोगितामा लामो समय अवसर पाए पनि जम्न नसकेका दीपेन्द्र चौधरी दोस्रो चरणको छनोटमै परेनन्।

काठमाडौंमा भएको डिभिजन-५ मा गरेको प्रदर्शनका आधारमा अमेरिकाका लागि एस्ट्रो पिच सुहाउँदो वा फाइदा गर्ने किसिमको छ। डिभिजन-४ का अन्य प्रतिद्वन्द्वी आयोजक इटाली, अर्जेन्टिना, ताञ्जानिया र कायमन द्वीपको खेल नेपालले नजिकबाट चिन्ने अवसर पाएको छैन। गएको वर्ष डिभिजन-३ को अन्तिम दुई स्थानमा रहेर घटुवामा परेका टिम हुन्, अर्जेन्टिना र कायमन द्वीप। नेपाल र अमेरिका डिभिजन-५ को शीर्ष दुईमा रहँदै डिभिजन-४ मा उक्लिएका हुन्। गत वर्ष तेस्रो र चौथो भएपछि इटाली र ताञ्जानिया डिभिजन-४ मा यथावत् छन्।

डिभिजन-४ को शीर्ष दुई स्थानमा रहने टिम डिभिजन-३ मा उक्लनेछन्। बढुवा पाउने टिमका लागि पाँच वर्षपछि अस्ट्रेलिया र न्युजिल्यान्डमा हुने विश्वकप क्रिकेटमा छनोट हुने ढोका खुला हुनेछ। बाँकी चार टिमको हकमा भने सन् २०१५ को विश्वकप खेल्ने सम्भावना तुहिनेछ। अन्तिम दुई स्थानमा रहने डिभिजन-५ मा झर्नेछन्। तेस्रो र चौथो हुने डिभिजन-४ मै रहनेछन्।


के तपाई Math, Science/ Test नदिई S.L.C. तथा १ वर्षमा +2 पास गर्न चाहानु हुन्छ ?

यदि चाहनु हुन्छ भने NIOS Board मा April 2011 को लागि Admission खुल्यो !

- 5 Subjects पढे पुग्ने। Class 10 मा Math, Science तथा Test दिनु नपर्ने। नेपाल तथा world wide equivalent नेपालीबाट पनि Exam दिन पाईने।
- SLC पास गरेको १ वर्ष Gap भए सिधै +2 पढन पाईने।
- 6/6 महिनामा Exam दिन पाईने।


Milu Shrestha
78% in Mgt.(+2)
92 in Business

WISDOM EDUCATION FOUNDATION
PH. 4238086
Bagbazar (एसिया पब्लिकेशनको अगाडि)







# सपना पूरा भयो



**मकर श्रेष्ठ**

भक्तपुर- व्यापारी कमल जैनको एकल लगानीमा निर्माण गरिएको चित्तपोल-५ कैलाशकुट डाँडाको १ सय ४३ फिट अग्लो शिवको मूर्ति प्राण प्रतिष्ठापन भएपछि सर्वसाधारणका लागि खुला भएको छ। कम्तीमा सय जना नेपाली र भारतको दक्ष कलिगड दिनरात खटेर ६ वर्षमा यो मूर्ति तयार गरेको जैनले जानकारी दिए। निर्माणका लागि गिटी, बालुवा, सिमेन्ट, डन्डी आदि निर्माण सामग्री प्रयोग भएको उनले बताए। 'निर्माण सामग्री कति लाग्यो त्यसको कुनै हिसाब छैन,' जैनले भने।

उभिएको मूर्तिको फाउन्डेसनको कार्य सम्पन्न गर्न मात्र दुई वर्ष लागेको थियो। मूर्ति बाहिरी रंग सामान्य जस्तो देखिए पनि घाम र पानीबाट बचाउन जिङक कोडेट गरेपछि तामालाई स्प्रे गरेर लगाइएको छ। रंग लगाउन मात्र ६ हजार केजी तामा र जिंक लागेको जैन हिलटेक ट्यांकीका मालिक जैनले जानकारी दिए। ७५ रोपनीभन्दा बढी क्षेत्रफलमा निर्माण भएको यो मूर्तिलाई भूकम्प र हावाबाट हुन सक्ने क्षति रोक्न नेपाल र भारतका दक्ष इन्जिनियरहरूले विशेष सावधानीका साथ निर्माण गराएका छन्।

'म र मेरो परिवारका सदस्यले व्यापारलाई भन्दा बढी मूर्ति निर्माणमा चासो देखाउँदै आफ्नो व्यक्तिगत जीवनको समेत पर्वाह नगरी बिहानदेखि रातिसम्म साँगाको डाँडामा बितायौं,' जैनले भने- 'शिवको अग्लो मूर्ति बनाएर नेपाललाई चिनाउने मेरो सपना पूरा भएको छ।' नागरिक उड्डयन तथा पर्यटन मन्त्री शरदसिंह भण्डारीले यो मूर्तिका कारण नेपालमा पर्यटकीय स्थल थपिएको बताए। 'संसारकै सबैभन्दा ठूलो मूर्ति नेपालमा बनेको छ,' मन्त्री भण्डारीले भने- 'यसले देश-विदेशमा हिन्दुधर्मप्रति आस्था राख्नेहरू गौरवान्वित हुनेछन् भने नेपालमै धार्मिक पर्यटक बढ्ने कुरामा दुविधा छैन।'

मन्दिर क्षेत्रलाई मारकाट निषेधित र साकाहारी क्षेत्र घोषणा गरिएको छ। त्यस्तै धूमपान र मदिरा सेवनसमेत निषेध गरिएको जैनले जानकारी दिए। 'महादेवको मूर्ति बनाउने कार्य मेरो एक्लो प्रयास भए पनि यो कार्यमा व्यापारको कुनै सम्बन्ध छैन,' उनले भने- 'मन्दिर परिसरको सरसफाइ एवं फलफूल गोडमेलमा थप लगानी गर्नु नपरोस् भनेर थोरै शुल्क उठाउनेछु।' उनले मन्दिर प्रवेशका लागि २० रुपैयाँ शुल्क उठाउने निर्णय भए पनि केही दिनका लागि यो कार्य पनि बन्द गरिएको छ।

मन्दिरसँगैको क्षेत्रमा नेचर केयर अस्पताल निर्माण गरिएको छ। ३२ शय्याको उक्त अस्पतालमा थेरापी, योग, मेडिटेसन, कोलन थेरापी, मड थेरापी, ज्याकुजी, स्टिम इन्फारेज सौना, अक्युप्रेसर आदि सेवा उपलब्ध हुने जैनले जानकारी दिए। शिव मूर्तिका कारण थप पर्यटक भित्र्याउन सकिने मन्त्री भण्डारीले बताए। उनले एकल लगानीमा मूर्ति निर्माण गरेर मुलुकको इज्जत बढाएको भन्दै कमल जैनको खुलेर प्रशंसा गरेका छन्।

एक हातमा त्रिशूल र अर्कोमा डमरु बोकेको शिवको मूर्तिमा सिमेन्ट र फलामको छड प्रयोग गरिएको छ। सरकारले पर्यटन वर्ष-२०११ मनाउने तयारी गरिरहेको बेला निजी लगानीमा निर्माण भएको शिवको मूर्तिले चित्तपोल पनि पर्यटकीय स्थानका रूपमा चिनिने पक्का छ। यहाँबाट राजधानीको अधिकांश क्षेत्रको



अवलोकन गर्न सकिन्छ। डाँडाबाट राजधानी पूर्वजाने र भित्रिने सवारी साधन गुडेको मनोरम दृश्य देखिन्छ।

७५ रोपनी जग्गामा मूर्तिलगायत २४ कोठामा ३२ शैय्याको आयुर्बेदिक अस्पताल, बालबालिकालाई खेल्ने ठाउँ, बिरामी बस्ने चारवटा घर निर्माण गरिएका छन्। मूर्तिको काम सक्न १२ करोड रुपैयाँभन्दा बढी खर्च भएको जैनले जानकारी दिए। भक्तपुरको नलिन्चोक-चित्तपोल गाविस भवन हुँदै तीन किलोमिटरको यात्रा पछि मूर्ति भएको स्थानमा पुग्न सकिन्छ भने भक्तपुर र काभ्रेको सिमाना साँगाबाट १० मिनेटको पैदल यात्राबाट त्यहाँ पुगिन्छ।

मन्दिर क्षेत्रलाई मारकाट निषेधित र साकाहारी क्षेत्र घोषणा गरिएको छ। त्यस्तै धूमपान र मदिरा सेवनसमेत निषेध गरिएको जैनले जानकारी दिए। 'महादेवको मूर्ति बनाउने कार्य मेरो एक्लो प्रयास भए पनि यो कार्यमा व्यापारको कुनै सम्बन्ध छैन,' उनले भने- 'मन्दिर परिसरको सरसफाइ एवं फलफूल गोडमेलमा थप लगानी गर्नु नपरोस् भनेर थोरै शुल्क उठाउनेछु।' उनले मन्दिर प्रवेशका लागि २० रुपैयाँ शुल्क उठाउने निर्णय भए पनि केही दिनका लागि यो कार्य पनि बन्द गरिएको छ।

# साप्ताहिक भर्जिन मोबाइल विश्वकप क्विज सम्पन्न

**साप्ताहिक समाचार**

काठमाडौं- साप्ताहिक र भर्जिन मोबाइल कम्पनीले संयुक्त रूपमा आयोजना गरेको 'विश्वकप फुटबल क्विज' को बम्पर पुरस्कार वसन्त चालिसेले जितेका छन्।

काठमाडौं गागलफेदीका चालिसेले यो विश्वकप कसले जित्छ भन्ने प्रश्नको सही जवाफ (स्पेन) मिलाएर यो पुरस्कार जितेका हुन्। उक्त बम्पर पुरस्कारका लागि प्राप्त २ हजार ४ सय ४५ प्रतियोगी मध्येबाट सही जवाफ पठाउने चालिसे गोलाप्रथामार्फत विजयी भएका हुन्। यसैगरी यसअघि सोधिएको १९ औं विश्वकपको उद्घाटन खेल कुन-कुन राष्ट्रबीच भएको थियो भन्ने प्रश्नमा दक्षिण अफ्रिकाविरुद्ध मेक्सिको भनेर ८ सय ३० प्रतियोगीले सही जवाफ दिएका थिए। सही उत्तर पठाउने प्रतियोगीहरूबीच गोला गर्दा काँडाघारी, गोठाटारकी सुमित्रा कार्की सिलवाल विजयी भएकी छिन्।

विश्वकप-२०१० को सर्वाधिक गोल अन्तर भएको प्रतियोगिता कुन हो भन्ने प्रश्नमा पोर्चुगलविरुद्ध उत्तर कोरिया (७-०) सही उत्तर दिएर सुनवल-१, नवलपरासीका यमबहादुर थापा विजयी भए। यो प्रश्नको सही उत्तर ९ सय ८७ जनाले दिएका थिए। यसैगरी सर्वाधिक विश्वकप जित्ने राष्ट्र कुन हो भन्ने प्रश्नमा ब्राजिल भनेर ९ सय ३७ जनाले सही जवाफ पठाएका थिए। उक्त प्रश्नको सही उत्तर दिने प्रतियोगीहरूबीच गोला गर्दा विष्णु टेक्सटाइल, बालाजु औद्योगिक क्षेत्रका राम श्रेष्ठ दास विजयी भएका छन्।

यो विश्वकपमा डेभिड भिल्लाले कति गोल गरे भन्ने प्रश्नमा ५ गोल भनेर १ हजार २ सय पाठकले सही जवाफ पठाएका थिए। जसमा गोला गर्दा किवाचोर, भक्तपुरका नवीन श्रेष्ठ विजयी भए। विजयी पाठकहरूलाई साप्ताहिक तथा भर्जिन मोबाइल कम्पनीले एक कार्यक्रमको आयोजना गरेर पुरस्कार वितरण गर्नेछ।

Language & Computer
Software, Hardware and Networking
Language: Special & package Programs
English, Japanese, French, German,
Korean, Hibrew, Chinese, Spanish, Italian.
TOEFL / IELTS / VISA/JOB INTERVIEW PRE. CLASSES
Computer Curses: Basic, Office, Web, Graphics,
Programming Accounting Package
Osish Language & Computer Center (OLC)
New Baneshwor (Opp. New Baneshwor Dept. store) Tel: 4785226 | New Baneshwor (Opp. BICC water Tank) Tel: 4483414 | Adwait Marg (Bagbazar) Tel: 4232866 | Lagankhel (Bus Park) Tel: 5004018

मोबाईल तालिम
(मोबाईल फोन Chinese मोबाईलको सफ्टवेयर गराईन्छ)
रेडियो क्यासेट DVD, VCD, TV
कम्प्यूटर हार्डवेयर, सफ्टवेयर
एसी/फ्रिज
हाउसवायरिङ्ग
मोटरवाईण्डिङ्ग
Guarantee
लोडसेडिङ्ग नो प्रोब्लम
१४ वर्ष पुरानो
Job को लागि सहयोग
तालिमको लागि सम्पर्क:
राज ईलेक्ट्रोनिक्स
शिव दर्शन हल अगाडी
नयाँ बानेश्वर फोन: ४४९५५८१
कालिमाटी ०१-६२२४७९८
नोट: विदेश जानेलाई विशेष कोर्ष

ब्यूटीसियन तालिममा नि : शुल्क भर्ना खुल्यो
बिगत १४ बर्षदेखि देशभर १३ वटा शाखाहरुबाट बिदेशमा तालिम लिएका बरिष्ठ ब्युटिसियनहरुद्धारा आधुनिक र अन्तराष्ट्रियस्तरको कोर्षमा, Basic, Advance, Diploma, Beautician Teachers Training, Hair Dressing / Special Short Course र अन्य विविध कोर्षका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो।
* * * * * * * * * * * * * * * * * * * *
नोट : यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप, तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष संचालन भईरहेका छन्।
ITC प्रशिक्षण केन्द्र : बुटवल ०७१-५४१४६९, जावलाखेल चोक २०८२६४१, नारायणगढ ०५६-५७२१४४, पोखरा ०६१-६२२०९५, नयाँबानेश्वर २०४२६५२, डिल्लीबजार हुलाक अगाडी ४४१३९५८, कोटेश्वरचोक २०८१६७०, कलंकीचोक २१९०२१८, ठमेल चोक २१९०८००, गोंगबुचोक २०८११०९, चावहिल चोक ४४९३३६१, लगनखेल बसपार्क २१२२४४८, बागलुङ्ग ०६८-५२२७१०

रोजगारीमूलक तालिम
१५ वर्षदेखि निरन्तर...
नेपालको नं. 1 Study Center
(CTEVT द्वारा सम्बन्धनप्राप्त)
फोटोग्राफी
VISUAL EDITING & ANIMATION
Digital कलर ल्याब
भिडियोग्राफी
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९, ९८४१-३२२७७७

Drive Your Career in 5 star Hotel
Internship & Job Opportunities
ADMISSION OPEN
Advance Level Courses Details
2 Years Hotel Management
18 Months F & B Management
1 Years Kitchen Management
6 Months Advance Cook/Bartender
5 Months Advance Bakery/Pastry
Basic Level Courses
Cook/Waiter/Bar/Front Office/ Housekeeping
Global Institute of Hotel Mgmt & Tourism Technical Center P. Ltd
☎ 4484098, 2134544
नयाँबानेश्वर मिनभवन शान्तिनगर गेट संगै

खुम्जुङ होटेल तालिम बागबजारमा
सम्पूर्ण होटल तालीममा धमाधम भर्ना
कुक सिक्नेका लागि वेटर, हाउसकिपीङ्ग, वेकरी English languges सित्तैमा (कुनै दुई वटा वेटर सिक्नेका लागि English languges फ्री पुस्तकालयको ब्यबस्था, दक्ष अनुभवि शिक्षकद्धारा आफ्नै होटलमा सम्पूर्ण तालीम दिइने वार टेन्डर सिक्नेकालागि वेटर सित्तैमा वैदेशिक रोजगारको पनि ब्यवस्था
Hotel Khumjung Pvt. Ltd.
बागबजार शाखा: रत्नपार्कबाट बागबजार छिर्दा पिके कलेजको पर्खाल छुने वितिक्कै दाहिने पट्टीको सुन पसलबाट भित्र छिर्ने यति प्लाजा भित्र IBM College को तेश्रो तल्लामा (लिफ्टको पनि सुविधा छ।)
4240199, 016226791, 9841578724

Worldwide Valid Certificate
होटल तालिम
१००% रोजगारीको ग्यारेन्टीका साथ छैठौ वर्ष पुगेको अवसरमा विशेष छुट।
कुक १ ½ महिना रू. ३०००/-
कुक ३ महिना रू. ४०००/-
वेटर र बारमेन रू. १३००/-
१. थप तालिमको लागि 5 Star होटलमा पठाईने।
२. 5 Star होटलका सेफद्वारा तालिम दिईने।
३. तालिम पछि दुवई, बहराईन, कतार पठाईने।
माउण्टेन होटल ट्रेनिङ्ग सेन्टर
बसुन्धरा चौकी अगाडि रिङ्गरोड संगै
Ph:016212336,9841812055

होटल तथा पर्यटन तालिम
* Tour and Travel Mgmt.
* Tour Operation
* Airlines Ticketing (Manual, Amadeus, Abacus & Galileo)
* Hotel Management
* F & B Management
* Cook
* Front Office
* Bartender
* Housekeeping
* Waiter
* Bakery
* Coffee Making
11th Year of Establishment
South Asia Tourism HRD Program based training
Compare our quality with the others
साङ्ग्रीला पर्यटन तथा होटल तालिम केन्द्र प्रा. लि.
नयाँ बानेश्वर चोक, BICC को पछिल्तर
www.shangrilatraining.com.np
☎ 4472553/4475113
Affiliated to CTEVT
Associates HAN REBAN ATHTIN

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित। अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल**।